# **प्रेम प्रधानका उपन्यासहरूको यौनमनोविश्लेषणात्मक अध्ययन**

सपन प्रधान

नेपाली विभाग
भाषा तथा साहित्य सङ्काय
सिक्किम विश्वविद्यालय

सिक्किम विश्वविद्यालयको भाषा तथा साहित्य सङ्कायअन्तर्गत नेपाली विषयका

पाठ्यक्रममा रहेको एमफिल परीक्षाको

आंशिक परिपूर्तिका लागि प्रस्तुत

लघुशोधप्रबन्ध

फरवरी २०१५

# प्रेम प्रधानका उपन्यासहरूको यौनमनोविश्लेषणात्मक अध्ययन

सिक्किम विश्वविद्यालयको भाषा तथा साहित्य सङ्कायअन्तर्गत नेपाली विषयका

पाठ्यक्रममा रहेको एमफिल परीक्षाको

आंशिक परिपूर्तिका लागि प्रस्तुत

लघु-शोधप्रबन्ध


शोध निर्देशक

**प्रो. डा. प्रतापचन्द्र प्रधान**

नेपाली विभाग

भाषा तथा साहित्य सङ्काय

सिक्किम विश्वविद्यालय

शोधार्थी

**सपन प्रधान**

एमफिल 13MPNP07

नेपाली विभाग

सिक्किम विश्वविद्यालय


फरवरी २०१५

फरवरी २०१५

प्रधान सपन

सिक्किम विश्वविद्यालयको भाषा तथा साहित्य सङ्कायअन्तर्गत नेपाली विषयका

पाठ्यक्रममा रहेको एमफिल परीक्षाको

आंशिक परिपूर्तिका लागि प्रस्तुत

लघुशोधप्रबन्ध

# प्रतिवद्धतापत्र

सिक्किम विश्वविद्यालयको भाषा तथा साहित्य सङ्कायअन्तर्गत नेपाली विभागमा एमफिल उपाधिका लागि प्रस्तुत उपन्यासकार *प्रेम प्रधानका उपन्यासहरूको यौनमनोविश्लेषणात्मक अध्ययन* शीर्षक यो लघुशोध मैले शोधनिर्देशक प्रो.प्रतापचन्द्र प्रधानको निर्देशनमा रहेर सम्पन्न गरेको पूर्णतः मौलिक शोधकार्य हो । मैले यो लघुशोधप्रबन्ध लेखनको क्रममा विभिन्न स्रोतबाट सामग्री सङ्कलन गरी तिनको उपयोग गरेको छु र त्यसप्रति कृतज्ञ पनि छु । यस लघुशोधप्रबन्धको समष्टि निष्कर्षलाई मैले यसअघि कुनै पनि उपाधि अथवा अन्य प्रयोजनका लागि प्रस्तुत गरेको छुइनँ । यस लघुशोधप्रबन्धको कुनै पनि अंश/ पाठ पुस्तक वा पुस्तकको अंशको रूपमा प्रकाशित गरे/गराएको छुइनँ । मैले यहाँ प्रस्तुत गरेका यी प्रतिवद्धता विरुद्ध कुनै प्रमाण भेटिएमा त्यसप्रति म उत्तरदायी हुनेछु भनी यो प्रतिवद्धता जाहेर गर्दछु ।

शोधार्थी

सपन प्रधान

नेपाली विभाग

भाषा तथा साहित्य सङ्काय

सिक्किम विश्वविद्यालय

forwarded

18/02/2015

Professor
Department of Nepali
Sikkim University

दिनाङ्क ........................

Kabita Lama

19.02.2015

विभागीय प्रमुख

अध्यक्ष
Head
नेपाली विभाग
Department of Nepali
सिक्किम विश्वविद्यालय
Sikkim University

SIKKIM UNIVERSITY
[A Central University established by an Act of Parliament of India, 2007]
**DEPARTMENT OF NEPALI**
SCHOOL OF LINGUISTICS & LANGUAGES

*f. (Dr) Pratap Chandra Pradhan*

**शोधनिर्देशकको अग्रसारन**

*प्रेम प्रधानका उपन्यासहरूको यौनमनाविश्लेपणात्मक अध्ययन* शीर्षकमा शोधार्थी सपन प्रधानले मेरो सुपरिवेक्षणमा भारतीय नेपाली उपन्यासका स्रष्टा प्रेम प्रधानका उपन्यास *उदासीन रूखहरू (सन् १९९९)* र *प्रयोगको मेसिन (सन् २००१)* पूर्वको भारतीय नेपाली उपन्यासपरम्परालाई र उनका दुई उपन्यास कृतिहरूमा प्रयुक्त फ्रायडीय यौनमनोविश्लेपणवादी प्रवृत्तिसम्वद्ध अध्ययनलाई समेटेर विश्लेषण र मूल्याङ्कन गरी एम. फिल तहको यो लघुशोधप्रवन्ध परिश्रमपूर्वक पूरा गर्नु भएको छ । भारतीय नेपाली उपन्यासको सघन अध्ययनका क्षेत्रमा एक थप उपलब्धिका रूपमा यो लघुशोधप्रबन्ध पनि एउटा शृङ्खला बन्न पुगेको छ । यसर्थ म यस लघुशोधप्रबन्धको आवश्यक मूल्याङ्कनका लागि नेपाली विभागसमक्ष अनुरोधका साथ अग्रसन गर्दछु ।

प्रतापचन्द्र प्रधान

Professor
Department of Nepali
Sikkim University

## प्रस्तावना

सिक्किम विश्वविद्यालयको भाषा तथा साहित्य सङ्कायअन्तर्गत नेपाली विषयका पाठ्यक्रममा रहेको एम .फिल परीक्षाको आंशिक परिपूर्तिका *लागि प्रेम प्रधानका उपन्यासहरूको यौनमनोविश्लेषणात्मक अध्ययन* शीर्षकमाथि प्रस्तुत लघुशोधप्रबन्ध तयार गरिएको हो। प्रस्तुत लघुशोधप्रबन्धमा प्रेम प्रधानका उपन्यासहरूमा पाइने फ्रायडीय यौनमनोविश्लेषणलाई अध्ययन गर्ने चेष्टा गरिएको छ। साथै भारतीय नेपाली उपन्यासपरम्पराको साङ्गोपाङ्गो अध्ययन गरी सर्जक प्रेम प्रधानलाई भारतीय नेपाली उपन्यासपरम्पराअन्तर्गत स्थान निर्धारित गरिएको छ। मूलतः प्रेम प्रधानको सिर्जनात्मक लेखनमाथि मौलिकता नरहेको आक्षेपहरू पनि उठेको हुँदा त्यस आरोपलाई सकेसम्म वैज्ञानिक ढङ्गले सत्यापित गर्ने प्रयास यस लघुशोधप्रबन्धको उद्देश्य रहेको छ। उपर्युक्त आधारभूत तथ्यहरूमाथि शोधको प्रस्तावित विषयभित्र नै केन्द्रित रही चर्चा गर्ने कोशिष गरिएको छ।

प्रेम प्रधानका उपन्यासहरूमा पाइने फ्रायडीय यौनमनोविश्लेषणलाई हेर्दा उनका उपन्यासहरू प्रस्तावित शोध विषयअनुकूल उपयुक्त देखिन्छ।

## कृतज्ञता ज्ञापन

प्रस्तुत लघुशोधप्रबन्धको तयारी गर्नमा शोध निर्देशक प्रो. प्रतापचन्द्र प्रधानका समुचित निर्देशन तथा सुझाव र हार्दिक सहयोग पाएकाले यस लघुशोधप्रबन्धले पूर्णता प्राप्त गर्न सक्षम भएको हो। उहाँप्रति कृतज्ञता प्रकट गर्दछु। त्यसरी नै यस लधुशोध कार्यका लागि यथा सामग्री प्राप्त गराइदिई सहयोग गर्नुहुने शोधनायक प्रेम प्रधानप्रति पनि आभार प्रकट गर्छु। यसैक्रममा लघुशोध कार्यका लागि नै चुनौतीस्वरूप खडा हुन आएको प्रस्तावित विषयसम्बन्धित मौलिकताको प्रश्नको समाधानार्थ समालोचक वीर्खबहादुर खडका डुवर्सेलीले दिनुभएको उचित परामर्श र सहयोगका निम्ति उहाँलाई

आभार प्रकट गर्दछु । यस लघुशोधप्रबन्धको तयारीक्रममा स्वस्थ सल्लाह र सुझाव प्रदान गर्नुहुने उत्तर बङ्ग विश्वविद्यालयका गुरुहरू प्रो. मोहन पी. दाहाल, प्रो. घनश्याम नेपाल, डा. पुष्कर पराजुली, डा. कृष्णराज घतानी, प्रा. नरेशचन्द्र खातीप्रति कृतज्ञ छु । मेरो शोधकार्यसँग सम्वद्ध शोधसामग्री जुटाइदिनुहुने मेरा प्रिय गुरुवर सा. प्रा. कवीर वस्नेतलाई पनि आभार प्रकट गर्छु । मलाई सदैव प्रोत्साहित गराउनुहुने मेरा अग्रजहरू सा. प्रा. वासुदेव पुलामी, डा. योगेश पन्थ, सदीप प्रधान, ज्ञानेन्द्र सुब्बा, पारसमणि दङ्गाल, सुमन बान्तवा, दिनेश खडका, दिदी मीना प्रधान, मित्र प्रकाश राई आदिलाई पनि सम्झना गर्न चाहन्छु । मेरा विभागीय सम्पूर्ण मित्रहरूमा पनि उहाँहरूका सहयोगका लागि आभारी छु ।

अन्तमा मलाई एम.फिल शोधकार्यका लागि योग्य ठानी शोधार्थीको रूपमा छनौट गर्ने सिक्किम विश्वविद्यालय र मेरा विभागीय सम्पूर्ण गुरुहरू डा. कविता लामा, डा. पुष्पा शर्मा, सा. प्रा. बलराम पाण्डे, सा. प्रा. डा. समर सिंहा, सा. प्रा. देवचन्द्र सुब्बा जसबाट मैले  धेरै सिक्न र जान्न पाएँ उहाँहरूप्रति नमन व्यक्त गर्दै कृतज्ञता प्रकट गर्दछु ।

शोधार्थी

**संक्षेपीकृत शब्दरूप**

१. अनु. = अनुवाद

२. एम.एस्सी = मास्टर अफ् साइन्स्

३. दो. सं = दोस्रो संस्करण

४. पी. = प्रसाद

५. प्रा.लि. = प्राइभेट लिमिटेट

६. पृ. = पृष्ट

७. बी. एस्सी = बेचलर अफ् साइन्स्

८. वि.सं. = विक्रमी सम्वत्

९. सम्पा. = सम्पादक

१०. सा.सं = सातौं संस्करण

११. सा. प्र. = साहयक प्राध्यपक

१२. सं. = सङ्ख्या

**१ प्रेम प्रधानका उपन्यासहरूमाथि पुस्तकाकार कृतिमा समाविष्ट पूर्वकार्यहरूको तालिकागत विवरण**

तालिका सङ्ख्या १

| क्रम सं | लेख समीक्षा | लेखक | पुस्तक | प्रकाशन स्थान | प्रकाशक | प्रकाशन काल |
|---|---|---|---|---|---|---|
| १. | फ्रायडीय यौनमनोविश्लेषणात्मक समालोचना पद्धतिको कसीमा उदासीन रूखहरू | प्रतापचन्द्र प्रधान | सन्दर्भ: उपन्यास | काठमाडौँ | आदि प्रकाशन | वि.सं २०६२ |
| २. | मनोविश्लेषणात्मक औपन्यासिक कृति उदासीन रूखहरू | शरद् छेत्री | केही पृष्ठहरू अध्ययनका | सिक्किम | निर्माण प्रकाशन | सन् २००६ |

**२. प्रेम प्रधानका उपन्यासहरूमाथि विभिन्न पत्र-पत्रिकामा प्रकाशित पूर्वकार्यहरूको तालिकागत विवरण**

तालिका सङ्ख्या २

| क्रम सं | लेखक | लेख शीर्षक | पत्रिका | प्रकाशन वर्ष |
|---|---|---|---|---|
| १. | शिव प्रधान | विश्लेषणको कसीमा 'उदासीन रूखहरू' | हिमालय दर्पण | ८ सेप्टेम्बर २००२ |
| २. | उदय थुलुङ | उपन्यास 'उदासीन रूखहरू 'को आधारभूमि | सुनचरी | १० नोभेम्बर २००२ |
| ३. | अर्जुन प्रधान | प्रेम प्रधानको उपन्यास 'उदासीन रूखहरू' को छेलमा | सुनचरी | १२ जुलाई २००३ |
| ४. | जीवन लावर | प्रेम प्रधान : एक परिचय | सुनचरी | १९ फरवरी २००३ |

## विषयसूची


पृष्ठ- i- viii

शोधनिर्देशकको अग्रसारन

प्रतिवद्धतापत्र

प्रस्तावना तथा कृतज्ञता क्षापन

संक्षेपीकृत शब्दरूप

तालिकासूची

**पहिलो अध्याय** **पृष्ठ-१-११**

१. शोधपरिचय

१.१ शोध विषयको परिचय

१.१ शोधशीर्षक र त्यसको परिचय

१.१.१ शोधशीर्षक

१.१.२ शोधशीर्षकको परिचय

१.२ शोधको समस्याकथन

१.३ शोधको उद्देश्यकथन

१.४ प्रेम प्रधानका उपन्यासहरूमाथिका पूर्वकार्यको विवरण र समीक्षा

१.४. १ तालिका सङ्ख्या १ मा प्रस्तुत पूर्वकार्यहरूको समीक्षा

१.४.२ तालिका सङ्ख्या २ मा प्रस्तुत पूर्वकार्यहरूको समीक्षा

१.४.३ तालिका सङ्ख्या ३ मा प्रस्तुत पूर्वकार्यहरूको समीक्षा

१.४.४ तालिका सङ्ख्या ४ मा प्रस्तुत पूर्वकार्यहरूको समीक्षा

१. ५ शोधको औचित्य र महत्त्व

१.६ शोधकार्यको सीमाङ्कन

१.७ शोधविधि

१.७.१ सामग्री सङ्कलनविधि

१. ७.२ शोधका सैद्धान्तिक आधार र ढाँचा

१.८ शोधप्रबन्धको अध्याय विभाजन

**दोस्रो अध्याय** **पृष्ठ-१२-३६**

## पहिलो अध्याय

# शोधपरिचय

### १.१ शोध विषयको परिचय

प्रस्तुत लघुशोधप्रबन्ध *उपन्यासकार प्रेम प्रधानका उपन्यासहरूको यौनमनोविश्लेषणात्मक अध्ययन* शीर्षकमा गरिने शोधकार्यका लागि तयार गरिएको हो । यसअन्तर्गत शोधशीर्षक, शोध समस्याकथन, शोधको उद्देश्यकथन, पूर्वकार्यको सर्वेक्षण, शोधकार्यको आवश्यकता र औचित्य, सैद्धान्तिक रूप जस्तै, यौनमनोविज्ञानको परिचय, उपन्यासकार प्रेम प्रधानको परिचय, शोधको क्षेत्र र सीमा, शोधविधि, शोध सामग्रीस्रोत, समयावधि, शोधप्रबन्धको रूपरेखा र सन्दर्भग्रन्थ नमूना सूची आदि विषयमा विभाजन गरेर तयार गरिनेछ ।

### १.१ शोधशीर्षक र त्यसको परिचय

यस शोधकार्यको शीर्षक र त्यसको परिचयलाई निम्नलिखित रूपमा प्रस्तुत गरिएको छ ।

#### *१.१.१ शोधशीर्षक*

प्रस्तुत शोधकार्यको शीर्षक *उपन्यासकार प्रेम प्रधानका उपन्यासहरूको यौन मनोविश्लेषणात्मक अध्ययन* हो ।

#### *१.१.२ शोधशीर्षकको परिचय*

यौनवृत्ति मानव जीवनको महत्त्वपूर्ण पक्ष हो । यसबारेमा नौलानौला अध्ययनहरू प्रस्तुत गर्दै मानिसको मनका विभिन्न तहहरूको अध्ययन र विश्लेषण गर्नु सँगै साहित्यमा नवीन आयामहरू थप्दै जानु हरेक प्रतिभाशाली लेखकको काम हो ।[1]

नेपाली उपन्याससाहित्यमा पनि नेपाली जीवनका धेरै पक्षहरूलाई लिएर सूक्ष्म र कलात्मक ढङ्गले मनोवैज्ञानिक रूपमा अध्ययन गरी उपन्यासहरू लेखिँदै आइरहेका छन् । तर समकालीन भारतीय नेपाली उपन्यासजगत्मा भने मनोविश्लेषणको क्षेत्रलाई सचेत रूपमा अङ्गालेर कलम चलाउनेहरू थोरै छन् । तीमध्ये प्रेम प्रधान फ्रायडीय यौनमनोविश्लेषणलाई आधार बनाई उपन्यास लेख्नेहरूमा एकजना सचेत स्रष्टा हुन् । उनका प्रकाशित दुईवटा औपन्यासिक कृतिहरू – *उदासीन रूखहरू (सन् १९९९)* र *प्रयोगको मेसिन (सन् २००९)* लाई यौनमनोवैज्ञानिक विश्लेषण प्रक्रियाका आधारमा अध्ययन र विश्लेषण गर्नु प्रस्तुत शोधकार्यको मूल शोधविषय बनेको छ ।

### १.२ शोधको समस्याकथन

प्रस्तुत शोधकार्यका शोध समस्याहरू निम्नलिखित प्रकारका छन्-

क. यौनमनोविज्ञान भनेको के हो र साहित्यमा यौनमनोविश्लेषणको निरूपण के कस्तो रूपमा भएको छ ?

ख. उपन्यासकार प्रेम प्रधानपूर्व र परवर्तीकालमा भारतीय नेपाली उपन्यासपरम्परामा यौनमनोविश्लेषणको प्रयोग के कसरी भएको छ ?

ग. प्रेम प्रधानका औपन्यासिक कृतिहरूमा यौनमनोविश्लेषण कुन ढङ्गमा प्रस्तुत भएको छ ?

---

[1] तारानाथ शर्मा, "आधुनिक नेपाली कथा र यौनवृत्ति", कृष्णचन्द्रसिंह प्रधान, (सम्पा.), *साझा समालोचना*, पाँचौं सं. (काठमाडौँ: साझा प्रकाशन), *पृ. ४०१ ।*

घ. प्रेम प्रधानको उपन्यासकारितामा आरोपित मौलिकताको प्रश्नको समाधान के हुन सक्लान् ?

माथिका यिनै प्रश्नहरू प्रस्तुत शोधकार्यका मुख्य मुख्य शोध समस्याहरू हुन् ।

**१.३ शोधको उद्देश्यकथन**

माथि उल्लेखित शोधका प्राज्ञिक समस्याहरूको समाधानार्थ निम्नलिखित उद्देश्यहरूको प्राप्तिका लागि प्रस्तुत शोधकार्य केन्द्रित रहेको छ –

क. यौनमनोविज्ञानको सैद्धान्तिक आधारमा साहित्यमा यसको प्रयोगको स्थितिलाई सत्यापन गरी स्पष्ट पार्नु ।

ख. उपन्यासकार प्रेम प्रधानपूर्व र परवर्तीकालमा भारतीय नेपाली उपन्यासपरम्परामा यौनमनोविश्लेषणका मुख्य आधार र स्थितिको सर्वेक्षण गर्नु ।

ग. उपन्यासकार प्रेम प्रधानको औपन्यासिक कृतिहरूमा यौनमनोविश्लेषणको प्रविधिगत निरूपण के कसरी भएको छ भन्ने प्राज्ञिक समस्यामा केन्द्रित त्यसको विश्लेषण र सामान्यीकरण गरी निष्कर्ष प्राप्त गर्नु ।

घ. प्रेम प्रधानको उपन्यासकारितामा आरोपित मौलिकताको प्रश्नको समाधान गरी अन्तिम निष्कर्षमा पुग्नु ।

**१.४ प्रेम प्रधानका उपन्यासहरूमाथिकापूर्वकार्यको विवरण र समीक्षा**

भारतीय नेपाली साहित्यको व्यापक भूगोलअन्तर्गत दार्जीलिङका प्रतिभा प्रेम प्रधानको लगभग ४५ वर्षसम्मको साहित्यिक यात्राक्रममा फुटकर एवम् पुस्तकाकार कृतिहरू प्रशस्त देखा परिसकेका छन् । उनले साहित्यका विविध विधा हरू जस्तै कथा, कविता, उपन्यास, समालोचना,

निबन्ध आदिमा कलम चलाएको भए पनि उपन्यास विधा उनको लेखनको उर्वर विधा हो । यही विधामा उनी साहित्य अकादमीजस्ता राष्ट्रिय गरिमामय पुरस्कारले पनि सम्मानित भइसकेका छन् ।

परम्परावादी उपन्यासलेखनदेखि केही अलक रही उनले केही नौलो शैली, शिल्प र प्रवृत्ति प्रयोग गरी उपन्यास लेख्न थालेका हुन् । यस सम्बन्धमा उनका दुईवटा उपन्यासहरू – *१. उदासीन रूखहरू, २. प्रयोगको मेसिन* फ्रायडीय यौनमनोविश्लेषणपरक उपन्यासको रूपमा प्रसिद्ध छन् । उनका उपन्यासकार व्यक्तित्व र उपन्यासकारितामाथि विभिन्न विद्वान् समालोचकहरूले लेखेका फुटकर समालोचना, पुस्तकसम्बन्धी भूमिका एवम् शोधपरक कृतिहरूलाई प्रस्तुत शोधकार्यको पूर्वकार्यका रूपमा स्वीकार गरी तिनका विवरण र समीक्षा तल प्रस्तुत गरिएको छ ।

*१.४.१ तालिका सङ्ख्या १ मा प्रस्तुत पूर्वकार्यहरूको समीक्षा*

माथिको तालिकाको प्रस्तुत सङ्ख्या १ मा समालोचक प्रतापचन्द्र प्रधानले *उदासीन रूखहरू* उपन्यासका पात्रहरूको चारित्रिक विश्लेषणको सन्दर्भमा मुख्यतः फ्रायडीय यौनमनोविश्लेषण पद्धतिलाई नै कृति समालोचनाको कसीको रूपमा लिएका छन् । फ्रायडीय यौनमनोविश्लेषणका आधारमा मान्छेका मनका तीन तहलाई औंलाउँदै अचेतन मनबाट प्रकट हुने मानव यौनचेतनालाई फ्रायडीय यौनमनोविश्लेषणको कसीबाट हेरी *उदासीन रूखहरू*का पात्रहरूको चरित्रमा कसरी अचेतन मनभित्रका अतृप्त यौनेच्छाहरू प्रकट भएका छन् भन्ने कुरालाई देखाएका छन् ।

यसै गरी माथिको तालिकामा प्रस्तुत सङ्ख्या २ मा समालोचक शरद् छेत्रीले फ्रायडीय मनोविज्ञान र अस्तित्ववादी मनोविश्लेषणको प्रवाहबाट नेपाली उपन्यासलाई सुहाउने तरङ्गहरू टिपेर प्रेम प्रधानले उपन्यास लेखेको उल्लेख गरेका छन् । उनले उपन्यासमा पात्रहरूको वैयक्तिक जीवन र मानसिक द्वन्द्वहरू नै विशेष प्रक्षित रहेको बताएका छन् ।

*१.४.२ तालिका सङ्ख्या २ मा प्रस्तुत पूर्वकार्यहरूको समीक्षा*

तालिका सङ्ख्या २ को सङ्ख्या १ मा शिव प्रधानले *उदासीन रूखहरू* उपन्यासलाई मनोविज्ञानमा आधारित उपन्यासको रूपमा उल्लेख गरेका छन् । पाश्चात्य जगत्का फ्रायड, एडलर, युङ्ग, सार्त्रे, सामु, काफ्का आदि अस्तित्ववादी मनोविश्लेषणका वैचारिक क्रान्तिलाई तटस्थ प्रभावको रूपमा आधार ग्रहण गर्दै उपन्यासमा मौलिकता प्रदान गरेको बताएका छन् । उपन्यासमा पात्रहरूको वैयक्तिक जीवन र मानसिक अनुराग विरक्तिलाई सविस्तार प्रस्तुत गरिएको कुरो पनि उल्लेख गरेका छन् ।

सङ्ख्या २ मा उदय थुलुङले उपन्यास *उदासीन रूखहरू* का वस्तुगत संरचनाले फ्रायडको यौनमनोविश्लेषण र अल्वेयर कामुको अस्तिवादलाई सूत्रात्मक ढङ्गमा प्रस्तुत गरेको उल्लेख गरेका छन् । उनका अध्ययनका अनुसार उपन्यासमा यौनमनोविश्लेषण र अस्तित्ववादलाई अत्यधिक रूपमा प्रयोग गरेको सन्दर्भलाई प्रस्तुत गरेका छन् । समीक्षक थुलुङले उपन्यासमा निहीत आंशिक कमजोर पक्षको खोजी पनि गरेका छन् । उनको भनाइमा पात्रहरूका वार्तालाप र अभिव्यक्ति शैलीमा अत्यधिक भावुकताका कारण वाक्यमा कृतिमता आएको उल्लेख गरेका छन् । यसबाहेक पनि पात्रहरूले आफू र आफूलाई अभिव्यक्ति गर्दा बारम्बार एकै किसिमका प्रतीक र बिम्बहरूका प्रयोगले कथानकमा मिठास हराउन सक्ने अनुभवलाई उपन्यासमा पाइने कमजोरीको रूपमा लिएका छन् , तापनि समीक्षक थुलुङले *उदासीन रूखहरू* उपन्यासलाई दार्जीलिङ भेकबाट फ्रायडीय मनोविश्लेषण र कामुको अस्तित्ववादलाई समर्पण गरी लेखिएको प्रथम कृति मानेका छन् ।

सङ्ख्या ३ मा समीक्षक अर्जुन प्रधानले *उदासीन रूखहरू* उपन्यासले पुराना परम्परालाई त्यागेर नयाँ परम्पराको सिलसिला सुरू गरी नव्यताको आग्रह प्रस्तुत गरेको उल्लेख गरेका छन् । उनका

भनाइमा पश्चिमेली चिन्तकहरू फ्रायड, युङ्ग, एडलर, सार्त्र, कामु आदिका मनोविश्लेषणवादी पद्धति तथा अस्तिवादी चिन्तनको केन्द्रीयतामा उपन्यास उभेका कारण तिनै चिन्तनधाराका विशेषता अनुरूप विवेचना गरिनुपर्ने बताएका छन् ।

सङ्ख्या ४ मा जीवन लावरले फ्रायडीय र अस्तिवादमाथि गहिरो अध्ययन गरी लेखिएको *उदासीन रूखहरू* उपन्यासमा मनोविश्लेषणात्मक र जीवनवादी धारा प्रवाहित भएको सन्दर्भको कुरा अघि सारेका छन् । उपन्यासकारले फ्रायडको यौनमनोविश्लेषणवादी दर्शनको आधारमा उपन्यासका चरित्रहरूलाई प्रयोग गरेको उल्लेख गरी पात्रका सामाजिक परिस्थितिजन्य यौनद्वेगका वर्णन मात्र नभएर यौन मानव मनका कुण्ठा, वितृष्णासँगै यौनविज्ञान एवम् रतिरागलाई प्रस्तुत गर्न सक्षम रहेको थप उल्लेख गरेका छन् ।

सङ्ख्या ५ मा राजीव शङ्कर श्रेष्ठले प्रेम प्रधानका प्रकाशित कृतिहरूका साङ्गोपाङ्गो अध्ययन गर्दै *उदासीन रूखहरू* उपन्यासमा पाश्चात्य विद्वान्हरूले मानेका औपन्यासिक तत्त्व कथावस्तु, पात्र, चरित्रचित्रण, कथापोकथन, देशकाल, शैली र उद्देश्यहरूका सम्पूर्णतालाई सन्तोषजनक निर्वाह् गरिएको उल्लेख गरेका छन् । साथै प्रेम प्रधानको दोस्रो उपन्यास *प्रयोगको मेसिन*मा केही मात्रमा फ्रायडेली यौनमनोविश्लेषण, नारीमुक्ति चेतना, विसङ्गति, निस्सारता र अस्तित्ववादको दर्शनलाई आत्मसात् गरिएकोबारे उपन्यासकारकै सम्बोधनलाई उद्धृत गरेका छन् ।

सङ्ख्या ६ मा दलसिंह अकेलाले *प्रयोगको मेसिन* उपन्यासलाई विज्ञान विषयक नेपाली गद्याख्यानको प्रयोग भएको उल्लेख गरेका छन् ।

सङ्ख्या ७ मा समीक्षक बिर्ख खडका ‘डुवर्सेली’ले भारतीय नेपाली प्रतिनिधि उपन्यासहरूमाथि प्रवृत्तिगत चर्चा गर्दै प्रेम प्रधानकृत *उदासीन रूखहरू* उपन्यासले औपन्यासिक संरचनामा देखापरेका यथार्थवादी, अतियथार्थवादी, प्रगतिवादी, स्वच्छन्दतावादी जस्ता प्रवृत्तिहरूको विकासक्रममा नयाँ

मोड ल्याएर फ्रायडको मनोविश्लेषणात्मक चिन्तनको फलक खडा गरेको उल्लेख गरेका छन् । मानवीय जैविक प्रक्रियाको विकासमा फ्रायडीय चिन्तनको भूमिकालाई महत्त्वपूर्ण एवम् प्रभावी मान्दै कामवृत्ति जीवनको प्रमुख शक्तिको रूपमा स्वीकार गर्नु नै उपन्यासकारको लक्ष्य रहेको समीक्षक खडकाको भनाइ पाइन्छ । उनका अनुसार आत्मपरक शैलीमा लेखिएको यस उपन्यासमा उपन्यासकारले फ्रायडले भित्र्याएको बद्लँदो चिन्तनको पहलुलाई मात्र व्याख्या नगरी पात्रका अवचेतन मनको अहम् एवम् द्वन्द्वको निराकरणको खोज पनि गरेको उल्लेख गरेका छन् ।

सङ्ख्या ८ मा समीक्षक वीणा हाङ्खिमले *प्रयोगको मेसिन* उपन्यासलाई वर्तमान नारीवादी धारणामा केन्द्रित रही त्यस सापेक्षमा हेरेका छन् । उनले उपन्यासमा अनेक विसङ्गतिहरूबाट उठेर जीवनमा नयाँ मूल्य र मान्यता खोज्ने मानसिकता बोकेका जुझारू नारीहरूको सङ्घर्ष देखाउने उपन्यासकारको लक्ष्यलाई प्रशंसा व्यक्त गरेकी छन् ।

*१.४.३ तालिका सङ्ख्या ३ मा प्रस्तुत पूर्वकार्यहरूको समीक्षा*

तालिका सङ्ख्या ३ को सङ्ख्या १ मा प्रस्तोता विनेश प्रधानले आफ्नो गोष्ठीपत्रमा उपन्यासको अर्थ र उद्भव, नेपाली उपन्यासको ऐतिहासिक विकासपरम्परालाई विभिन्न कालखण्ड र धाराहरूमा अध्ययन गरेका छन् । उनले दार्जीलिङका विशिष्ट आठवटा उपन्यासहरूको विस्तृत अध्ययन गर्दै *उदासीन रूखहरू* उपन्यासलाई यौनमनोवैज्ञानिक उपन्यासका रूपमा केलाएर हेरेका छन् ।

*१.४.४ तालिका सङ्ख्या ४ मा प्रस्तुत पूर्वकार्यको समीक्षा*

तालिका सङ्ख्या ४ को सङ्ख्या १ मा प्रस्तुत भूमिकामा लेखक जीवन नामदुङले *उदासीन रूखहरू* उपन्यासलाई यौनमनोवैज्ञानिक औपन्यासिक कृतिको रूपमा चिनाएका छन् । उनले उपन्यासभित्रका पात्रहरूको चारित्रिक विशेषतालाई फ्रायडीय दृष्टिकोणले हेर्दै अचेतg मनको प्रभावबाट निसृतः प्रस्तुतिको रूपमा उल्लेख गरेका छन् ।

सङ्ख्या २ मा प्रस्तुत प्रकाशकीयमा मधुसुदन विष्टले *उदासीन रूखहरू* लाई फ्रायडका मनोविश्लेषणात्मक सिद्धान्त र अस्तित्ववादी चिन्तनका सम्मिश्रण रहेको बताएका छन् । उनले उपन्यासमा सामाजिक भावना, समस्या र चिन्ताहरूलाई भन्दा मानिसको वैयक्तिक जीवन र मानसिक वृत्तिहरूलाई महत्त्व दिएको बताउँदै उपन्यास सरल, रोचक र वौद्धिक रहेको उल्लेख गरेका छन् ।

सङ्ख्या ३ मा शिव प्रधानले *उदासीन रूखहरू*को आवरण टिप्पणीमा प्रस्तुत उपन्यासलाई नेपाली साहित्यको आख्यानको एउटा चर्किलो उपलब्धिको रूपमा उल्लेख गरेका छन् । उनले सीमाविहीन नेपाली साहित्यको वक्षस्थलमा यस कृतिले बोकेको फ्रायडीय मनोविश्लेषण नै हाम्रा घरआँगनको यथार्थ, अस्तित्व र इतिहास रहेको उल्लेख गरेका छन् ।

सङ्ख्या ४ मा भूमिकाकार मोहन पी.दाहालले *प्रयोगको मेसिन* उपन्यासलाई प्रेम प्रधानका पूर्वकृति *उदासीन रूखहरू* कै सम्प्रसारित स्वरूप बोकेर आएको उल्लेख गरेका छन् । उनले प्रस्तुत उपन्यासलाई मनोविश्लेषणात्मक उपन्यासको संज्ञा दिएका छन् ।

**१.५ शोधको औचित्य र महत्त्व**

यौनलाई मानव जीवनको प्रकृत वस्तुको रूपमा स्विकारिन्छ । अनि यौनसुखलाई मानव जीवनकै अस्तित्वको एउटा मूल तत्त्व पनि मान्न सकिन्छ । यौनवृत्ति मानव जीवनको अस्तित्वसँग गाँसिएर आएकोले यसबाट मानव जाति कहिल्यै पनि टाडा रहेर बाँच्न सम्भव छैन । यौन मानव जीवनको निरन्तर सिर्जनशील प्रक्रिया हो । यौनबारे स्वस्थ चर्चा परिचर्चा हुनु आवश्यक देखिन्छ । साहित्यमा पनि यौनलाई शिष्ट ढङ्गले उतार्ने प्रयास हुँदै आएको छ । यस कारण यौनजस्तो मानवीय प्रकृत वस्तुलाई लिएर प्रेम प्रधानका उपन्यासहरूमा पाइने यौनको अध्ययन गरिने प्रयत्न नै यस शोधको मूल कार्य हो । यौन सिर्जनात्मक रूपमा उल्लिखित हुँदै आए पनि विशेषतः भारतीय नेपाली साहित्यमा यसबारे शोधमूलक अध्ययन भने हुन नसकेका कारण यसैलाई नै प्रस्तुत शोधकार्यको औचित्य ठानिएको

छ । यसैमा यौन विषयको स्वस्थ विश्लेषण र चर्चाको प्रणाली पनि व्यवस्थित हुँदै जाने सम्भावनाहरूसँग शोधको महत्त्व रहने कुरामा विश्वस्त हुन सकिन्छ ।

**१.६ शोधकार्यको सीमाङ्कन**

प्रस्तावित शोधकार्यमा प्रेम प्रधानका उपन्यासहरूमा यौनमनोविश्लेषणअन्तर्गत अध्ययनलाई समेटिने छ । यौनमनोविश्लेषणको सैद्धान्तिक परिचयको अध्ययन र विश्लेषण गर्ने क्रममा प्रेम प्रधानका उपन्यासहरूमा देखिएको फ्रायडीय प्रभावलाई विशेष अध्ययन र विश्लेषण गर्नु नै प्रस्तुत शोधकार्य केन्द्रित रहनेछ । यसबाहेक भारतीय नेपाली उपन्यासको परम्परामा प्रेम प्रधानको स्थान निर्धारण गर्दै उनीपूर्वको भारतीय नेपाली उपन्यासपरम्पराको स्थितिको पनि सर्वेक्षणात्मक अध्ययन गरिनेछ । वास्तवमा प्रेम प्रधानका उपन्यासमा पाइने यौन विषयक विविध पक्षका अध्ययन नै प्रस्तुत शोधकार्यको क्षेत्र र सीमा पनि हो ।

**१.७ शोधविधि**

प्रस्तुत शोधकार्यलाई पूर्णता दिनका लागि विविध शोधविधिहरूमध्ये सामग्री सङ्कलनविधि र शोधको सैद्धान्तिक ढाँचालाई यहाँ विशेष शोधविधिका रूपमा प्रस्तुत गरिएको छ ।

*१.७.१ सामग्री सङ्कलनविधि*

प्रस्तुत शोधकार्यका निम्ति सामग्री सङ्कलनका निम्नलिखित तीनवटा स्रोतहरूलाई अपनाएको छ –

*१.७.१.१ प्राथमिक स्रोत* – शोध विषयसँग सम्बन्धित शोधनायक प्रेम प्रधानसँग अन्तर्वार्ता लिई तिनबाट प्राप्त जानकारीलाई सर्जकका औपन्यासिक कृतिहरूको यौनमनोविश्लेषणको अध्ययनक्रममा समावेश गरिएको छ । अन्य सम्बन्धित स्रोत व्यक्तिहरूसँग विषयअनुरूप अध्ययनको

समस्या समाधानार्थ प्रश्नावली तयार पारी अन्तर्वार्ता तथा आवश्यक तथ्यहरूसमेत सङ्कलन गरी अध्ययन र विश्लेषण पक्षलाई अघि बढाइएको छ ।

*१.७.१.२ द्वितीय स्रोत* – यस स्रोतअन्तर्गत सामग्री सङ्कलनका निम्ति मूलतः निगमनात्मक विधिको उपयोग गरिएको छ । यसअन्तर्गत पुस्तकालयमा केन्द्रित रही उपन्यास विधासँग सम्बन्धित सैद्धान्तिक पुस्तक, तत्सम्बन्धी समालोचनाहरू, पत्र-पत्रिका, महत्त्वपूर्ण प्रतिवेदनहरूको सङ्ग्रह गरी तिनबाट प्राप्त सामग्रीको आधारमा विवेच्य कृतिहरूको अध्ययन र विश्लेषण गरिएको छ । यस स्रोतअन्तर्गत औपन्यासिक पात्रको यौनमनोविश्लेषणसम्बन्धी सैद्धान्तिक पुस्तकहरू, प्रेम प्रधानका उपन्यासहरू, तत्प्रवृत्तिका उपन्यासहरूको अध्ययन गरी त्यसका आधारमा शोधकार्यलाई अघि बढाइएको छ ।

*१.७.१.३ विद्युतीय स्रोत* – प्रस्तुत शोधसमस्याको समाधानार्थ उद्देश्य प्राप्तिका लागि विद्युतीय स्रोतलाई पनि अपनाइएको छ । यसका निम्ति सूचना प्रसारणका माध्यमहरू जस्तै ईमेल, ब्लग, ट्वीटर, फेसबुक, वेभपेजेसहरूका माध्यमबाट पनि यस शोधकार्यमा आवश्यक पर्ने उपन्याससम्बन्धी सैद्धान्तिक पक्षका सामग्री र आवश्यक सूचनाहरू लिइएको छ ।

*१.७.२ शोधका सैद्धान्तिक आधार र ढाँचा*

प्राप्त सामग्रीहरूको सत्यापन गरी तिनका आधारमा पाठ्य उपन्यास कृतिहरूको अध्ययन, विश्लेषण र सामान्यीकरण गर्दै शोधको अन्तिम निष्कर्षसम्म पुग्नका लागि पाठ्य उपन्यास कृतिहरू र तिनका कृतिपरक, यौनमनोविश्लेषणपरक तथा तुलनात्मक एवम् ऐतिहासिक विश्लेषणात्मक अध्ययनविधि अपनाइएको छ । उनका औपन्यासिक कृतिहरूको यौनमनोविश्लेषणात्मक अध्ययनको क्रममा उपन्याससिद्धान्त र उपन्यासलेखनका नयाँ नयाँ विधिको पनि यहाँ उपयोग गरिएको छ ।

उपन्यासकार प्रेम प्रधानका जीवनी, कृतित्व र व्यक्तित्वका अन्तःसम्बन्धको अध्ययनको सन्दर्भमा जीवनीपरक समालोचना सिद्धान्तलाई पनि यहाँ विशेष आधार बनाइएको छ ।

अन्तमा यस शोधकार्यमा आवश्यकताअनुसार प्राविधिक पक्षजस्तै पादटिप्पणी, उद्धरण प्रस्तुति, चिन्ह् प्रयोग, सन्दर्भग्रन्थ सूची आदिका लागि मूल रूपमा *नेपाली लेखनशैली* (सन् २०१०) र *एम.एल.ए ह्याण्ड बूक* (सा. सं.) लाई मूल आधार बनाई यस शोधप्रबन्धलाई सकेसम्म वैज्ञानिक ढङ्गले प्रस्तुत गर्ने चेष्टा गरिएको छ ।

**१.८ शोधप्रबन्धको अध्याय विभाजन**

*पहिलो अध्याय*

शोधपरिचय

*दोस्रो अध्याय*

साहित्यमा यौन मनोविज्ञानको परिचय र यसको निरूपण

*तेस्रो अध्याय*

उपन्यासकार प्रेम प्रधानका संक्षिप्त जीवनी, कृतित्त्व र व्यक्तित्व

*चोथौ अध्याय*

यौनमनोविश्लेषणको सैद्धान्तिक आधारमा प्रेम प्रधानका औपन्यासिक कृतिहरूको विश्लेषण र मूल्याङ्कन

*पाँचौं अध्याय*

प्रेम प्रधानका उपन्यासकारितामा उठेको मौलिकताको प्रश्न र समाधान

छैटौं अध्याय

शोधकार्यको अध्यायगत उपसंहार तथा समष्टि निष्कर्ष

सन्दर्भग्रन्थ सूची

परिशिष्ट

## दोस्रो अध्याय

## साहित्यमा यौनमनोविज्ञानको परिचय र यसको निरूपण

### २.१ परिचय

यौन मनुष्य जातिको जैविक उपादान हो । यौनमाथि मनुष्यको रूची परवर्तीकालदेखि नै रहिआएको पाइन्छ । यौनको प्रभाव मानव समाजसँगै साहित्यमा पनि निरूपण हुँदै आएको छ ।

### २.२ यौनमनोविज्ञानको अर्थ र परिचय

यौन शब्द अङ्ग्रेजी Sex शब्दको नेपाली रूपान्तरण हो । मानिसको यौनसम्बन्धी अध्ययन गर्ने एउटा शाखा यौनमनोविज्ञान हो । यौनबारे अनेक धारणाहरू विकसित भएको पाइन्छ । ओशोका अनुसार मान्छेको भित्री इच्छा सिर्जनाको प्रयासमा रहेको हुन्छ, जसलाई यौन वा कामको रूपमा लिन सकिन्छ । मानिसभित्र हुने यही निरन्तर सिर्जनशील प्रक्रिया नै यौन हो ।[2] वात्स्यायनका अनुसार *शरीरस्थितिहेतुत्वादाहारसधर्माणो हि कोमा:* अर्थात् यौन शरीरको स्थितिको हेतु हो र शरीर स्थितिका

---

[2] ओशो, *सम्भोगदेखि समाधितिर* ( नेपाल : आदर्श प्रकाशन, वि.सं.२०६५) पृ. ३१-३२ ।

लागि जस्तो आहारको आवश्यकता छ त्यस्तै यौनको पनि आवश्यकता छ ।[3] हेवलॉक एलिसका अनुसार मनुष्यको यौनगत स्वभाव उसको अन्तरङ्गसँगै गाँसिएको एउटा अनिवार्य भाग हो, जसले कुनै पनि परिस्थितिमा ऊभित्रको उदासीनतालाई कम गर्दछ ।[4]

मम्मनाथ गुप्तका अनुसार यौन सम्पूर्ण मनुष्यमा व्याप्त हुन्छ, मनुष्यको यौन बनावट उसको सामान्य बनावटझैं हुन्छ । मनुष्य त्यही हो जो उसको यौन वा सेक्स हो । स्वस्थ यौन मानसिकताले असामान्य अथवा विकृत मनोवृत्तिलाई समेत नियन्त्रण गरेर राख्छ ।[5] समग्रमा भन्नुपर्दा हरेक व्यक्तिले नै आफ्नो शिक्षा, योग्यता, पारिवारिक स्तर औ वातावरणअनुसार यौनलाई परिभाषित गरेको हुन्छ । अधिकांशले स्त्री-पुरुषमा हुने शारीरिक सम्बन्ध अर्थात् यौनाङ्गको संयोग वा मैथुनलाई नै काम या यौन मान्दछन् । तर यौन विशेषज्ञहरू काम वा यौनलाई केवल शब्दले बाँध्नु कठिन हुने बताउँछन् किनभने काम शारीरिक स्पर्श, चुम्बन अनि आलिङ्गनद्वारा उत्पन्न हुने शारीरिक तथा मानसिक प्रतिक्रिया हो, जुनचाहिँ अनुभव मात्र गर्न सकिन्छ भनेका छन् ।[6] यौन विशेषज्ञहरू अझ के मान्छन् भने प्रत्येक प्राणीका जीवनमा काम वा यौनको अधिक महत्त्व हुन्छ । शास्त्रमा पनि कामलाई धर्म, अर्थ, काम, मोक्षसँग एक विशेष अङ्गको रूपमा स्विकारेको पाइन्छ । महर्षि वात्स्यायनले पनि मनुष्यका सय वर्ष स्वस्थ वा निरोग जीवनयापनका लागि धर्म, अर्थ अनि कामको उपयोग सन्तुलित ढङ्गले गरे मोक्ष प्राप्त गर्न सकिने संकेत दिएका छन् । उनले मनुष्य जीवनको उक्त कार्यका लागि बालकमा शिक्षा,

---

[3] रूपचन्द गोविन्द चौधरी, *कामशास्त्र ओर फ्रायड के सन्दर्भ मे हिन्दी काव्यका अनुशीलन*, ( इलाहवाद : रचना प्रकाशन, सन् १९७३), पृ. १० ।

[4] हेवलॉक एलिस, *यौन मनोविज्ञान*, चौथो सं.(१९३८ के संस्करण की भूमिका), (दिल्ली-६,कश्मीरी गेट, राजपाल एण्ड सन्ज, सन् १९६९), पृ. ८ ।

[5] मम्मनाथ गुप्त, *यौन मनोविज्ञान*, चौथो सं.( दिल्ली-६, कश्मीरी गेट, राजपाल एण्ड सन्ज, सन् १९६९), पृ. १५ ।

[6] पूर्ववत्, पृ. १५ ।

युवावस्थामा अर्थ (धन) अनि काम (सेक्स) तथा प्रौढावस्थामा धर्मको विवेचन गरी मोक्ष प्राप्त गर्नुपर्ने बताएका छन् ।[7]

यौनबारे यस्ता अनेक अवधारणाहरूको विकास भए पनि यथोचित रूपमा यसको वैज्ञानिक अध्ययन भियानाका स्नायु चिकित्सक सिगमन्ड फ्रायड (सन् १८५३-१९३९) बाटै भएको हो । फ्रायडको मनोविश्लेषण पद्धतिको मूल आधार कामवृत्ति नै हो । कामवृत्ति ( Sex Instinct) लाई नै आधार मानेर उनले यौनमनोविश्लेषणको मूलभूत पद्धतिको प्रतिपादन गरे । फ्रायडले कामवृत्तिलाई जीवनको प्रबलशक्ति मानेका छन् । उनको कामवृत्तिको उर्जालाई **लिबिडो** (Libido)[8] भन्दछ । उनले मनुष्यका सम्पूर्ण क्रियाकलापको सञ्चारण यसै **लिबिडो**बाट हुने कुरा मान्छन् ।

फ्रायडले मनुष्यको सारा जीवन कामवृत्तिको अहम् एवम् अत्यहम् वा अतिअहम्द्वारा दमन भइरहेको हुन्छ भन्ने अर्को धारणा पनि व्यक्त गरेका छन् । यी दमित कामवासनाहरू अचेतन मनमा केन्द्रीभूत भइरहन्छन् अनि समय समयमा यो वृत्ति विभिन्न रूपमा प्रकट भइरहन्छ । यसको प्रकटित रूप विभिन्न कला, साहित्य, धर्म अनि संस्कृति निर्माणको प्रधान एवम् एकमात्र उपादानको कारक बनेको हुन्छ ।[9] फ्रायडको विचारमा मनको सबभन्दा ठूलो तह भनेकै अचेतन तह हो । अचेतन अवस्थामा इदम् वृत्तिहरू अर्थात् दमित कामेच्छा, अनैतिक र निसिद्ध वृत्तिहरू दबेर बसेका हुन्छन् ।[10] त्यही दमनका कारण उत्पन्न मनोइच्छाको परिवर्तित रूप सपना हो । जीवनका कामुक इच्छाह **रू**को

---

[7] शशिभूषण शलभ, *सफल सेक्स की कुंजी,* ( बुराडी, दिल्ली : राजा पाकेट बुक्स, सन् २००९), पृ. ७-९ ।

[8] *कार्ल गुस्ताभ युङ्गले फ्रायडको यौनसिद्धान्तसँग असहमत भए पनि लिबिडो शब्दलाई भने आफ्नै ढङ्गमा अर्थाएर निरन्तर प्रयोग गरेको पाइन्छ । उनी यसलाई जीवनशक्ति भन्छन् र मानवका सम्पूर्ण क्रियाकलाप यही जीवनशक्तिका कारणले परिचालित हुने मान्छन् ।*

[9] सत्यदेव मिश्र, *पाश्चात्य काव्यशास्त्र : अधुनातन सन्दर्भ,* तृतीय सं.( इलाहाबाद-१ : लोकभारती प्रकाशन, सन् २००८), पृ. २२५ ।

[10] कृष्ण गौतम, *आधुनिक आलोचनाः अनेक रूप, अनेक पठन,* (काठमाडौँ : साझा प्रकाशन, वि. सं. २०५०), पृ. ९१ ।

पूर्ति हुन सम्भव नभएकाले दमित भएपछि ती प्रतिबन्धित अवस्थाबाटा बाँच्न छद्म रूप लिएर सपनाको आकृतिमा देखा पर्छन् । स्वप्न कामेच्छाको दमनबाट उत्पन्न हुने भएकाले यसको अध्ययन वैज्ञानिक ढङ्गले हुनुपर्छ भन्ने आग्रह मनोविश्लेषण पद्धतिको रहेको छ ।[11]

फ्रायडका अनुसार अचेतनमनोवृत्तिका दमित इच्छा यौनसम्बन्धी नै हुन्छ । उनको विचारमा अचेतन अवस्थाको इच्छा वा अव्यक्त विषय सपनामा प्रतीकमार्फत देखा पर्दछ । उनले केही त्यस्ता यौनसम्बन्धी प्रतीकको उल्लेख गरेका छन्, जो यसप्रकार छन् :

१. **गुफा, कोठा, डब्बा, सन्दूक, डुङ्गा, जहाज, बोतल, मुख**आदि –स्त्री योनिका प्रतीक ।

२. **हतियार, छाता, खम्भा, सर्प, बन्दुक, खुट्टा, रूख, लट्ठी, कलम, टाई**आदि – पुरुष लिङ्गका प्रतीक ।

३. **स्याउ, नासपाती, मेवा, आँप**आदि – स्तनका प्रतीक ।

४. **उक्लनु, ओर्लनु, उड्नु, हिँड्नु, यात्रा गर्नु, तर्नु, नाच्नु** आदि यौन समागमको प्रतीक ।[12]

यसबाहेक पनि केही यौन प्रतीकहरूलाई लिन सकिन्छ – **सपनामा हत्या गरेको देख्नु, पानी परेको देख्नु, माछाहरू देख्नु, पिसाप** र **आँसु** आदि प्रतीक कुनै पनि ठाँउ अनि व्यक्तिका निम्ति मैथुनिक प्रतीक हुन सक्दछ ।

---

[11] पूर्ववत्, पृ. ९९ ।

[12] पूर्ववत्, पृ. १०१ ।

प्रतीकसम्बन्धी विद्वान्हरू के मान्छन् भने वास्तवमा प्रतीक यौन आकर्षणको केन्द्रको रूपमा परिणत हुनका लागि व्यक्तिमा पहिलेदेखि नै असंदिग्ध स्नायविक रोकग्रस्त प्रकारको पूर्वप्रवृत्ति निहित हुन जरुरी छ, तर यो हर हालतमा नित्य रूपमा स्पष्ट हुँदैन । यसका लागि कुनै वस्तु यस्तो प्रबल रूपमा रहोस् जसले यौन उत्तेजनाको क्षणमा त्यसको प्रतीकात्मक वस्तु व्यक्तिको चेतनामा प्रस्तुत गर्न सकेको होस् ।

प्रतीकपरक वस्तुहरू मूल रूपमा व्यक्तिको प्रकृतिको रूपमा नै अभिव्यक्ति हुन्छ ।[13] प्रतीकीकरण अचेतन मनमा दबेका इच्छाहरूको कार्यपद्धति हो । मनोविश्लेषणमा प्रत्येक प्रतीकलाई मानिसको कामवासना र त्यससित सम्बन्धित क्रियाहरूको द्योतक मानिन्छ ।[14]

फ्रायडको विचारमा व्यक्तिको विकास भनेको कामशक्तिको, कामुकऊर्जाको अर्थात् लिङ्गको विकास हो ।[15] यसैले हरेक जन्मने नवजात शिशुहरूमा जन्मपूर्व नै यौनस्थित हुन्छ भन्ने कुरो उल्लेख गरेका छन् ।[16]

उनले लिङ्ग चेतनासम्बन्धी नयाँ अवधारणाको विकास गरेका छन् । निम्नलिखित प्रस्तावअघि सार्दै मनुष्यका जीवनमा **लिबिडो**को विकासलाई उनले चार तहमा बाँडेका छन्-

क. मौखिक तह (Oral Stage)

ख. मलप्रत तह (Anal Stage)

---

[13] हेवलॉक एलिस, पूर्ववत्, पृ. १५७ ।

[14] राजनारायण प्रधान, *केही कृति केही स्मृति,* दोस्रो सं.(काठमाडौँ : साझा प्रकाशन, वि.सं. २०४८), पृ. १८० ।

[15] कृष्ण गौतम, पूर्ववत्, पृ. ८३।

[16] राम पौडेल, *आधुनिक नेपाली कथामा बालमनोविज्ञान*, (काठमाडौँ : लेखक स्वयृ, वि.सं. २०६३), पृ. ६२ ।

ग. लिङ्गीय तह (Phallic Stage)

घ. जनेन्द्रीय तह (Genital Stage) आदि ।

**क. मौखिक तह** (Oral Stage) : व्यक्तिमा निहित लिबिडोको पहिलो तह मौखिक तह हो । फ्रायडका अनुसार बच्चा जन्मेदेखि नै उनमा काम चेतना हुन्छ । कामऊर्जा बच्चाको मुखमा रहेको हुन्छ । बच्चाले आमाको स्तनपान गरेर अथवा आफ्नो औली चुसेर त्यसको पूर्ति गर्दछ, जसलाई स्वरति (Narcissism)[17] को स्थिति भनिन्छ । यसैलाई फ्रायडले **लिबिडो**को मुखवर्ती तह मानेका छन् । यस अवस्थामा वासना अथवा कुनै पनि कामनाको प्रश्न रहँदैन, किनभने शैशवमा **इद** मात्र रहन्छ ।

**ख. मलप्रत तह** (Anal Stage) : व्यक्तिको शरीर विकासको दोस्रो तह मलप्रद तह हो । फ्रायडका अनुसार बच्चाले यस अवस्थामा मलत्याग गर्दा कामसुख प्राप्त गर्दछ । यस बेला बच्चामा केही हदसम्म रति भाव पनि जागृत हुने गर्दछ । यससँगै कतिपय सामाजिक तथा नैतिक दबावहरूबाटै उसमा **अहम्** (Ego), **अत्यहम्** (Super Ego) को पनि विकास हुँदै जान्छ । कामेच्छाको स्वाभाविक दमन पनि यसै बेलादेखि प्रारम्भ हुनथाल्छ । यस किसिमको दमित कामेच्छाको केन्द्र उसको मनको अचेतन तहमा दबेर रहेको हुन्छ ।

**ग. लिङ्गीय तह** (Phallic Stage) : व्यक्तिको शारीरिक विकासको तेस्रो तह लिङ्गीय तह हो । यस अवस्थामा व्यक्ति कामेन्द्रियतिर प्रवृत्त हुँदछ । यसबाहेक फ्रायडका अनुसार अतिरिक्त दुई

---

[17] *हातखुट्टा चलाएर आफ्नै अङ्हरूसित रमाउने शिशुको प्रारम्भिक अवस्थालाई यौनविद् हेवलॉक एलिसले भनेको आत्मरति Auto Egotism) लाई फ्रायडले नार्सिष्टि भनेका छन् ।*

मनोग्रन्थीको विकास हुँदछ - १. **इडिपस कम्प्लेक्स** (Oedipus complex), २. **कस्ट्रेशन कम्प्लेक्स** (Castration Complex) । इडिपस मनोग्रन्थीको कारण किशोरको मनमा विषमलिङ्गीप्रति कामेच्छा तथा समलिङ्गीप्रति ईर्ष्या भाव उत्पन्न हुँदछ । यी दुई इच्छा असामाजिक तथा अनैतिक अर्थात् अहम् अनि पराहम् विरोधी हुनाले दमनको प्रक्रिया सुरू हुन थाल्छ । यही दमित कामेच्छा नै अचेतन मनमा घनीभूत हुन्छ । कस्ट्रेशन मनोग्रन्थी स्त्री-पुरुषमा भिन्न भिन्न किसिमको देखिन्छ । सामान्यतया पुरुषहरूमा नपुंसक हुन सक्ने भय अधिक रहन्छ भने स्त्रीहरूमा यस्ता भयहरूसँगै पुरुषहरूप्रति आफ्नो उदग्र एवम् सुस्पष्ट जननाङ्गोका कारण अझ ईर्ष्या भाव पनि रहन्छ ।

**घ. जनेन्द्रीय तह** (Genital Stage) : शरीर विकासको अन्तिम तह नै जनेन्द्रीय तह हो । यस अवस्थामा विपरीत लिङ्गप्रति यौन आकर्षण अथवा काम उत्तेजनाको भाव उत्पन्न हुँदछ । बच्चा यस अवस्थादेखि पूर्ण रूपले विकसित भई युवा अवस्थामा पुगिसकेको हुन्छ ।[18]

यसरी फ्रायडले लिङ्ग विकासको मूल केन्द्र यौनलाई बनाएका छन् । फ्रायडपछि अर्का मनोवेत्ता एरिक एरिक्सनले पनि कामवासनाको अवधारणालाई अहम् मनोविज्ञानसँग जोडी अध्ययन गरेका छन् । फ्रायडको लिङ्गप्रधान अवस्थासँग एरिक्सनको वैचारिक समानता पाइन्छ।[19]

फ्रायडको धारणालाई हेर्दा साधारण रूपमा मान्छेको अचेतन मनमा धनीभूत रहेको अतृप्त वासना एवम् कुण्ठाहरूले निरन्तर रूपमा निष्कासन खोजिरहेको हुन्छ । तर व्यक्तिको सामाजिक तथा नैतिक अहम्को प्रतिरोधका कारण त्यसले निष्कासन भने पाउन सक्दैन । तर त्यो दमित कामेच्छा छद्म

---

[18] सत्यदेव मिश्र, पूर्ववत्, पृ. २५५-२५६ ।

[19] दुर्गाबहादुर घर्ती, *मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्रविधान,* (काठमाडौँ : साझा प्रकाशन, वि.सं. २०६७), पृ. ४४-४५ ।

रूपमा कपटपूर्वक स्वतः प्रकट भइरहेको हुन्छ । फ्रायडको अर्को धारणा के पनि छ भने वासना जब अधिक धनीभूत हुन्छ त्यसको प्रभावस्वरूप मनुष्यमा अनेक रोगका लक्षणहरू देखा पर्दछन्, जस्तै हिस्टीरिया, खण्डित व्यक्तित्व, अपराध भावना आदि । यसैकारण व्यक्ति स्नायविक रोगको शिकार बन्न पुग्दछ ।

फ्रायडको अर्को विश्वास के पनि छ भने व्यक्तिको सानोभन्दा सानो कार्य वा व्यवहार पनि निष्प्रयोजन भने हुँदैन । त्यो प्रत्येक कार्यकलापमा व्यक्तिको अचेतन मनमा स्थित अतृप्त वासनाहरूको अभिव्यक्ति भइरहेको हुन्छ । अर्थात् जीवनको प्रत्येक प्रयोजन अथवा प्रेरणा भन्नु नै कामेच्छाको रूपान्तरण तथा स्थानापन्ना आनन्दको प्राप्ति हो ।

यसरी कामशक्तिलाई जीवनको महत्त्वपूर्ण वृत्ति मान्दै फ्रायडले यस अध्ययनमा मानवको रागात्मक सम्बन्धको प्राकृत, अत्यन्त सूक्ष्म, गहन र सर्वथा सटीक व्याख्या पनि प्रस्तुत गरेका छन् । तर कामवृत्ति जीवनको मूल वृत्ति भए पनि त्यसलाई सर्वाङ्ग नभई केवल अङ्ग मात्र मान्नेहरूले कामशक्तिलाई सर्वस्व ठान्ने फ्रायडवादी जीवन चिन्तनलाई एकाङ्गी बन्न गएको आरोपसमेत लगाएको पाइन्छ ।[20] जोसेफ ब्रुअर, म्याक्स कान, रूडोल्फ रिटलर, विल्हेम स्टेकेल, कार्ल अब्राह्म, अल्फ्रेड एडलर, कार्ल गुस्ताभ युङ्ग, करेन हर्ने प्रभृत्ति मनोगत्यात्मक सिद्धान्तका प्रस्तोताहरू स्नायुविकृति अचेतन मनमा दमित कामेच्छाको परिणाम हो भन्ने फ्रायडको धारणाका विरोधी देखिन्छन् । करेन हर्नेले फ्रायडको पुरुषकेन्द्रित विचारको विरोध गरी नारीमा पुरुषको लिङ्गप्रति ईर्ष्या हुन्छ भन्ने भ्रामक विचारको खण्डन पनि गरेका छन् ।

---

[20] हरिप्रसाद शर्मा, *विश्वेश्वरप्रसाद कोइरालाका कथा,* तेस्रो सं.(काठमाडौँ : साझा प्रकाशन, वि.सं. २०६१), पृ. १५-१६ ।

फ्रायडले मनोविकृतिको मूल कारण यौनेच्छा नै हो भनेर किटान[21] गरेकाले नै पछि उनी विवादको घेरामा परेका हुन् । उनका अनुसार मान्छे कामुक र आक्रामक एवम् असामाजिक प्राणी[22] हो तर उनका विरोधी नवफ्रायडवादीहरू मानिसलाई सामाजिक प्राणी मान्दै मानिस आफ्नो यौन र आक्रमणको प्रवृत्तिलाई अतिक्रमण गर्छ एवम् आफ्नो स्व ( Self) लाई प्रवर्धित गर्छ भन्ने तथ्यलाई मान्छन् ।[23]

फ्रायडले व्यक्तिका दुई प्रमुख वृत्तिबारे चर्चा गरेका छन्- १. **जीवनवृत्ति** (Life instinct), र २. **मृत्युवृत्ति** (Death Instinct) आदि ।

जीवनवृत्तिमा यौनवृत्ति र अहम्वृत्ति (Sexual and Ego Instinct) को अंश पाइन्छ, त्यसैले जीवनवृत्ति जैविक आवश्यकताको मानसिक प्रतिरूप हो र यो प्रजननको दृष्टिले पनि अत्यन्त आवश्यक हो ।[24] यौन मनोविज्ञानअनुसार यौन स्त्री-पुरुषको समागममा मात्र सीमित हुने कुरा होइन, यसको चरित्र व्यापक छ । यौन जीवनको आवश्यकता हो, भौतिक सभ्यताको जग हो ; साहित्य, सङ्गीत र कलाको मूल आधार पनि यौन नै हो । सामान्तया क्षणिक नै भए पनि यौनबाट सुखानुभूति मिल्छ (र पछि खेद या ग्लानि पनि होस्) । त्यसैले मानिसहरू यौनलाई आनन्ददायक सम्झन्छन् ।[25]

---

[21] मुरारीप्रसाद रेग्मी, *मनोविश्लेषणात्मक समालोचना* (उपन्यास खण्ड), दोस्रो सं.( काठमाडौँ : साझा प्रकाशन, वि.सं. २०५०), पृ. ४ ।

[22] *राजनारायण प्रधानअनुसार जब मानिसका वासनात्मक वृत्तिहरू उद्बुद्ध भएर प्रचण्ड वेगसित क्रियाशील हुन्छन् तब तिनको स्वरूप केही हदसम्म असामाजिक हुन्छ ।*

[23] मुरारीप्रसाद रेग्मी, पूर्ववत् , पृ. ७ ।

[24] सरोज राई, "चौकीदार कथामा यौन मनोवैज्ञानिक पक्ष", प्रदीप गुरुङ, सपन प्रधान (सम्पा.) *हायमनदास राई किरात अभिनन्दन ग्रन्थ*, (दार्जीलिङ : श्याम प्रकाशन, सन् २०१४), पृ. ८० ।

[25] रतनध्वज जोशी, *यौन र नेपाली उपन्यास*, (काठमाडौ : साझा प्रकाशन, वि. सं. २०४६), पृ. १३० ।

## २.३ यौन आकर्षणका नवीन अवधारणा

यौन केवल समागम र सन्तान उत्पत्ति गर्ने जनेन्द्रीय प्रक्रिया मात्र ठान्ने परम्परित अवधारणा खण्डित भइसकेको देखिन्छ । कामात्मक प्रतीक अनेक रूपमा प्रकटित हुन सक्छन् । हेवलॉक एलिसले यस किसिमको लक्षणलाई प्रमुख तीन वर्गमा छुट्याएका छन् –

**१. शरीरको अङ्गद्वारा**

**(क) स्वाभाविक** – हात, खुट्टा, स्तन, नितम्ब, केश, मल-मुत्र, पसिना, गन्ध अनि महकता आदि ।

**(ख) अस्वाभाविक या विकृत** – लङ्गडापन, कैँचापन, चेचकको दाग आदि, बालकप्रति यौनप्रेम, व्यस्कप्रति प्रेम, मुर्दाप्रति आकर्षण आदिलाई यस वर्गअन्तर्गत राख्न सकिन्छ । यसबाहेक जनवारहरूमा हुने मैथुनिक उत्तेजनालाई पनि यस वर्गमा राख्न सकिन्छ ।

**२. जड पदार्थ**

**(क) शरीरमा लगाएको वस्त्रद्वारा** – स्तन, जुता-मोजाको गाटर, चोगे, रूमाल, शरीरको भित्री भागमा लगाइने जस्तै : गन्जी, कट्टु, पेटीकोट, ब्रा आदि ।

**(ख) व्यक्तिगत सम्बन्धरहित वस्तु** – यसअन्तर्गत अनेक पदार्थहरूलाई समावेश गर्न सकिन्छ, जुनचाहिँ आत्ममैथुनको समय यौन भावनालाई उद्दीप्त गर्न क्षमता प्राप्त होस् । अर्को मूर्तिप्रतिको यौन आकर्षणलाई पनि यसैमा सम्मेलित गर्न सकिन्छ ।

**३. कार्य एवम् रुख**

**(क) सक्रिय** – क्रुरता, कामात्मक प्रदर्शन, हिर्काउनु, शिर काट्नु, हत्या आदि।

**(ख) निष्क्रिय** – हिर्काई माग्नु, क्रुरता सहनुसँगै वैयक्तिक महक एवम् सुरिलो स्वरलाई पनि यसअन्तर्गत राख्न सकिन्छ।

**(ग) कामोत्तेजक दृश्यप्रतिको आकर्षण** – कामोत्तेजनातिर प्रवृत गर्ने दृश्य एवम् पदार्थ, आरोहण, चियाउनयोग्य वस्तु, झाडा-पिसाब गर्ने काम, पशु मैथुन । आलिङ्गन, चुम्बन तथा स्पर्शलाई पनि यौन आकर्षणको प्रतीक मान्न सकिन्छ।

हेवलॉक एलिसले स्पर्शलाई वास्तविक रूपमा प्राथमिक तथा आदिम कामानुभूतिको प्रस्फुटन हो भन्ने ठानेका छन् ।[26] यौन मनोविश्लेषणका अनुसार विशेषतः शारीरिक गन्धले पनि स्नायुहरूलाई उत्तेजित गराउने गर्दछ । वेन्तुरीले शारीरिक गन्धलाई उच्च दर्जाको यौन विशेषता मानेका छन् ।[27] कीरनानले पनि गन्धानुभूतिबाट प्राप्त यौन परितृप्तिलाई गन्धमैथुनको संज्ञा दिएका छन् ।[28] यसबाहेक यौनानन्दको अर्को प्राथमिक प्रक्रिया हस्तमैथुन (Masturbation) लाई पनि लिन सकिन्छ । कोलम्यानका अनुसार हस्तमैथुन काम प्राप्ति अनि कामुक सन्तुष्टिका लागि व्यक्तिले आफ्नो जनेन्द्रीयलाई उत्तेजित गर्नु हो । यस प्रक्रियाअन्तर्गत व्यक्तिले आफ्नो लिङ्गलाई स्पर्श गर्नाले सुखको अनुभव गर्दछ।

---

[26] मन्मनाथ गुप्त, पूर्ववत्, पृ. ४९ ।

[27] मोहन पी. दाहाल, *आधुनिक नेपाली उपन्यास (सर्वेक्षण र अध्ययन)*, (दार्जीलिङ : दार्जीलिङ ग्रन्थकार सहकारी समिति, सन् १९९३), पृ. ७३ ।

[28] पूर्ववत्, पृ. ७३ ।

यौन विशेषज्ञहरू काम मस्तिष्कसँग सोझो सम्बन्ध हुन्छ भन्ने मान्छन् अनि मस्तिष्कमै कामभावको उत्पत्ति वा अनुभूति हुन्छ भनेका छन् ।[29]

स्त्री र पुरुष दुई भिन्न लिङ्गलाई जैविक प्रक्रियाअन्तर्गत उपादानको रूपमा अनुमान त गर्न सकिन्छ तर कतिपय महादेशहरूमा यस्ता दुई पारस्पारिक लैङ्गिक उपादानलाई निषेध गर्दछन् । उनीहरू केवल दुई विपरीत लिङ्ग–अस्तित्वमा नआउने ठानी समान्तर व्यक्ति एकैचोटि सहअस्तित्वमा रहन नसक्ने बताउँछन् । उनीहरूका अनुसार यौन व्यक्तिगत जैविक प्रतिनिधिको रूपमा सीमित हुँदछ भन्ने ठान्दछन् ।[30]

## २.४ यौन आकर्षणबाट हुने विकृति

यौन आकर्षणका निम्ति गरिने क्रीडालाई विकृतिको रूपमा पनि लिन सकिन्छ । उदाहरणार्थ समलिङ्गी व्यक्ति व्यक्तिका बीच हुने यौनाचार ( Homosexuality), आनन्द लिन बलात्कार गरी महिलाको हत्या गर्नु अनि मृत शवबाट लैङ्गिक सुख प्राप्त गर्नु, पशुबाट लैङ्गिक आनन्द लिनु, अरूलाई आफ्नो लैङ्गिक अङ्ग देखाउनु ( Exhibitionism), अरूलाई स्पर्श गर्दा लैङ्गिक आनन्द अनुभव गर्नु, बालककालमा लैङ्गिक सम्बन्ध स्थापित गर्नु, नग्नता मन पराउनु, [31] यौन साथीसँग अस्वाभाविक

---

[29] शशिभूषण शलभ, पूर्ववत्, पृ. १ ।

[30] Kimberly Tauches,''Transgendaring Challenging the normal'', Steven Seidman, Nancy Fischer (Editors), *Introducing the New Sexuality Studies, Original essays and interviews*, (USA and Canada, Rout ledge, 2007) p. 173.

[31] नरेश कुमार, *यौन-शिक्षा ओर यौन-स्वास्थ्य-शिक्षा तथा हमारी संस्कृति*, (कृष्णनगर : दिल्ली, ममता प्रकाशन, सन् २०११), पृ. २८ ।

यौनक्रीडा गर्नु, पिट्नु, कोपार्नु, कपाल उखेल्नु, चुरोटले शरीर पोलिदिनु, घाँटी निम्ठनु आदि क्रियालाई यौन आकर्षणका विकृति मान्न सकिन्छ ।

वास्तवमा मान्छेको अतिशय कामुकता या कामप्रवृत्ति व्यक्तिको सामाजिक, पारिवारिक जीवन र रीति-रिवाज, परम्परामाथि निर्भर रहन्छ भन्ने यौन विशेषज्ञहरूको भनाइ छ । उनीहरू थप के मान्छन् भने वातावरणअनुसार मान्छेको जीवनमा काम वासनाको समावेश घटीबढी हुन सक्छ । मान्छेमा कामतत्त्व प्रचण्ड अग्नि समान हुन्छ । यदि यसको उपयोग अनुचित रूपमा गरिए यसले मनुष्यको जीवनलाई जीर्ण मात्र नबनाएर मृत्युको शिकार पनि बनाउँछ ।[32]

यसबाहेक यौन व्यापारलाई पनि विकृतिकै रूपमा लिन सकिन्छ । विश्वमा यौन व्यापारको बढ्दो समस्या चिन्ताको विषय हो । वेश्यावृत्तिका लागि महिला जातिको देह व्यापार विश्वव्यापी धन्धाको रूपमा प्रचलित रहेको छ । विश्वभरि देह व्यापारजस्तो निकृष्टतम् घृणित कार्यलाई झेल्ने त्यस्ता व्यक्तिहरू छन्, जो जटिल, बहुआयामी समाज व्यवस्थाको सबैभन्दा निम्न स्तरमा छन् । त्यस्ता महिलाहरूमा गरिब परिवारका छोरीहरू धेरै छन्, उनीहरू निकृष्ट मानिएका नसल जातीय अल्पसंख्यका सदस्य छन् । उनीहरूलाई अपमानित, शोषित गरिन्छ, तीमध्ये कतिलाई यौन व्यापारमा संलग्न गराइन्छन्, कारण उनीहरू समाजमा सबैभन्दा कमजोर मानिन्छन् ।

एशियामा यौनव्यापार व्यवस्थाको निर्माण तथा पोषणका निम्ति पर्याप्त अवसर उपलब्ध रहेको छ किनकि धनी र गरिबका बीच ठूलो अन्तर छ । विश्वमा एशिया मात्र एउटा यस्तो ठाँउ हो जहाँ लिङ्गभेद सबैभन्दा धेरै विकृत रूपमा रहेको पाइन्छ ।

---

[32] शशिभूषण शलभ, पूर्ववत्, पृ. ९ ।

आम रूपले हेर्दा एशिया नै सम्पूर्ण पारिवारिक मूल्य तथा रूढ यौन नैतिकताको भूमि हो । खास गरी एशिया अनेक विविधताले भरिएको ठाँउ हो, जुन मूल्यलाई एशियाई मूल्यको रूपमा चिनिन्छ । जस्तै, परिवारमा व्यक्तिको लगाव, व्यवस्थाप्रति आदर, शिक्षा तथा मितव्ययिताको महत्त्व, स्थापित सामाजिक व्यवस्थाप्रति सम्मान, पारम्पारिक साथै यौनाचार संहिताको पालन । यसको तुलनामा पश्चिमी मुलुकमा सामाजिक तथा यौन नैतिकतालाई महान् आदर्शको रूपमा प्रस्तुत गर्न आवश्यक ठान्दैन । पश्चिममा यौन तथा सामाजिक नैतिकताको कुनै कदर छैन । व्यभिचार र पतनशीलता पश्चिमसँग नै धेरै जोडिन्छन् ।[33]

वस्तुतः कामेच्छा समस्त प्राणीमा विद्यमान रहेको हुन्छ तापनि मनुष्य यौन सम्बन्धप्रति अनियन्त्रित, कामान्ध भएर राक्षस हुन पुग्छ । तर अन्य प्राणीहरू कामलाई प्राकृतिक रूपमा केवल सन्तान उत्पत्तिका निम्ति अपनाएको पाइन्छ । मनुष्य जाति हर समय यौन सम्बन्धमै संलग्न रही विभिन्न रतिक्रियाद्वारा अत्यधिक यौनानन्द प्राप्त गर्ने आकाङ्क्षामा अनेक घृणित कार्य गर्न पुग्दछ ।

आधुनिक युगसँगै यौन स्वच्छन्दताको विकासद्वारा विकृत रति क्रीडासँगै यौन अपराध पनि तीव्र गतिमा फैलिरहेको महसुस हुन्छ । आज यौन विकृति र यौन अपराधका कारण समाजमा सेक्स वा यौनलाई कुदृष्टिले हेर्ने गरेका छन् । तर प्राचीन विद्वान् एवम् मनिषीका अनुसार यौन वा काम अधिक पवित्र कार्य हो अनि जीवनयापनमा सबैभन्दा धेर सुख कामद्वारा नै प्राप्त हुन्छ भन्ने उल्लेख पाइन्छ ।[34] यसरी यौनजस्तो पवित्र वस्तुलाई कलङ्कित गराउने कारकतत्त्व यौन शिक्षाको कमी हो । यौन

---

[33] लुइज ब्राउन, कल्पना शर्मा (अनु.*), यौन दासियाँ एशिया का सेक्स बाजार*, तेस्रो सं.( दरियागङ्ज : नयाँ दिल्ली, वाणी प्रकाशन, सन् २०१०), पृ. १४-१५ ।

[34] शशिभूषण शलभ, पूर्ववत्, पृ. ९ ।

विकृतिलाई नियन्त्रण गर्ने हतियार पनि यौन शिक्षा नै हो । यसैले उचित यौन शिक्षा विश्वकै निम्ति अपरिहार्य हुन गएको महसुस हुन्छ ।

## २.५ लैङ्गिक अध्ययन र यौन

आज लैङ्गिक अध्ययनको नवीन विचारधारा हाम्रो अघि आइरहेको छ । वास्तवमा लैङ्गिकता लिङ्गका सन्दर्भबाट आएको नभई यौनका सन्दर्भबाट नै आएको हो । लैङ्गिकता त्यस्तो पक्ष हो जसले यौन र शरीरलाई नियन्त्रण गदर्छ ।[35] सन् १९६८ मा रोवर्ट स्टोलरले सर्वप्रथम SEX र GENDER दुई शब्दका प्रयोग गरेको पाइन्छ । यस सन्दर्भमा व्यक्तित्वको लिङ्गको आधारमा हुने भिन्नतालाई SEX भनिन्छ । जस्तै, पुरुष भाले, पोथी महिला त्यही लिङ्गमा भएको असमानताका कारणले समाजको मूल्य मान्यता अनुसार उनीहरूको क्रियाकलाप वा उनीहरूप्रति समाजको अपेक्षा फरक फरक हुन्छ, जसलाई जेन्डर GENDER भनिन्छ ।[36]

लैङ्गिक अध्ययनले यौन (Sex) बारे नितान्त नवीन चिन्तनको खोज गरेको छ । आज त्यस्तो नवीन धारणा विकसित भएको छ जसले स्त्री वा पुरुष समलिङ्गीहरू जन्मदेखि नै समलिङ्गी चाहना लिएर जन्मन्छन् भन्ने ठान्दछ । एउटी समलिङ्गी स्त्री बाल्यकालदेखि नै अर्को स्त्रीप्रति आकर्षित रहन्छे भने एउटा समलिङ्गी पुरुष पनि बाल्यवस्थादेखि वयस्क जीवनसम्मै ऊ अन्य पुरुषहरूप्रति नै आकर्षित रहन्छ र उनीहरू विपरीत लिङ्गप्रति नभएर समलिङ्गप्रति नै कामेच्छा राख्दछ अनि यौनेच्छा त्यसैमा

---

[35] रमेशप्रसाद भट्टराई, ''लैङ्गिक समालोचना'', राजेन्द्र सुवेदी, लक्ष्मणप्रसाद गौतम(सम्पा.), *रत्न बृहत् नेपाली समालोचना, (सैद्धान्तिक खण्ड)*, (काठमाडौँ : रत्न पुस्तक भण्डार, वि.सं. २०६८), पृ. २६७-२६८ ।

[36] Resraj Adhikari, Balakrishna khatri*, Theoretical Perspectives on Sociology/ Anthropology,* (Kathmandu: Bidyarthi Pustak Vandar, 2011), P. 218.

निर्देशित रहन्छ भन्ने मान्दछन् ,[37] जुन पूर्वेली समाजको नैतिकताअघि यौनेच्छाबारेका प्रचलित मान्यतालाई एउटा ठूलो चुनौती भएको छ ।

पूर्वमा यौनलाई ज्यादै सङ्कीर्ण बनाएर सामाजिक र धार्मिक नैतिकताको केन्द्रीयतामा केवल जनेन्द्रीय सम्पर्कको उपादान मान्दै विपरीत लिङ्गमा विवाहपश्चात् यसलाई स्वीकृत गरिएको छ । तर यसभन्दा विपरीत आज पश्चिममा समलिङ्गी ( Homosexual), ट्रान्सजेन्डर (Transgender)[38], वा तेस्रो लिङ्गी, द्वैत लिङ्गी (Bisexual) जस्ता संदिग्नतावादी (Queer) अध्ययनले समलिङ्गी/विपरीत लिङ्गी विभाजनको मान्यतालाई प्रोत्साहित गरेको छ । यस सम्बन्धमा पश्चिमी विद्वान्हरू के मान्छन् भने यौनसम्बन्धी सामाजिक मान्यताको कारणले मात्र कुनै व्यक्ति या त मात्र विपरीत लिङ्गी हुन्छ या समलिङ्गी भन्ने विचार ''सार्वजनिक सत्य'' का रूपमा फैलिएको हो ।[39] अझ लन्डनकी जुडिथ बलटर के भन्छन् भने कुनै पनि बालक (चाहे त्यो स्त्री होस् या पुरुष) जन्मदै न त समलैङ्गिक हुन्छ न विपरीत लिङ्गी । ऊ त केवल शरीरभरि सलबलाइरहने यौनेच्छाको स्वतन्त्र सङ्केतक मात्र हो । उक्त यौनेच्छा स्त्रीप्रति निर्देशित छ वा पुरुषप्रति भन्ने कुरो त्यो बालक जन्मँदा तोकिएको हुँदैन । पछि गएर समाजमा विद्यमान रहेका विपरीत लिङ्गी सांस्कृतिक तथा भाषिक नियमहरूलाई आत्मसात् गरेरै मात्र उक्त बालक वास्तवमा विपरीत लिङ्गी बन्न पुग्छ ।[40]

---

[37] सञ्जीव उप्रेती, *सिद्धान्तका कुरा*, ( काठमाडौँ : अक्षर क्रियसन्स, वि.सं. २०६८), पृ. २४४ ।

[38] *सञ्जीव उप्रेतीका अनुसार केही समलिङ्गी पुरुषहरू सर्जरीको माध्यमले शारीरिक परिवर्तन गरेर नारी बनेका छन् भने केही समलिङ्गी पुरुष। यस्ता नारी, पुरुषहरूलाई ट्रान्सजेन्डर (Trans Sexual) भन्ने गरिन्छ ।*

[39] पूर्ववत्, पृ. २५१ ।

[40] पर्ववत्, पृ. २४५ ।

आज स्त्री र पुरुषका बीच मात्र हुन सक्ने स्वाभाविक यौनक्रीडाको अवधारणा नै खण्डित भएको हुँदा यसरी नयाँ यथार्थअघि आएको हो । तर यस्ता विभिन्न किसिमका समलिङ्गीले सामाजिक न्याय पाउनका लागि पितृसातात्मक धारणाको अघि विरोधको मुखापेक्षी हुनुपरेको छ । समलिङ्गी विवाह सामाजिक नैतिकताको अघि भयानक चुनौती हुनाले यद्यपि यसको विरोध भइराखेकै छ।

विश्वमा यस्ता चुनौतीहरू हुँदाहुँदै पनि केही महादेशहरूमा जसरी विपरीत लिङ्गीहरूलाई वैवाहिक अधिकार सुरक्षित गरिएको छ, सोही अनुरूप त्यहाँका सामाजिक उदारवादी सरकारको अधिनमा समलैङ्गिक विवाहलाई पनि वैध मानिएको छ । उनीहरू दुई हजार सालको पहिलो दशकमै राज्यव्यापी समलैङ्गिक विवाहलाई वैधानिक उत्सवको रूपमा पालन गर्न सक्षम भइसकेका छन् । नागरिकहरूले गे (Gay) विवाहलाई प्रोत्साहित गर्दै विपुल समर्थन पनि गरेका छन्।

इसाई गणतान्त्रिक दलले सुरूमा सो कानुनको विरोध गरे पनि वर्तमानमा स्वीकृत हुनाले गे विवाह प्रचलित छ ।[41] लेश्विएन (Lesbian), गे (Gay), द्वैत लिङ्गी (Bisexual), तेस्रो लिङ्गी (Transgender) हरू मूल रूपमा *प्रो फेमिली* आन्दोलनको पहिलो निशाना भएका थिए । यस आन्दोलनले यिनीहरूलाई हुने भेदभावप्रतिको सुरक्षालाई समेत घोर विरोध गरेको हो ।[42] वास्तवमा समलिङ्गीहरूले आफैमा आएको मतभेदलाई पन्छाएर विरोधको सामूहिक कार्यक्रम बनाउनुपर्ने आवश्यकता छ।

---

[41] Gert Hekma, Jan Willem Duyvendak,''Gay men and lesbians in the Netherlands'', Steven Seidmen, Nancy Fischer (Editors), *Introducing the New Sexuality Studies*, (USA and Canada: Rutledge, 2007) p. 414.

[42] Tina Fetter, ''the pro-family movement'', Steven Seidmen, Nancy Fischer (Editors), *Introducing the New Sexuality Studies*, (USA and Canada: Rout ledge, 2007), p. 429.

यौनेच्छालाई केवल नैतिकताको साङ्लाले बाँधेर परिसीमित गर्नु नभएर यौनक्रीडामा संलग्न व्यक्तिहरू वयस्क छन् र राजीखुसी वा आपसी समझदारीअनुरूप नै आफ्नो यौनसाथी रोज्छन् भने सबै यौनव्यवहारहरू सामाजिक[43] रूपले स्वीकृत हुनुपर्छ भन्ने कुरालाई महत्त्व दिन सकिन्छ । उपरोक्त द्वलिङ्ग, समलिङ्ग, तृतीय लिङ्ग आदिमा गरिने व्यवहार नै वास्तवमा यौनविरोधी परिणाम हो भन्न सकिन्छ ।

## २.६ यौनमनोविज्ञानबारे सामाजिक र आध्यात्मिक मान्यता

यौनमनोविज्ञानलाई प्राकृतिक इतिहासको एक विभागको रूपमा मानेको पाइन्छ । यसको सम्बन्ध सम्पूर्ण मानव संस्कृतिसँग रहँदै आएको छ । यसमा सामाजिक परम्परा, रीति-थिति, नीति-नियम केन्द्रित रहन्छन् । सामाजिक सदाचार र धर्मको प्रभावसमेत यसमा पर्दछ[44] तापनि सामाजिक, धार्मिक र नैतिक दृष्टिकोणमा यौनलाई अलग अलग धारणाले व्यक्त गर्दै आएको पाइन्छ । मूल रूपमा आजसम्म मानिसका सारा संस्कृतिहरूले यौन वा काम र वासनाको विरोध गर्दै आएको छ ।

यस प्रकारको विरोधले मान्छेभित्र प्रेमको सम्भावनालाई तोडिदिएको छ । वास्तवमा प्रेमको सारा यात्राको प्रस्तानविन्दु नै काम हो, यौन हो । मानिस सामान्य जीवनमा यौनको अनुभव नगरी कहिल्यै पनि आफ्नो गहिरो प्राणमा जान सक्दैन । अतः जगत्मा समाधिको पहिलो अनुभव मानिसलाई यौनबाटै उपलब्ध हुन्छ ।[45] वस्तुतः कामबारे जनेन्द्रीय तथा व्यक्तिको भावनात्मक, शारीरिक अनि

---

[43] सञ्जीव उप्रेती, पूर्ववत्, पृ. २५२ ।

[44] हेवलॉक एलिस, पूर्ववत्, पृ. ४-५।

[45] OSHO, *from sex to Super consciousness*, Eleventh Reprint, (New Delhi: FULL CIRCLE Publishing, 2012), p. 42.

आध्यात्मिक आफ्नै स्वरूप छन् । यसै स्वरूपकै केन्द्रीयतामा यौनलाई लिइने गरेको छ । तल यौनबारे उपर्युक्त दृष्टिकोणलाई संक्षिप्त प्रस्तुत गरिन्छ :

*२.६.१ सामाजिक मान्यता*

सामान्यतया कुनै पनि सामाजिक मूल्य, परम्परा , नैतिकता, व्यवहार, रीति-थिति, नियम, वस्तु, तथ्य, विचार, बुझाइ, सरोकार आदिलाई प्रचलन, केही खण्डन पनि गर्दै त्यसमाथि दवाव राख्नु नै सामाजिक मान्यता हो भन्न सकिन्छ । प्रत्येक समाजको आ-आफ्नै सामाजिक अवधारणा हुन्छ । त्यस सामाजिक अवधारणाले समाजका मानिसहरूको ज्ञान, चेतना , मूल्य , मान्यता , परिस्थिति एवम् परिवेशअनुसार फरक फरक सोचादिलाई समेटेको हुन्छ । अतः यौनलाई पनि सामाजिक मान्यताको सरोकारको रूपमा लिन सकिन्छ ।

समाजमा यौन वा कामलाई मानवीय प्रकृत जैविक उपादानकै रूपमा मात्र स्विकारेको छ सामाजिक रूपमा यौन विपरीत लिङ्गीसँगको सहवासपछि हुने सन्तानोत्पतिको प्राकृतिक उपादान मात्र हो । जीवनको एउटा ठूलो शक्ति नै यौन भए पनि सामाजिक रूपमा यस शक्तिलाई दबाएर राखिन्छ । समाजमा यौनशक्तिबारे चर्चा कम हुने गर्छ । मानिस यौनबारे चर्चा गर्न डराउँछन् । यौनको कुरा गर्नाले मानिस अझ धेरै कामुक हुन्छ भन्ने भय छ, जसले समाजमा यौनको कुरा गर्दछ उसको आदर वा सम्मान घटाइन्छ ।

वास्तवमा यौनभन्दा महत्त्वपूर्ण मान्छेको जीवनमा अरू केही छैन, मान्छेले यौनलाई लुकाउन चाहन्छ, दबाउन चाहन्छ तर लुकाएर, दबाएर मान्छे यौनबाट मुक्त भएको छैन बरू मानिस यौनबाट अझ ग्रसित हुँदै गएका छन् । आज यौनको सस्तो प्रचारले पनि मानिस हैरान बनेका देखिन्छन् ।

बजारमा आएका हरेक विज्ञापनमा महिला वा पुरुषको नाङ्गो तस्वीर अनि चलचित्रहरूमा प्रदर्शित नाङ्गोपनाले पनि मानिसलाई कामुक गराउन प्रोत्साहित गरेको छ तर यसभन्दा पनि मान्छे अतिकामुक हुनका कारण गलत शिक्षाकै परिणाम हो भन्न सकिन्छ । जबसम्म यौनसम्बन्धमा खुला रूपले, सामान्य, स्वस्थ कुरा गर्न असमर्थ होइन्छ तबसम्म मानिसको कुनै पनि शक्तिले यौनलाई अतिक्रमण गर्न असमर्थ हुन्छ भन्ने यौन विशेषज्ञहरू ठादन्छन् । बालकलाई उसको जनेन्द्रीय विकासको अवस्थादेखि नै यौनबारे सीमित र अनावश्यक शिक्षा दिइने गरिन्छ अनि मनोवैज्ञानिक रूपमा यही कुराको विकास गराइन्छ ।

यौन जैविक आवश्यकतापूर्ति मात्र नभएर यसले समाजमा घृणित र निन्दनीय कार्यलाई पनि प्रोत्साहित गर्दछ भन्ने बुझाइन्छ । तर यौन वा काम मानिसका निम्ति प्रेमको सम्पूर्ण यात्राको प्रस्थान विन्दु हो भन्ने कुरादेखि मानिस अनविज्ञ छन् । यौन शारीरिक उर्जा मात्र नभएर यसको सोझो सम्बन्ध मनसँग रहेको कुरा आध्यात्मिक गुरुहरू मादन्छन् । उनीहरू शरीरलाई बलात्कार गर्न सकिन्छ र बलात्कारमा जे पनि अनुभव हुन्छ, त्यो शरीरको हुन्छ, त्यसमा यौनका सम्पूर्ण अनुभव उपलब्ध हुँदैन भन्ने ठान्दछन् ।

समाजमा यौन स्वतन्त्रताका लागि विवाह आवश्यक छ तर त्यस किसिमको विवाह पत्थर जस्तो हुन्छ । शरीरसँग हुने यस्तो विवाहले स्थिरता ल्याउँछ अनि त्यो समाजको हितमा हुन्छ तर त्यो स्थिरता शरीरको आधारमा ल्याइएको हुनाले त्यसमा प्रेम हुँदैन । त्यसैले शरीरभन्दा भित्र पति र पत्नीको सम्भोग र यौन पुग्न सक्दैन[46] भन्छन् । यसैले समाजमा यौनलाई शरीरसँग मात्र सीमित राखेर हेर्ने गरेकाले त्यसभन्दा माथि सामाजिक नैतिकताको रूपमा यौनलाई बुझ्न नसकेको अनुभव हुन्छ ।

---

[46] ओशो, पूर्ववत्, पृ. ८६ ।

*२.६.२ आध्यात्मिक मान्यता*

यौन पाप हो, यौन विष हो भन्ने सारा धर्मात्माको आ-आफ्नै विरोध सदैव रहँदै आएको छ। तर आध्यात्मिक गुरु ओशो के मान्छन् भने परमात्मसम्म पुग्नका लागि यौनलाई बुझ्न जरुरी छ, किनभने यौन सत्य छ। यस तथ्यलाई बुझ्ने मानिस परमात्मासम्म पुग्न सकिन्छ।[47] आध्यात्मिक गुरुहरू मानिसमा हुने यौन आकर्षणले धार्मिक अर्थ राख्छ भन्ने मान्छन्, जसलाई उनीहरू भन्छन् - मानिस सामान्य जीवनमा यौनको अनुभव नगरी ऊ कहिल्यै पनि आफ्नो गहिरो प्राणमा जान सक्दैन। कुनै क्षण कहिले गहिरो निद्राबाट जाग्छ। दोकान थाप्छ, काम गर्छ, यश कमाउँछ, पैसा कमाउँछ तर एउटा अनुभव कामको, सम्भोगले उसलाई गहिराइमा लैजान्छ र उसको गहिराइमा दुईवटा घटना घट्छ – एउटा सम्भोगको अनुभवमा अहंकार हट्दै जान्छ, अहंकारहीनता आउँछ। एकक्षणका लागि अहंकार बाँकी रहँदैन, एकक्षण त उसलाई म को हुँ भन्नसम्म पनि याद हुँदैन। धर्मको श्रेष्ठतम् अनुभवमा ''म'' बिल्कुलै मेटिएर जान्छ।

दोस्रो घटना – एकक्षणका लागि समय मेटिन्छ, समय शून्यता उत्पन्न हुन्छ, समाधिको अवस्थामा। यौनको अनुभवमा यी महत्त्वपूर्ण घटना हुन् जसमा न कुनै अतीत रहन्छ, न कुनै भविष्य। समय एकक्षणका लागि विलिन हुन्छ। यो धार्मिक अनुभूतिका लागि महत्त्वपूर्ण तत्त्व हो, प्रतिशोध शून्यता र समय शून्यता।[48]

---

[47] पूर्ववत्, पृ. ३७।

[48] पूर्ववत्, पृ. ३८-३९।

माथिका यौनमुखी आध्यात्मिक चिन्तनलाई हेर्दा मानिस यौनतर्फ किन आतुर छन् र यसैमा किन पागल बन्न पुगिरहेका छन् ? तर एउटा पुरुषको यौनातुर स्त्रीका लागि होइन, न कि स्त्रीको यौनातुर पुरुषका लागि नै हुनसक्छ । त्यो आतुरता शरीरका लागि नभएर अरू नै कुराका लागि भन्ने देखिन्छ, जुनचाहिँ उही अहंकार-शून्यताको अनुभवका लागि, समय-शून्यताको अनुभवका लागि हुने देखिन्छ ।

अतः धार्मिक गुरु ओशोको मान्यता यो छ - अहंकार मेटिनेबित्तिकै आत्माको झलक देखिन्छ । समय मेटिनेबित्तिकै परमात्माको झलक उपलब्ध हुन्छ ।[49] यसैले यौनको अनुभव लिँदा क्षणभरका लागि अहंकार मेटिन्छ साथै ''मेरोपन'' को भाव मेटिएर जाने देखिन्छ , जसले गर्दा मानवमाझ सौन्दर्य र प्रेमको सम्पूर्ण यात्राको प्रस्थान विन्दुतर्फ अग्रसर गर्दछ भन्ने अनुभव गर्न सकिन्छ ।

## २.७ साहित्यमा यौनमनोविज्ञानको प्रभाव

फ्रायडले जब यौनलाई नयाँ दृष्टिकोणले हेरे अनि त्यसबारे वैज्ञानिक आधार बनाए त्यसै बेलादेखि संसारको साहित्यमा त्यसको प्रभाव पर्न गयो र यौन विश्लेषणको परम्परा सुरू भएको हो । यसरी फ्रायडले समाजद्वारा घृणित, लाजलाग्दो, लुकाउनलायक, दबाउनलायक, त्यागी नै दिनुपर्ने सम्झिएको उपेक्षित यौनलाई उपयोगी, आनन्ददायक, देखाउन हुने, बताउन सकिने, समाजलाई नभई नहुने, साहित्य, कला र सङ्गीतको आत्मा, बुद्धिभन्दा धेरै बलियो, जसलाई दबाउन खोजे मानसिक विकारको रूपमा प्रकट हुने बताएपछि समाजमा यसको प्रभाव साहित्यकार, कलाकारहरूमा पर्न गयो

[49] पूर्ववत्, पृ. ३९ ।

। यसरी संयमित यौनसाहित्यदेखि लिएर नग्न, फोहोर पढ्नै नहुने घिनलाग्ने समेत लेखिन थाले । फलस्वरूप यौनवादी उपन्यास, कथा आदिको बाढीसमेत आएको हो ।[50]

वस्तुतः साहित्यमा यौन एउटा महत्त्वपूर्ण तत्त्वको रूपमा अभिनिहित हुनाले पूर्वीय र पश्चिमी दुवैतिरका साहित्यमा यसको सकारात्मक प्रभाव रहेको छ । पूर्वमा संस्कृतका वाङ्मय वेद, उपनिषद्, धर्मसूत्र, गृहसूत्र, मनुशास्त्रदेखि लिएर रामायण, महाभारतमा समेत यसको प्रभाव अभिछिन्न रहेको छ । संस्कृत काव्याचार्यहरू कालिदास, माघ, भारवि, श्रीहर्ष, भवभूति आदिका रचनाहरूमा यौनलाई बढी कलात्मक रूपमा प्रस्तुत गरेको पाइन्छ ।[51] पश्चिममा ग्रीसेली-रोमेली साहित्यदेखि नै यौनलाई एउटा विशेष रूचिका रूपमा प्रस्तुत गर्दै आएको हो ।

यसपछि त्यसै परम्परालाई अक्षुण्ण राख्दै अङ्ग्रेजी साहित्यमा सेक्सपियर, डी. एच. लरेन्स, जोन क्लिन्ड, जेडी स्मीथ, इमिल जोला,अलबेर्तो मोरामिया प्रभृत्ति स्रष्टाहरूले यौनमुखी कलात्मक रचनाहरू प्रस्तुत गरेका छन् । प्राचीन ग्रीसेली-रोमेली साहित्यमा देखिएको पुरुष स्वतन्त्रतापछि लेखिँदै गएका रचनाहरूमा विवाद पनि खडा भएको देखिन्छ तापनि पाश्चात्य साहित्यमा समान लैङ्गिकताको अवधारणा विकसित भएपछि यौन अझ चर्चाको विषय बन्न गयो , जसले समयान्तरमा विश्वसाहित्यलाई नै प्रभावित गर्यो ।[52]

साहित्यका विविध विधाहरू कविता, कथा, उपन्यास नाटकआदि यौनकेन्द्रित विषयमा प्रवाहित रहेको देखिन्छ । नेपाली साहित्यमा पनि यौनमूलक विषय प्रमुख रूपमा रहिआएको छ । नेपाली साहित्यका कविता, कथा, उपन्यास, नाटक आदि विधाहरूमा यौनलाई शिष्ट पारामा केन्द्रीय

---

50 यौन र नेपाली उपन्यास........पृ. १३१ ।

51 रूपचन्द गोविन्द चौधरी, पूर्ववत्, पृ. १० ।

52 सरोज राई, पूर्ववत्, पृ. ७७ ।

विषय बनाएर प्रस्तुत गरेको देखिन्छ । नेपाली काव्य विधाको माध्यमिककाललाई यौनमुखी साहित्यिक उत्कर्षकालको रूपमा लिएको पाइन्छ र यस काललाई शृङ्गारकाल पनि भनिन्छ ।[53] शृङ्गारको शाब्दिक अर्थ कामोद्रेक हो । मानव मनको कामलिप्सा वा कामवासनालाई बिउँझाउने र परिपोषण गर्ने भएकाले शृङ्गारलाई कामसित जोडेर पारिभाषिक अर्थ पनि दिने गरिएको छ ।[54] शृङ्गारको कामोत्तेजक भावचित्र उतार्नु यस कालावधिका काव्यको चिन्हारी रहेको छ , रामजीप्रसाद अर्यालद्वारा सम्पादित मोतीरामदेखि लेखनाथसम्मका कविहरूका प्रतिनिधि शृङ्गार कविताहरूको सङ्कलन पुस्तक *सूक्तिसिन्धु* (वि. सं. १९७४) यस कालको चरमोत्कर्ष हो । नेपाली साहित्यको माध्यमिककालको शृङ्गार काव्यपरम्परालाई कतिपय विद्वान् समालोचकहरूले व्यावहारिक दृष्टिले कला मानेका छन् भने कतिपय नीतिवादी समालोचकहरूले अश्लीलता र क्षयोन्मुख साहित्यको नमुना पनि भनेका छन्, तर मध्यकालीन शृङ्गार काव्यधारा न त कलाको अभिव्यक्ति न त क्षयोन्मुख साहित्यकै नमुना हो, यो काव्यधारा तत्कालीन युगको उपज हो र नितान्त अचेतन मनमा दबेर रहेका कामोत्तेजनाको प्रतीकात्मक अभिव्यक्ति हो भन्ने उल्लेख पाइन्छ ।[55] यसको परम्परा र पूर्वरूप स्वाभाविक शृङ्गारको चेतनाद्वारा मानवीय उदात्त भाव जागृत गर्ने नभई कामको लागि, कामको हेतु, कामको उद्देश्यले विलास-विह्वल र रतिलुब्धा, मदनोद्दीप्त भई सम्पूर्ण शृङ्गारको व्यञ्जना र भावना कामवासनालाई विकृत रूपले उतार्नुमा सीमित रह्यो[56] भन्ने अभियोग पनि रहेको छ ।

कामाशक्तिको उन्मेष गर्ने काव्यांशको एक उद्धृतांशलाई प्रस्तुत गरेर हेरौं -

---

[53] प्रतापचन्द्र प्रधान, *माध्यमिककालीन नेपाली कवितामा शृङ्गार,* ( वाराणसी : नाथ पब्लिशिङ हाउस, सन् १९८०), पृ. ११ ।

[54] , कृष्णचन्द्रसिंह प्रधान(सम्पा.), ''नेपाली शृङ्गारकालीन कविताको विकास'',*साझा समालोचना,* पाँचौँ सं.( काठमाडौँ : साझा प्रकाशन वि.सं. २०५८) पृ. १७३ ।

[55] प्रतापचन्द्र प्रधान, पूर्ववत् ।

[56] कृष्णचन्द्रसिंह प्रधान(सम्पा.), पृ. १७३ ।

**सुनन नानि वसन्त ऋतु छ यो।**

**मन त खुप् मुञि खान महाँ गयो।।**

**डर नमान म टोक्दिन चोटको।**

**चलिनद्यौ लिनद्यौ रस ओठको।। (** अग्निधर अधिकारी)[57]

यसरी नेपाली साहित्यमा काव्य विधाबाट थालिएको यौनमूलक विषय कालान्तरमा आख्यानमा पनि प्रभावकारी रहन गयो । तर आख्यानमा यौनलाई अत्यन्तै शिष्ट र मर्यादित कित्तामा आख्यानीकृत गरी सामाजिकवृत्तलाई संमवहन गरेको देखिन्छ । विशेषतः आधुनिककालको पूर्वार्द्धदेखि नै आख्यानजगत्मा यौन कथ्य रूपमा चर्चाको विषय बनेर अघि आएको हो ।

फ्रायडको प्रभावमा आएर तत्कालीन नेपाली सर्जकहरूले सामाजिक रूपमा देखाउन अमर्यादित मानिने यौनजस्तो बर्जित विषयलाई खुबै सभ्य र शिष्ट तरिकाले उठान गरी नितान्त नवीन दिशाप्रति अग्रसर गराए । सर्वप्रथम रूपनारायण सिंहको *भ्रमर*मा नायक इन्द्रशेखर र मायाको प्रणय प्रसङ्गलाई लिन सकिन्छ । त्यसपछि गोविन्दबहादुर मल्ल गोठालेकृत *पल्लो घरको झ्याल* फ्रायडवादलाई उपयोग गरी काम-अभुक्ति वा कुण्ठाको अध्ययनमा जोड दिई लेखिएको औपन्यासिक कृति हो ।

यौनलाई नै आकर्षणको कथ्य साँचामा फुरेर आख्यानात्मक कलवेरमा संवर्द्धित गर्ने गोठालेपछि अर्का सर्जक विजय मल्ल, विश्वेश्वरप्रसाद कोइराला हुन् । यी प्रतिभाहरूले यौनलाई समाज र परिवारसामु देखाउन अनि भन्न सकिने शिष्टताको उन्मेष गराए । यी पछि साहित्यमा यौनलाई प्रत्यक्ष-

---

[57] पूर्ववत्, पृ. १७९ ।

परोक्ष कथ्य रूपमा प्रयोग गर्नेहरूको केही नामोल्लेख गर्न सकिन्छ – तारिणीप्रसाद कोइराला, धुस्वाँ सायामी, पारिजात, पोषण पाण्डे, रमेश विकल, भवानी भिक्षु, परशु प्रधान, सुवास, कृष्ण धरावासी, गुप्त प्रधान, प्रदीप गुरुङ, राजेन्द्र थापा, धन सुब्बा 'निर्दोष' आदि प्रमुख हुन् ।

माथिका सर्जकहरूले यौनलाई मानिसको प्रकृत उपादानको जैविक वस्तुको रूपमा मात्र हेरी पात्रको मानसिक गतिविधिलाई चित्रण गर्ने प्रचेष्टा गरेका देखिन्छन् । फ्रायडीय यौन मनोविश्लेषणवादी सिद्धान्तप्रति आकर्षित भएर पात्रको मनोविश्लेषणात्मक अध्ययन गर्दा मान्छेको अचेतन मनमा दमित काम वा यौनले पार्ने प्रभावलाई झल्काउने प्रयासबाहेक माथिका सर्जकहरूलाई यौनवादी भन्न सक्ने स्थिति छैन । सन्दर्भमा समाज वा साहित्यमा आज यौनप्रतिको बदलिँदो दृष्टिकोण, मूल्य, मान्यता र अभ्यासमा भएका क्रान्तिकारी परिवर्तनलाई लिएर हेर्दा नेपाली साहित्यमा यौनमनोविश्लेषणात्मक आख्यानमा वीपी कोइरालापछि धेरै खुलेर लेख्न आँट गर्ने सर्जक राजेन्द्र थापाका नामअघि आउँछ । उनको *खेलौना* (वि.सं. २०७०) यौनशोषणसँग केन्द्रित उपन्यास हो । यही प्रसङ्गमा उपन्यासकार प्रेम प्रधानका उपन्यासकारितालाई आगामी अध्यायमा विस्तृत रूपमा केलाएर हेरिन्छ ।

## तेस्रो अध्याय

## उपन्यासकार प्रेम प्रधानका संक्षिप्त जीवनी, कृतित्व र व्यक्तित्व

### ३.१ परिचय

समकालीन भारतीय नेपाली साहित्यमा प्रेम प्रधान एक बहुमुखी प्रतिभा हुन् । उनले साहित्यका विविध विधाहरू कविता, कथा, उपन्यास, समालोचना र निबन्धमा कलम चलाएका छन् । यीबाहेक उनले बालोपयोगी पुस्तकसँगै , जीवनीलेखन एवम् साहित्यिक पत्रपत्रिकाको सम्पादन कार्य पनि गरेका छन् । उनले भारतलगायत नेपालबाट प्रकाशित हुने विभिन्न पत्रपत्रिकामा विधामूलक रचनाहरू प्रकाशित गरेका छन् । विज्ञान, जीवविज्ञान एवम् अन्य विषयमा आधारित विद्यालय स्तरका पाठ्यपुस्तकहरू पनि नेपाली, अङ्ग्रेजी दुवै भाषामा लेखेका छन् । यति हुँदाहुँदै पनि उनलाई यौनमनोविश्लेषणवादी कथाकार औ उपन्यासकारको रूपमा नै बढी चिनिन्छ । भारतीय नेपाली सर्जकहरूमा यौनलाई सचेष्ट रूपमा आख्यानात्मक साँचामा हालेर प्रयोग गर्ने सर्जकहरूमध्ये उनी पनि एक हुन् । यौनलाई नै आख्यानवृत्तमा केन्द्रीय विषय बनाएर व्यक्तिको आन्तरिक तथा बाह्य यौन जीवनको विश्लेषण गर्नु उनको आख्यानकारिताको विशेषता हो , तापनि उनी नग्न यौनवादी आख्यानकार भने होइनन् ।

कलिलो उमेरदेखि नै उनले साहित्यप्रति झुकाउ राखेर निरन्तर कलम चलाउँदै आजसम्म सवा चालीस वर्षको साहित्यिक यात्रा तय गरिसकेका छन् । उनको पहिलो रचना *जनदूत* नामक पत्रिकाको वर्ष ५, अङ्क ६, सन् १९६५ मा *विन्दुली* शीर्षक कथा प्रकाशित भएको देखिन्छ । यसरी कथा

विधाबाट आफ्नो साहित्यिक यात्रा सुरू गर्ने सर्जक प्रेम प्रधान मूल रूपमा यौनमनोविश्लेषणवादी कथाकार एवम् उपन्यासकार नै हुन् । नेपाली साहित्यमा प्रेम प्रधानको आफ्नो छुट्टै स्थान सुरक्षित रहेको छ । उनको संक्षिप्त जीवनवृत्त तल प्रस्तुत गरिन्छ -

## ३.१ संक्षिप्त जीवनी

प्रेम प्रधानका संक्षिप्त जीवनीका रूपमा तल विभिन्न तथ्यहरूलाई समेटेर प्रस्तुत गरिन्छ ।

### *३.१.१ जन्म*

प्रेम प्रधानको जन्म सन् १ जून १९४८ को दिन माता स्व. गङ्गादेवी प्रधान अनि पिता स्व. बाबुलाल प्रधानको कोखबाट पहिलो सन्तानको रूपमा भएको हो ।

### *३.१.२ जन्मस्थान*

प्रेम प्रधानको जन्म मिरिक खण्ड विकास क्षेत्रअन्तर्गत सौरेनी बजारमा भएको हो । वर्तमानमा उनी दार्जीलिङ सहरको सरस्वती निवास, मिल्की वे ३७, लेडेन्ला रोडस्थित घरमा अवकास प्राप्त जीवन बिताउँदै साहित्यको सेवा गरिरहेका छन् ।

### *३.१.३ विवाह*

प्रेम प्रधानको विवाह ५ मार्च १९७१ को दिन नेपालको धराननिवासी पियूष श्रेष्ठसँग भएको हो । यी दम्पतिबाट एक छोरो र दुई छोरी सन्तानका रूपमा जन्मिएका छन् ।

### *३.१.४ शिक्षा*

प्रेम प्रधानको प्रारम्भिक शिक्षा सौरेनी रवीन्द्रनाथ उच्च विद्यालयबाट भएको हो । यसै विद्यालयमा छैटौँ कक्षासम्म अध्ययन गरेपछि दार्जीलिङको सन्त रोवर्ट उच्च विद्यालय हुँदै दार्जीलिङ सरकारी महाविद्यालयबाट प्रि. यूनिभरसिटी, बोटानीमा बी. एस्सी अनर्स्का साथै एम. एस्सी तहका परीक्षाहरू सन् १९७०भित्रमा सफलतापूर्वक उतीर्ण गरे ।

*३.१.५ पेशा*

प्रेम प्रधान पेशाले शिकक्ष हुन् । उनले दार्जीलिङलगायत कालेबुङका विद्यालय एवम् महाविद्यालयमा सेवा पुर्याषएका छन् । कालेबुङ सरकारी उच्च विद्यालय, दार्जीलिङ सरकारी महाविद्यालय, दार्जीलिङ सन्त जोसेफ महाविद्यालय जस्ता शैक्षिक संस्थानहरूमा संलग्न रही अन्तमा दार्जीलिङ सरकारी उच्च विद्यालयमा प्रधान शिक्षकको रूपमा संलग्न रहेर अवकास प्राप्त गरेका हुन् ।

*३.१.६ सङ्घ संस्थासँग संलग्नता*

प्रेम प्रधान विभिन्न साहित्यिक एवम् सामाजिक सङ्घ सस्थाहरूसँग आजीवन रूपमा संलग्न रहदैँ आएका छन् । उनी संस्थागत संलग्नताको रूपमा दार्जीलिङ साहित्य सम्मेलनको आजीवन सदस्यसँगै मूल सचिव पदमा सन् १९८३-१९८७ तथा सन् १९८९-१९९३ सम्म अनि अध्यक्षको पदमा सन् २००२-२००६ सम्म र सन् २००३-२००७ सम्म साहित्य अकादमी दिल्लीअन्तर्गत नेपाली भाषा परामर्श समितिमा साधारण सदस्य , दार्जीलिङ गोर्खा दु :ख निवारक सम्मेलनका आजीवन सदस्य र भारतीय सांस्कृतिक निधि, दार्जीलिङ च्याटर, दार्जीलिङ धीरधाम बोर्ड अफ ट्रसटिस, दार्जीलिङ लायन्स क्लब, दार्जीलिङ हिमाली विज्ञान प्रतिष्ठानआदिमा संलग्न रहिआएका छन् । वर्तमान (सन्

२०१३) देखि साहित्य अकादमी दिल्लीअन्तर्गत नेपाली भाषा परामर्श समितिका संयोजक पदमा संलग्न छन्।

*३.१.७ मान-सम्मान*

प्रेम प्रधान साहित्य अकादमी पुरस्कार (सन् २००२), सिक्किम सम्मान सम्मिलन (सन् २००४), सिक्किम सरकारद्वारा सम्मानित एवम् आजीवन साहित्यिक भत्ता आदिद्वारा पुरस्कृत एवम् सम्मानित व्यक्तित्व हुन् ।

*३.१.८ अनान्य*

प्रेम प्रधानले साहित्य अकादमी दिल्लीद्वारा साहित्यिक भ्रमण अनुदान (सन् १९९२) प्राप्त गरेका तथा हाल उनी आकशवाणी खरसाङमा वार्ताकारको रूपमा पनि संलग्न रहिआएका छन् ।

## ३=२ कृतित्व

समकालीन भारतीय नेपाली साहित्यमा प्रेम प्रधान एकजना प्रयोगवादी कथाकारका साथै उपन्यासकाकारका दोहोरो व्यक्तित्वले प्रतिष्ठित छन् । नेपाली साहित्यमा प्रचलित यौनमनोविज्ञानलाई सचेत रूपमा प्रयोग गरी उनले आफूलाई यौनमनोविश्लेषणवादी सर्जकका लहरमा उभ्याएका छन् । यौनमनोविज्ञान अथवा रतिरागलाई औपन्यासिक कथानकमा मूल विषयका रूपमा प्रस्तुत गर्ने सर्जकहरू गोविन्दबहादुर मल्ल 'गोठाले', विश्वेश्वरप्रसाद कोइराला, भवानी भिक्षु, पोषण पाण्डेजस्ता पूर्वज सर्जकहरूको परम्परामा प्रेम प्रधान अधुनातन आख्यान सिर्जनतर्फ प्रवृत्त रहेका देखिन्छन् ।

उनका मौलिक तथा सम्पादित कृतिहरू यस प्रकारका छन् :

| क्र.सं | विधा | पुस्तकको नाम | प्रकाशन काल |
|---|---|---|---|
| १. | कथा | कालो सर्प | सन् १९९५ |
| २. | उपन्यास | उदासीन रूखहरू | सन् १९९९ |
| ३. | उपन्यास | प्रयोगको मेसिन | सन् २००९ |
| ४. | समालोचना | केही अध्ययन : केही विवेचना | सन् २००९ |
| ५. | जीवनी | शिव प्रधान : व्यक्ति अनि व्यक्तित्व | सन् २००९ |
| ६. | बाल पुस्तक | हाम्रा केही उपयोगी वनस्पतिहरू | सन् १९९५ |
| ७. | सम्पादन | १. दियालो<br>२. हिमलोक<br>३. चाँप गुराँस<br>४. मनन (सहयोगी)<br>५. नेपाली डाइजेस्ट | |

माथिका प्रकाशित कृतिहरूलाई हेर्दा प्रेम प्रधानले साहित्यका विविध विधाहरूमा कलम चलाएको देखिन्छ । उनलाई भारतीय नेपाली साहित्यको ऐतिहासिक पृष्ठभूमिमा एकजना उम्दा कथाकारसँगै उपन्यासकारका रूपमा बढी चिनिन्छन् । उनका विभिन्न समानधर्मी साहित्यिक व्यक्तित्वलाई तल अलग अलग रूपमा प्रस्तुत गरेर हेर्न सकिन्छ ।

## ३.३ साहित्यिक व्यक्तित्व

प्रेम प्रधानले नेपाली साहित्यका विविध विधामा कलम चलाएका हुनाले उनलाई हामी विभिन्न साहित्यिक व्यक्तित्वका रूपमा चिन्न सक्छौँ । तीमध्ये निम्नलिखित व्यक्तित्वहरू उनका प्रमुख साहित्यिक व्यक्तित्वहरू हुन् ।

### *३.३=१ कथाकारका रूपमा प्रेम प्रधान*

भारतीय नेपाली साहित्यका क्षेत्रमा प्रेम प्रधान एकजना प्रयोगधर्मी कथाकार हुन् । उनका कथाकारिताले भारतीय नेपाली साहित्यको सोपानमा वैज्ञानिक कथालेखनको उन्मेष गराएका छन् । फ्रायडीय यौनमनोविज्ञानको कथालेखनतिर उनको कलम सक्रिय रहेको छ । उनका कथाहरू प्रायः मनोविश्लेषणात्मक एवम् वैज्ञानिक देखिन्छन् ।[58] उनका अधिकांश कथाहरूमा फ्रायडीय चिन्तन, अस्तित्ववादी दृष्टिकोण र विसङ्गतिवादी धाराहरूको स्पष्ट छाप पाइन्छ ।[59]

प्रेम प्रधानका कथाहरूमा पाइने मूल मूल विशेषता निम्नलिखित प्रकारका छन् ।

---

[58] लक्खीदेवी सुन्दास, *उदासीन रूखहरू*,(दार्जीलिङः साझा प्रकाशन,सन् १९९९), पृ. क ।
[59] कृष्ण प्रधान, *उदासीन रूखहरू*,(दार्जीलिङः साझा प्रकाशन,सन् १९९९), पृ. क ।

१. प्रेम प्रधानका अधिकांश कथामा पाइने मूल विशेषता फ्रायडीय यौनमनोविश्लेषण हो भने स्वप्नसिद्धान्तको प्रतीकात्मक प्रयोग पनि अन्य विशेषताको रूपमा लिन सकिन्छ । उनका प्रतिनिधि कथाहरूको सङ्ग्रह *कालो सर्प* लाई स्वप्न प्रतीकीकरणको नमूना कथासङ्ग्रह मान्न सकिन्छ ।

२. पात्रको दमित आकाङ्क्षालाई अन्तर्मनको व्यञ्जक प्रस्तुतिको रूपमा यौनजन्य प्रतीकहरूलाई टिपेर प्रस्तुत गरेको *कालो सर्प* शीर्षक कथा स्वप्नसिद्धान्तको प्रतीकात्मक प्रयोगको एउटा जीवन्त नमूना हो । व्यक्तिको यौनगत अन्तःक्रिया र तिनका अचेतन तहमा दबेर रहेको मानसिक प्रक्रियाको खोज गरी दमित यौनेच्छाको कारण खुट्याउनु र मानसिक कुण्ठाको विश्लेषण गर्नु उनको अर्को कथागत विशेषता हो ।

३. नारीको यौनजन्य अनुभूतिलाई केलाउँदै नारीप्रति सहानुभूति प्रकट गरी तिनमा भएको मातृ सस्नेह र यौनसंवेदनलाई आत्मसात् गर्नु पनि उनको कथामा पाइने विशेषता नै हो ।

४. सामाजिक अन्तरङ्गलाई यथार्थवादी कित्तामा समावेश गरी सामाजिक अहम्को कारणबाट हुने यौन अतृप्तिको विश्लेषण गर्नु पनि उनको विशेषता हो ।

माथिका मूल मूल विशेषताहरूबाहेक निम्नलिखित विशेषताहरू पनि उनका कथामा नपाइने होइन । जस्तै,

- व्यक्तिको हीनताबोधको नकारात्मक प्रभावले पारिवारिक विघटनलाई प्रश्रय दिइँदै आएको सामाजिक अव्यवस्थितिको चित्रण गर्नु,
- काल्पनिक घटनावृत्तबाहेक वैज्ञानिक कथालेखनमा पनि जोड दिनु,

❖ अन्तमा फ्रायडको काम चेतना र भावनालाई महत्त्वपूर्ण स्थान दिएर फ्रायडीय सिद्धान्तअनुरूप व्यक्तिको यौन मानसिक जीवनलाई विशेषता दिँदै यौनगत जीवनका विविध पक्ष र मानव मनका विविध अवस्थाहरूको अध्ययन गर्नु ।[60]

प्रेम प्रधानका कथामा पाइने यस्ता अनेक विशेषताहरू छन् तर समग्रमा उनका कथाहरू निजत्व रतिरागको केन्द्रीयतामा आधारित छन्, कथाहरूमा अश्लीलता तथा यौनको नग्न प्रदर्शन नभई शिष्टता र मर्यादाको सीमाभित्र नै उनका कथाहरू लेखिएका छन् । आफ्नो अतृप्त यौनेच्छालाई कुठाराघात गर्दा व्यक्तिभित्र कस्तो मन:स्थिति जन्मिन्छ अनि यौनका कारणले मानिस कसरी अस्थिर[61] बन्दछ भन्ने मनोविश्लेषणको रेखाङ्कन नै उनका कथाको विशेषता हो ।

*३.३.२ उपन्यासकारका रूपमा प्रेम प्रधान*

प्रेम प्रधान कथाकारबाहेक उम्दा उपन्यासकार पनि हुन् । फ्रायडवादी यौनमनोविज्ञान र अस्तित्ववादी मनोविश्लेषणका प्रवाहबाट नेपाली उपन्यासमा सुहाउने तरङ्गहरू [62] टिप्नु उनको औपन्यासिक विशेषता हो । यौनमनोविश्लेषणबाहेक नारी मुक्तिचेतना, सामाजिक विसङ्गति र निस्सारताको उत्खनन्नलाई पनि उनको औपन्यासिक कथ्य विषय मान्न सकिन्छ । पात्रहरूको मन र वृत्तिहरूको अध्ययन, अचेतन मनोवृत्ति र आन्तरिक जीवनको खोज, मानसिक प्रकृत मूल्यको यथार्थ, अवमूल्य, मानव जीवनका विविध पक्षहरूलाई[63] उनका उपन्यासले समेटेको देखिन्छ ।

प्रेम प्रधानका उपन्यासमा पाइने मूल मूल विशेषता निम्नलिखित प्रकार छन् -

---

60 शिव प्रधान, ''प्रेम प्रधानः कथाको नयाँ क्षितिज'', *कालो सर्प*, (सिक्किम : विश्व इन्टरप्राइज, सन् १९९५), पृ. ख ।

61 पूर्ववत्, पृ. घ ।

62 शरद छेत्री, *केही पृष्ठहरू अध्ययनका*, (दक्षिण सिक्किम : नाम्ची, निर्माण प्रकाशन, सन् २००६), पृ. १८३ ।

63 प्रेम प्रधान, ''आफ्नो भनाइ'', *प्रयोगको मेसिन* , (दार्जीलिङ : श्याम प्रकाशन, सन् २००९), पृ. ङ ।

- फ्रायडीय मनोविश्लेषणका आधारमा मान्छेका मनका तीन तह्लाई औंलाउँदै अचेतनबाट प्रकट हुने मानसिक कुण्ठा, भय, हीनताबोध, पापबोध, पश्चतापबोध र रागात्मक वृत्ति आदिको विश्लेषण गर्नु,
- पितृसत्ताप्रति परोक्ष विरोध गरी नारी शोषण र उत्पीडनको यथार्थ पक्षलाई केलाउँदै नारीप्रति सहानुभूति प्रकट गर्नु,
- सामाजिक अनैतिकता र मानसिक मनोवृत्तिका विविध पक्षको उद्घाटन गर्ने क्रममा स्वैरकल्पनाप्रति पनि उन्मुख रहनु,
- मानिसलाई प्राकृतिक वृत्तिकै सहज उपज ठान्दै यसबाट अलक हुँदा मान्छे मानसिक विकार र रूग्णताको शिकार बन्न पुग्छ भन्ने भाव प्रकट गरी मानिसको प्राकृतिक वृत्तिप्रति विश्वास व्यक्त गर्नु,
- विज्ञान आख्यानप्रति प्रवृत हुँदै वैज्ञानिक प्रविधिबाट प्राप्त भौतिक सुखको कारण जीवनप्रति वितृष्णा प्रकट गर्नु,
- अनेक सामाजिक र मानसिक उत्पीडन, निराशा र अर्थहीनतालाई जेलेर बाँचे पनि पात्रमा जीवनप्रतिको आशा प्रकट गर्नु ।

उपर्युक्त औपन्यासिक विशेषताहरूलाई हेर्दा प्रेम प्रधानका उपन्यासको आधार कथ्य यौनमनोविश्लेषण नै हो, तापनि सामाजिक विकृति र विसङ्गतिलाई पनि अवान्तर रूपमा प्रकट गरेको पाइन्छ । भारतीय नेपाली आख्यानपरम्परामा यौनलाई सुन्दर र कलात्मक ढङ्ले प्रस्तुत गरी यौनलाई

सामाजिक मूल्य र मानिसको अपरिहार्य आवश्यकताको रूपमा प्रतिष्ठापित गर्नु प्रेम प्रधानको आख्यानात्मक वैशिष्ट्य हो ।

*३.३.३ समालोचकका रूपमा प्रेम प्रधान*

प्रेम प्रधान आख्यानकारकसँगै एकजना विज्ञ समालोचक पनि हुन् । उनी प्रायोगिक किसिमका समालोचक हुन् । उनका समालोचनाको खिप्ति बौद्धिक प्रकारका छन् । उनले पश्चिमी समालोचनात्मक सिद्धान्तलाई आत्मसात् गरी आफ्नो समालोचनाको मूल धार बनाएका छन् । प्रेम प्रधान आख्यानकारबाहेक समालोचक पनि हुन् भन्ने प्रमाण उनका *केही अध्ययन केही विवेचना* समालोचनात्मक कृतिले दिँदछ ।

*३.३.४ बाल साहित्यकारका रूपमा प्रेम प्रधान*

प्रेम प्रधानले बालोपयोगी पुस्तक पनि लेखी नेपाली बालसाहित्यको विकासमा ईटा थप्ने काम गरेका छन् । बालकहरूको मनोविज्ञानलाई सुहाउँदो र सहज किसिमको बाल पुस्तकाकार लेखनमा उनको कलम अघि बढेको पाइन्छ । नेपाली समाज र संस्कारसँग सम्बन्धित हाम्रै वरिपरिका वनस्पतिको उपयोगिताबारे पनि उनी सचेष्ट छन् । उनका *हाम्रा केही उपयोगी वनस्पतिहरू* बालोपयोगी कृतिको रूपमा लिन सकिन्छ ।

*३.३.५ जीवनीकारका रूपमा प्रेम प्रधान*

प्रेम प्रधानले जीवनीलेखनमाथि पनि कलम चलाएका छन् । उनको *शिव प्रधान : व्यक्ति अनि व्यक्तित्व* लाई एउटा उल्लेखनीय कृतिको रूपमा लिन सकिन्छ । वास्तवमा शिव प्रधान नेपाली साहित्यका क्षेत्रमा एकजना सक्रिय लेखक हुन् भन्ने जानकारी प्रस्तुत पुस्तकको अध्ययनबाट प्राप्त हुन्छ ।

*३.३.६ सम्पादकका रूपमा प्रेम प्रधान*

प्रेम प्रधानले साहित्यका विविध विधाहरूमा कलम चलाउँदै भए पनि विभिन्न पत्र –पत्रिकाहरूका सम्पादन कार्य पनि गरेका छन् । *दियालो, हिमालोक, चाँप गुराँस , मनन* (सहयोगी), *नेपाली डाइजेस्ट* आदि उनका सम्पादित पत्रपत्रिका तथा पुस्तकहरू हुन् भने पाठ्यपुस्तक आदि लेखनमा पनि उनले सम्पादन गरेका छन् ।

## ३.४ भारतीय नेपाली उपन्यासपरम्परामा प्रेम प्रधानको स्थान

भारतीय नेपाली उपन्यास भन्नाले भारतबाट प्रकाशित भारतबाहिरका नेपाली उपन्यासकृतिहरूलाई समेत मान्नुपर्ने या भारतवासी नेपालीहरूद्वारा लिखित औपन्यासिक कृतिहरूलाई मात्र मान्नुपर्ने, यो एउटा अन्योलको विषय छ । त्यसमा पनि भारत छाडेर अन्य देशमा बसोबास गर्ने नागरिकका रूपमा अथवा गैरनागरिक नेपाली स्रष्टालाई भारतीय नेपाली उपन्यासकारका रूपमा मान्नु वा नमान्नु, त्यसमा पनि समस्या नै छ । लैनसिंह वाङ्गदेल, पारिजात यसका उदाहरण हुन् ।

केही विद्वान्हरू भारतीय नेपाली उपन्यासपरम्परामा सदाशिव शर्माले *महेन्द्रप्रभा* (सन् १९०२) प्रथम मौलिक उपन्यास लेखेर छपाए ।[64] प्रस्तुत उपन्यासमा काशीबाट प्रकाशित भएको हो । तर *दार्जिलिङका नेपाली उपन्यास परम्परा र प्रवृत्ति* नामक पुस्तकमा मोहन. पी. दाहालले प्रशमान प्रधान (पारशमणि प्रधान)-का अनूदित *हिरण्यमयी चरित्र* (सन् १९१५), *राधारानी* (सन् १९१६) र मौलिक अनुमान गरिएको प्रतिमानसिंह लामाको *महाकाल जासूस* (सन् १९१८) बाट दार्जीलिङ अञ्चलमा नेपाली उपन्याससाहित्यको थालनी भएको र रूपनारायण सिंहका *भ्रमर* (सन्, १९३६) एवम्

---

[64]असित राई, *भारतीय नेपाली साहित्यको इतिहास*, ( दार्जीलिङ : साझा प्रकाशन, सन् २००६), पृ. १४० ।

लैनसिंह वाङ्गदेलका *मुलुकबाहिर* ( सन् १९४८), *माइतघर* (सन् १९४९) र *लङ्गडाको साथी* (सन् १९५१) जस्ता औपन्यासिक कृतिहरूले यस अञ्चलमा मौलिक नेपाली उपन्यासलेखन परम्पराको समुचित रूपले विकास गरेका हुन्[65] भन्ने उल्लेख गरेका छन् ।

भारतीय नेपालीहरूको सामाजिक, सांस्कृतिक रूपमा केन्द्रीय स्थल भन्नु नै दार्जीलिङ भएकाले दार्जीलिङ को नाम उल्लेख हुनु स्वाभाविक देखिन्छ । भारतीय नेपाली उपन्यासको प्रारम्भिकचेष्टा पनि दार्जीलिङबाट नै भएको पाइन्छ । यस सन्दर्भमा पूर्ववर्ती गङ्गाप्रसाद प्रधानले थालनी गरेको अनूदित आख्यानपरम्पराको शृङ्खलामा प्रशमान प्रधानको *हिरण्यमयी चरित्र* लाई (भारतीय नेपाली उपन्यासपरम्परामा) एउटा महत्त्वपूर्ण आख्यान चेष्टा मान्न सकिन्छ ।[66] *हिरण्यमयी चरित्र* (सन् १९१९) र *राधारानी* (अनु. का. सन् १९१६ तिर) जस्ता बङ्गला उपन्यासहरूको अनुवादबाट दार्जीलिङ अञ्चलमा पारसमणि प्रधानले नेपाली उपन्याससाहित्यको थालनी गरेका हुन् ।[67] अनुवाद परम्पराबाटै हुर्केको गद्य आख्यानपरम्परालाई त्यागदै सन् १९१८ मा खरसाङका प्रतिभा प्रतिमानसिंह लामाको *महाकाल जासूस* नामक मौलिक उपन्यास देखापर्छ । विषयवस्तुको चयन र प्रस्तुतिका दृष्टिले यही नै नेपालबाहिरको पहिलो मौलिक कृति पनि हो ।[68] हाल अप्राप्य रहेको प्रतिमानसिंह लामाको *महाकाल जासूस* (सन् १९१८) यस अञ्चलको पहिलो मौलिक नेपाली उपन्यास हो भन्ने अनुमान गर्न सकिन्छ ।[69] *महाकाल जासूस* भारतीय स्वतन्त्रता आन्दोलनलाई सक्रिय तुलाउनका निम्ति जासूसी आवरण

---

[65] मोहन पी. दाहाल, *दार्जीलिङका नेपाली उपन्यास परम्परा र प्रवृत्ति*, ( दार्जीलिङ : श्याम ब्रदर्स प्रकाशन, सन् २००१), पृ. ६६ ।

[66] प्रतापचन्द्र प्रधान, "भ्रमर उपन्यासपूर्व दार्जीलिङमा नेपाली उपन्यासका प्रारम्भिक चेष्टाहरू", सतीश रसाइली,डी.एस. मोक्तान आदि(सम्पा.), *दियालो*, ( दार्जीलिङ : चन्द्रकुमार राई प्रकाशन, सन् २००८), पृ. ४४ ।

[67] मोहन पी. दाहाल, पूर्ववत्, पृ. १२३ ।

[68] प्रतापचन्द्र प्रधान, पूर्ववत्, पृ. ४८ ।

[69] मोहन पी. दाहाल, पूर्ववत्, पृ. १२३ ।

दिइएको क्रान्तिकारी उपन्यास थियो । यसलाई माध्यमिकता र आधुनिकता बीचको दोसाँधको सङ्क्रमणकालीन अवस्थामा रहेको सचेत औपन्यासिक चेष्टाको रूपमा अन्दाज गर्न सकिन्छ ।[70]

अध्ययन सुविधाका निम्ति भारतमा बसोबास गर्ने नेपालीहरूद्वारा लिखित तथा उनीहरूद्वारा भारतबाटै प्रकाशित उपन्यासलाई मात्र भारतीय नेपाली उपन्यासको रूपमा हेर्दा केही सजिलो अनि वैज्ञानिक पनि हुने देखिन्छ । रूपनारायण सिंहको *भ्रमर* कलापूर्ण पूर्णाङ्ग आधुनिक उपन्यासपूर्व अनूदित रूपमै भए पनि भारतीय नेपाली उपन्यासहरूमा प्रशमान प्रधान (पारसमणि प्रधान) का *हिरण्यमयी चरित्र* (सन् १९१५) र *राधारानी* (सन् १९१६), प्रतिमानसिंह लामाको *महाकाल जासूस* (सन् १९१८-१९१९)[71], शेषमणि प्रधानको *विलायत यात्रा* (सन् १९१८) आदि प्रमुख देखिन्छन् । कलापूर्ण तथा आधुनिक उपन्यास सिर्जनका लागि एउटा स्वस्थ औपन्यासिक वातावरण तयार गर्नमा यी उपन्यासहरूको महत्त्वपूर्ण भूमिका रहेको छ ।

भारतीय नेपाली आधुनिक उपन्यासको परम्परालाई हेर्दा रूपनारायण सिंहको *भ्रमर*देखि वर्तमान प्रदीप गुरुङको सूत्रउपन्यास *पोस्टर र लात (सन् २०१०)* सम्म आइपुग्दा एउटा विशेष कालखण्ड हुँदै विविध प्रवृत्तिहरूको विकास भएको पाइन्छ । जस्तै, स्वच्छन्दतावादी प्रवृत्ति (*भ्रमर*, सन् १९३६ देखि सन् १९४७ सम्म), यथार्थवादी प्रवृत्ति ( *मुलुक बाहिर*, सन् १९४८ देखि सन् १९५० सम्म), अतियथार्थवादी प्रवृत्ति ( *लङ्गडाको साथी* , सन् १९५१ देखि सन् १९६४ सम्म), विसङ्गतिवादी प्रवृत्ति ( *आज रमिता छ* , सन् १९६४, *निलकण्ठ*, सन् १९८४) अस्तित्ववादी प्रवृत्ति (*अस्तित्वको खोज* , सन् १९६६ देखि सन् १९७१), प्रगतिवादी प्रवृत्ति *दुई मुहान एक स्रोत* , सन्

---

70 प्रतापचन्द्र प्रधान, पूर्ववत्, पृ. ४९ ।

71 घनश्याम नेपाल, *नेपाली साहित्यको परिचयात्मक इतिहास* ,संशोधित र परिवर्द्धित सं.(सिलगढी : एकता बक्स हाउस, सन् २००९), पृ. १५३ ।

१९७२ देखि, मनोवैज्ञानिक प्रवृत्ति ( *घाम डुबेपछि,* सन् १९७६ देखि), सूत्रलेखन ( *पोस्टर र लात* सन् २०१० सम्म) आदि मुख्य मुख्य औपन्यासिक प्रवृत्ति र मोडहरू हुन् । यी विविध प्रवृत्तितर्फ उन्मुख औपन्यासिक कृतिहरूलाई विशेष तीन कालखण्डमा छुट्याएर हेर्नु उपयुक्त हुनेछ, रोमान्टिककाल, प्रयोगकाल र उत्तरप्रयोगकाल ।[72]

यहाँ केही प्रतिनिधि कृतिहरूको मात्र नामोल्लेख गरिनेछ,रोमान्टिककालमा रूपनारायण सिंहको *भमर* (सन् १९३६), लैनसिह बाङ्देको *मुलुकबाहिर* (सन् १९४८), *माइत घर* (सन् १९५०), अच्छा राई रसिकको *लगन* (सन् १९५५), *दोभान* (सन् १९६४), शिवकुमार राईको *डाक बङ्ला* (सन् १९५७), लीलबहादुर छेत्रीका *बसाइँ* (सन् १९ %७), *अतृप्त* (सन् १९८८), *ब्रह्मपुत्रको छेउछाउ* (सन् १९८८), इन्द्र सुन्दासको *मङ्गली* (सन १९५८), *जुनेली रेखा* (सन् १९६८), *नियति* (सन् १९८२), कृष्णसिंह मोक्तानको *चरणधुली* (सन् १९५९),*अशेष यात्रा* (सन् १९५९) आदि औपन्यासिक कृतिहरूले स्वच्छन्दतावादी प्रवृत्तिलाई प्रत्यक्ष र परोक्ष रूपमा आत्मसात् गरेका छन् ।

यीमध्ये *भ्रमर*बाट वास्तविक आधुनिक नेपाली उपन्यासको सूत्रपात भएको हो ।[73] यस उपन्यासले नेपाली उपन्यासको स्वच्छन्दतावादी धारा हुँदै परवर्ती मूल्यगत र कलात्मक वैविध्य पर्यन्तलाई टेक्ने धरातल [74] दिएको पाइन्छ । शिवकुमार राई, अच्छा राई रसिक, कृष्णसिंह मोक्तान, लीलबहादुर छेत्री र इन्द्र सुन्दास आदि रूपनारायण सिंहकै रोमान्टिक परम्परामा दीक्षित भएर उनकै औपन्यासिक आदर्शमा हिँडेका छन् ।[75] लैनसिंह बाङ्देलका *मुलुकबाहिर* र *माइतघर* मा रूपनारायण

---

[72] पूर्ववत्, पृ. २०८-२४० ।

[73] जस योञ्जन प्यासी, *प्यासीका केही समालोचना,* ( दार्जीलिङ : साझा प्रकाशन, सन् १९८३), पृ. ५ ।

[74] कृष्णचन्द्रसिंह प्रधान, *नेपाली उपन्यास र उपन्यासकार,* (काठमाडौँ : साझा प्रकाशन, वि.सं. २०३७), पृ. ५३ ।

[75] घनश्याम नेपाल, पूर्ववत्, पृ. १८८ ।

सिंहबाट थालिएको सामाजिक तथा पारिवारिक जीवनको चित्रणलाई वास्तविक जीवनको यथार्थका अझै नजिकमा पुर्याउने प्रयास भएको छ भने उनको *लङ्गडाको साथी* अतियथार्थवादी लेखनको नमुनाको रूपमा प्रस्तुत छ ।[76]

प्रयोगकालमा इन्द्रबहादुर राईको *आज रमिता छ* (सन् १९६४), नन्द हाङ्गखिमकf *लास* (सन् १९६४),*अर्को अनुहार* (सन् १९७१), के.बी नेपालीका *मेरो घर मेरो संसार* (सन् १९६५), *समर्पण* (सन् १९६५), *तस्वीर एक रातको* (सन् १९७३), असित राईका *अस्तित्वको खोज* (सन् १९६६), *त्यो हिमाल यो जीवन* (सन् १९६६), *दृटिहीन दृटि* (सन् १९६६), *समाप्ति एउटा युग एउटा संसार* (सन्१९६७), *ढुङ्गा एक जीवन* (सन् १९६८) आदि प्रमुख औपन्यासिक कृतिका रूपमा देखा परेका छन् । वीरेन्द्र सुब्बाको *मूल सडकतिर* (सन् १९६८), जी. छिरिङको *युद्ध र शान्ति* (सन् १९६८) , ओकियामा ग्वाइनका *नागबेली* (सन् १९७०), *सुनाखरी* (सन् १९७८), अर्जुन निरालाका *शिशिरको बतास* (सन् १९७१), *घाम डुबेपछि* (सन् १९७६), प्रकाश कोविदका *नोयो* (सन् १९६८), *अर्को जन्म* (सन् १९६९), *तर कहिले* (सन् १९८३), सुवासका *मने* (सन् !(&)), *लुङ्खुम क्याम्प* (सन् १९६९), समीरण छेत्री प्रियदर्शीको *बलिवेदी* (सन् १९७०), हर्क योञ्जनको *दुई मुहान एक स्रोत* (सन् १९७२), रामलाल अधिकारीको *फेरि गुडतिरै* (सन् १९७४), गुप्त प्रधानको *विस्थापन* (सन् १९७४), गोविन्द शर्माको *लड्न जन्मेकाहरू* (सन् १९८०) आदि पनि यसै कोटिका उपन्यासहरू हुन् ।

यस कालका उपन्यासमा मनोविश्लेषण, अस्तित्ववादी चिन्तन, विसङ्गतिबोध र व्यङ्ग्यात्मकता नै मूलभूत प्राप्ति र विशेषता रहेका छन् । रोमान्टिककालका उपन्यासमा पाइने कथानक र घटना विवरणको प्रधानताको साटो यहाँ आएर पात्रपात्रका बीचको र अझ बढी पात्रको स्वयंसितको अन्तरविरोध र अन्तरद्वन्द्व नै धेरैजसो उपन्यासहरूमा पाइन्छन्, जसले गर्दा यी

---

[76] पूर्ववत्, पृ. १८८ ।

उपन्यासहरू चरित्रप्रधान र विश्लेषणात्मक बनेका छन् र साथै विचारतत्त्व र चिन्तनगत प्रयोगधर्मिता यी उपन्यासहरूमा पाइने प्रमुख विशेषताहरू हुन् ।[77]

उत्तर-प्रयोगकालमा पिटर जे. कार्थकको *प्रत्येक ठाउँ : प्रत्येक मान्छे* (सन् १९७७), शरद् छेत्रीका *अनुनाद* (सन् १९८०), *घात-प्रतिघात* (सन् १९८३), सुवास दीपकको *अभिषेक* (सन् १९८०), असित राईका *यन्त्रणा* (सन् १९८०), *नयाँ क्षितिजको खोज* (सन् १९८७),राधाकृष्ण शर्माको *भन्न नसकेका कुराहरू* (सन् १९८३), विक्रमवीर थापाका *विगतको परिवेशभित्र* (सन् १९८३), *टिस्टादेखि सतलजसम्म* (सन् १९८६), मत्स्येन्द्र प्रधानका *नीलकण्ठ* (सन् १९८४), *आरोहण* (सन् @))#),भगीरत रावतका *बास सल्किरहेछ* (सन् १९८१), *माटो बोल्दो हो* (सन् २००७), विन्द्या सुब्बाका *फुलहरू, पहाडहरू, धर्साहरू* (सन् १९८६), *अथाह* (सन् १९९९), *निर्गमन* (सन् २००६), भीम दाहालका *अभीष्टको खोज* (सन् १९९२), *द्रोह* (सन् २००२), *विद्रोह* (सन् २००५), प्रेम प्रधानका *उदासीन रूखहरू* (सन् १९९९), *प्रयोगको मेसिन* (सन्२००९), हायमनदास राईका *होय च्याङ्बा* (सन् २००४), *कुन्डल* (सन् २०१२), प्रदीप गुरुङको *पोस्टर र लात* (सन् २०१०) आदि उपन्यासहरू प्रमुख रहेका छन् ।

यस कालका उपन्यासहरूमा आधुनिकतावादी लेखनलाई उत्तर-आधुनिकतावादी लेखनद्वारा प्रतिस्थापित गर्ने प्रयास भएको पाइन्छ । आधुनिकतावादको एकध्रुवीय तथा सरलरेखीय स्वभावबाट आफ्नो लेखनीलाई बाहिर ल्याई व्यङ्ग्य, वक्रोक्ति, बहुकेन्द्रीयता तथा विरोधाभासपूर्ण संरचना प्रदान[78] गर्ने उद्योग यस कालका उपन्यासकारहरूमा पाइन्छन् । राजनैतिक सचेतता, प्रगतिवादी चिन्तन,

---

[77] पूर्ववत्, पृ. २०४ ।

[78] पूर्ववत्, पृ. २०४ ।

मनस्तात्त्विक अन्त :वेदना, नारीचेतना, कामवृत्ति वा यौनवृत्ति, बौद्धिकता र चिन्तनशीलताबाहेक श्याम व्यङ्ग्यको प्रयोगजस्ता विशेषता यस कालका उपन्यासहरूमा देखिन्छन् ।

भारतीय नेपाली उपन्यासकार र उनीहरूका औपन्यासिक कृतिहरूमाथि उल्लेखित आधुनिक तथा उत्तरआधुनिक विशेषताका पूर्वभास पाइए पनि यीहरूमध्ये प्रेम प्रधान आफ्नो छुट्टै औपन्यासिक विशेषता लिएर देखा परेका छन् ।

उनका औपन्यासिक विशेषता विशुद्ध फ्रायडीय यौनमनोविश्लेषणमा प्रवृत रहनु हो । उनले यौनमनोविश्लेषणबाहेक सामाजिक यथार्थवादी र अस्तित्ववादी विचारधारालाई पनि उपन्यासको आधारभूमि बनाएका छन् । तर यौनजन्य मानवीय प्रकृत उपादानलाई शिष्ट र कलात्मक रूपमा आख्यानीकृत गरी समाजको नैतिकताअघि प्रतिष्ठापन गर्नु उनको औपन्यासिक विशेषता हो । यसैकारण भारतीय नेपाली उपन्यासपरम्परामा यौनमनोविश्लेषणवादी उपन्यासकारका रूपमा प्रेम प्रधानको स्थान सुरक्षित छ र फ्रायडीय यौन मनोविश्लेषणवादको आधारमा उनको उपन्यासकारिताको विश्लेषण र मूल्याङ्कन गर्नु आजको शोध विषय हो ।

# चौथो अध्याय

# फ्रायडीय यौनमनोविश्लेषणको सैद्धान्तिक आधारमा प्रेम प्रधानका औपन्यासिक कृतिहरूको विश्लेषण र मूल्याङ्कन

## ४.१ विषय प्रवेश

प्रेम प्रधानका प्रकाशित उपन्यासहरूमा फ्रायडको यौनमनोविश्लेषण र सात्रको अस्तित्ववादी चिन्तनको गहिरो प्रभाव परेको पाइन्छ, तापनि फ्रायडीय यौनमनोविश्लेषणलाई उनको औपन्यासिक प्रवृत्तिका रूपमा लिन सकिन्छ । यस अध्यायमा प्रेम प्रधानका उपन्यासहरूमा पाइने यौनमनोविश्लेषणलाई विभिन्न दृष्टिकोणले हेर्ने प्रयास गरिएको छ ।

## ४.२ प्रेम प्रधानका औपन्यासिक कृतिहरूमा यौनमनोविश्लेषणका आधार

भारतीय नेपाली साहित्यमा यौनलाई सचेष्ट प्रकारले प्रयोग गरी छुट्टै स्थान सुरक्षित गर्ने सर्जकहरूमा प्रेम प्रधान अग्रपंक्तिमा देखा पर्दछन् । उनका प्रकाशित उपन्यासमा यौन नै केन्द्रीय कथ्यको रूपमा रहे पनि उनलाई यौनवादी उपन्यासकार भन्न चाहिँ सकिँदैन । उनका उपन्यासमा प्रतिपादित यौनमनोविश्लेषण शिष्ट र सभ्य प्रकारको छ । यौनलाई आख्यानात्मक कित्तामा पर्गेल्ने प्रयासमा उनले सिकमन्ड फ्रायडका मनोविश्लेषण सिद्धान्तलाई ग्रहण गरेका छन् । अचेतन र चेतन संवेगात्मक प्रतिक्रियाका बीचको ग्रन्थिलाई पत्तो लगाएर त्यसको आनुक्रमिक विश्लेषण गर्नु र व्यक्तिभित्रको

मानसिक व्याधिलाई निदान गर्नका लागि त्यसलाई फुकाउने प्रयत्न गर्ने फ्रायडवादी यौनमनोविज्ञान[79]लाई प्रेम प्रधानले औपन्यासिक आधारका रूपमा लिएका छन् । फ्रायडका अनुसार सामाजिक विधि निषेधले गर्दा मानिसका इच्छा र आकांक्षाहरू सबै पूर्ण हुन सक्दैनन् । फलस्वरूप पुरा हुन नपाएका दमित आकांक्षाहरू अवचेतन मनमा एकत्रित हुन्छन् । दमित अवस्थामा रहेका अचेतन मनका यी इच्छाहरू निरन्तर कोशिष गर्दा पनि सामाजिक र नैतिक मान्यताको बन्देजमा परेर, चेतन मनमा पुनर्स्थापित हुन सक्दैनन् । त्यसैले पुनः अवचेतन मनमा प्रवेश गरेर ती दमित इच्छाहरूले मनोग्रन्थिको रूप लिन थाल्छन् ।[80] यसबाट हुने प्रभावलाई प्रेम प्रधानले आफ्ना औपन्यासिक पात्रहरूमा आरोपन गरी प्रस्तुत गरेका छन् ।

मनको चेतन-अचेतन भेदभित्र तीन किसिमको स्थिति सिर्जना गरेर फ्रायडले ती स्थितिहरूलाई इड (Id), इगो (अहं Ego), सुपर इगो ( Super Ego) मा विभक्त गरेका छन् , जसमा इड कामवृत्ति (लिबिडो) को कोष हो ।[81] प्रेम प्रधानका उपन्यासमा यही कामवृत्तिको सहज अभिव्यक्ति भएको पाइन्छ ।

## ४.३ उपन्यासमा फ्रायडीय यौनसिद्धान्तको प्रयोग

प्रेम प्रधानका उपन्यासलाई हेर्दा यौनमनोविश्लेषण प्रमुख तत्त्वको रूपमा रहेको छ । उनले पात्रका यौनसम्बन्धी मनोवृत्तिहरूको विश्लेषणका निम्ति सिकमन्ड फ्रायडद्वारा प्रतिपादित यौनसिद्धान्तलाई अपनाएको देखिन्छ । फ्रायडवादी चिन्तनमा यौनसिद्धान्तको प्रतिपादन एक महत्त्वपूर्ण प्राप्ति हो । फ्रायडलाई यस क्षेत्रमा बढी सफलता प्राप्त हुने कारणहरूमध्ये यौनगत जीवनको

---

[79] हरिप्रसाद शर्मा, *विश्वेश्वरप्रसाद कोइरालाका कथा*, तेस्रो सं. (काठमाडौँ : साझा प्रकाशन, वि.सं २०६१), पृ. ३ ।
[80] कृष्णचन्द्रसिंह प्रधान, *नेपाली उपन्यास र उपन्यासकार*, (काठमाडौँ : साझा प्रकाशन, वि.सं २०३७), पृ. १३५ ।
[81] पूर्ववत्, पृ. १३६ ।

खोज पनि एक हो । यिनको धारणाअनुसार जीवनको केन्द्रीय प्रेरणास्रोत कामवृत्ति अथवा राग हो । यसका माध्यम सहज वृत्तिहरू हुन् । सहज वृत्तिहरूको परितृप्ति अथवा परिपोषणमा जीवनको सिद्धि अथवा सार्थकता सन्निहित छ । यसैलाई फ्रायडले आनन्दसिद्धान्त भनेका छन् ।[82] उपन्यासमा देखिएका फ्रायडीय यौनमनोविश्लेषणका विविध पक्ष निम्नलिखित प्रकारका छन् ।

*४.३.१ ग्रन्थिविज्ञानको प्रभाव*

ग्रन्थिविज्ञानको सिद्धान्त मूल रूपमा व्यक्तिको यौन अचेतन मनसँग सम्बद्ध रहेको पाइन्छ । यस सिद्धान्तको विकासको सन्दर्भमा फ्रायड के भन्छन् भने मानिसका अनन्त मानसिक इच्छाहरू पुरा हुन नसक्दा ती अतृप्त वा दमित इच्छाहरूले वासनात्मक संस्कारको रूप लिन थाल्छन् अनि व्यक्तिमा ग्रन्थिको विकास हुन थाल्छ । [83] प्रेम प्रधानका उपन्यासमा पात्रका अनेक मनोग्रन्थिहरूको विश्लेषण गरिएको पाइन्छ । फ्रायडीय ग्रन्थिविज्ञानको प्रभावको रूपमा प्रेम प्रधानले आफ्ना उपन्यासहरूमा कामेच्छाजनित हीनताग्रन्थि र सामाजिक संस्कारजनित उच्चताग्रन्थिका साथै परपीडन ग्रन्थि अनि मातृप्रणय-ग्रन्थिलाई पनि उपयोग गरेका छन् ।

उनका प्रथम *उदासीन रूखहरू* उपन्यासमा ग्रन्थिविज्ञानको विश्लेषण सहज रूपमा भएको छ । यसबाहेक उनका दोस्रो उपन्यास *प्रयोगको मेसिन* मा पनि हीनताग्रन्थिको प्रभावको खोजी सहज प्रकारले भएको देखिन्छ । तर यस हीनताग्रन्थिको वृत्तिबाट उनको अघिल्लो उपन्यासभन्दा पछिल्लो उपन्यासका पात्रहरू बढी अभिप्रेरित भएको हुनाले अपराध मनोवृत्तिको कारण असामाजिक बन्न पुगेका छन् । यसै अपराधको मानसिक रुग्णताले गर्दा उत्पीडित पात्रहरूमा ग्रन्थिको विकास भई

---

[82] हरिप्रसाद शर्मा, पूर्ववत्, पृ. ९ ।

[83] पूर्ववत्, पृ. १० ।

हीनत्वग्रन्थिको शिकार बन्न पुगेका छन् । उदाहरणको रूपमा उपन्यासकी मूल नायिका प्रभा अनि उसकी आमा दुवैलाई लिन सकिन्छ । उदाहरणार्थ प्रभाको चरित्रलाई लियौँ -

**इन्द्र बाबु ! म समाजको अघि एक पापीनी, कलङ्किनी र हत्याराको रूपमा मात्र चिनिएकी छु । सामाजिक पीडामा उत्तिकै ग्रस्त छु म । अब यस्तो स्थितिमा बाँच्नु पनि कसरी सक्छु र!**[84]

**एकलै बिताउनु छ जिन्दगी होइन र! म त जिन्दगीलाई पहेँलो पात झैँ लाग्छ. . .**[85]

प्रभाकी आमा पनि प्रभाजस्तै यौन उत्पीडित भएकीले हीनताग्रन्थिको शिकार बन्न पुरेकी छ । जस्तै,

**त्यो विषवृक्षले मलाई वशीभूत बनाएर धेरै प्रयोग गरेपछि मैले एकदिन घरको फूलबारीमा फूलसँगै निषेचित भएको अनुभव गरेँ ।**[86]

यसरी नै *उदासीन रूखहरू* उपन्यासमा उभ्याइएका मूल चरित्रहरू पनि उपर्युक्त ग्रन्थिविज्ञानको वृत्तिले धेरै सताइएका छन् । मनोहर र रूपादेवीलाई उपन्यासका मूल चरित्रको रूपमा उभ्याइएको छ । मनोहर र रूपादेवी दुवै कामेच्छाजनित हीनताग्रन्थिले ग्रस्त छन् । मनोहर एकातिर सामाजिक संस्कारजनित उच्चताग्रन्थिले ग्रस्त देखिन्छ । उसले रूपादेवीसँगको दैनिक संसर्ग पाएर पनि यौन समागम गर्न समर्थ भएको छैन । जस्तै,

---

84 प्रेम प्रधान, *प्रयोगको मेसिन*, (दार्जीलिङ : श्याम प्रकाशन, सन् २००९), पृ. ४ ।

85 पूर्ववत्, पृ. १०२ ।

86 पूर्ववत् , पृ.  १२० ।

**कुन शक्तिले हो मलाई अचानक गतिरोध गर्थ्यो र त्यो तलाउमा पौडी खेल्न वितृषित पैदा गरिदिन्थ्यो । मैले त्यो उष्ण वातावरणमा पनि किन तिर्खाहरू मात्र छातीमा उमारेर छट्पटिरहेँ ? किन नदीमा पौडेर सम्पूर्ण पानी नै पिउन सकिनँ ? भन्ने प्रश्नहरू एकाएक आएर मलाई डसिरहेको हुन्थ्यो ।**[87]

**मेरा खोलाहरू तर्ने, पौडी खेल्ने, पर्वतहरू आरोहण गर्ने औ फूलबारीका फूलहरू सम्मोहन गर्ने इच्छाहरू हुँदाहुँदै पनि कुन शक्तिले हो मलाई ती सब बञ्चित बनाइरहेको छ?**[88]

त्यसरी नै अर्को उदाहरणका लागि रूपादेवीलाई पनि लिन सकिन्छ । जस्तै,

**मनोहर जी ! समाजले मेरा इच्छा, आकांक्षा, रहर, आवेश र तिर्खाएको मनलाई कुण्ठित बनाएको छ । उमेरभरि मरूभूमिको उष्ण वातावरणमा छटपटिँदै व्याकुल भएँ**[89]

मनोहर र रूपादेवी दुवै समाजग्रन्थिले ग्रस्त भएका छन् । यसरी हेर्दा मनोहर र रूपादेवी दुवै हीनताग्रन्थिको अतिशय विकासका कारण मनोरोगी बन्न पुगेका छन् । उदाहरणका लागि रूपादेवी र मनोहर दुवैलाई नै लिन सकिन्छ । जस्तै, रूपादेवी सम्झन्छे -

**विक्रमवीरले मलाई जतिकै खुसी र माया औढाइदिने कोसिस गरे तापनि उसले मेरो मन गाँस्न सकेन । उसको ढुङ्गा झैँ चिसो निर्जीव शरीरले केवल वितृष्णा मात्र औढाएकोले मैले सायद दिनरात नै भास्करलाई सम्झिरहेँ होला।**[90]

---

87 प्रेम प्रधान, *उदासीन रूखहरू*, (दार्जीलिङ : साझा पुस्तक प्रकाशन, सन् १९९९), पृ. ६४ ।

88 पूर्ववत्, पृ. ७५ ।

89 पूर्ववत्, पृ. १३८ ।

**वास्तविक जीवनको सत्यतालाई खोज्दै जाँदा खोलाहरू तर्नु नसकेको जस्तो औ रित्तिन्दै गएको खाली गिलासजस्तो अनुभव हुन्छ । कहिलेकाहीँ खुला शून्य आकासलाई हेरिरहँदा कुनै अज्ञात कालो छायाले पछ्याएको जस्तो औ मेरो सम्पूर्णता नै लुटेर मलाई रित्याएको झैँ लाग्छ[91]।**

**हामाले प्राकृतिक इच्छाहरू मनमा राखेर पनि त्यसको ठीक विपरीत दिशातर्फ बग्दै गयौँ होला । कतै पश्चताप र हीन भावनाले पनि हामीलाई सतायो होला. . ।[92]**

**फूल फुलिञ्जेल त्यसको सुन्दरता रौनकता थियो, त्यसको आफ्नै जिन्दगी थियो । तर फूल झरेपछि बोट, पात सबै मुर्झायो । हातहरू सबै पहेँलो भए । सायद मैले त्यसलाई स्याहार गर्न सकिनँ कि ! वा त प्राकृतिक वातावरणको अनुकूलता दिन सकिनँ कि! मेरो जीवन झैँ त्यो फूल फुल्न सकेन . . . ।[93]**

अर्को उदाहरणका लागि मनोहरलाई लिन सकिन्छ । जस्तै,

**कोनि किन हिजआज म प्रकृतिको काखमा बसेर खोलाको उर्लदो बगाउ अनि पर्वतको सेत्ताम्मे हिउ र हरिया डाँडाहरू पनि हेर्न सक्दिनँ थिएँ, सायद मन पनि खडेरी पर्दै गएकोले प्रकृतिको हर अवयवलाई आत्मसात् पनि गर्न सक्दिनँ थिएँ ।[94]**

**त्यो रात त हामी दुवैले केवल वितृष्णा औढेको रात थियो । मनभरि पीडा, दुःख र यातना लिएर हिँडेको निसारताको रात थियो ।**

---

[90] पूर्ववत्, पृ. ६३ ।

[91] पूर्ववत्, पृ. ७४ ।

[92] पूर्ववत्, पृ. १४८ ।

[93] पूर्ववत्, पृ. १२० ।

[94] पूर्ववत्, पृ. १२५ ।

**तर म भने मनभित्र कुराहरू गुँडेल्दै मनभित्र आएका तुफानहरूलाई जबरजस्ती नै हत्या गरिरहेको थिएँ । ऊ पनि म सँगसँगै पापबोध र हीनताबोधको आगोमा सल्किँदै पश्चताप गरिरहेँको थियो होला ।**[95]

एडलरका अनुसार हीनताग्रन्थि मानसिक रुग्नता हो जसले गर्दा मानिसलाई दुर्बल मनोरोगी र हीनताबोध गराउँछ । उपन्यासको मूल कथानकलाई हेर्दा रूपादेवीले वृद्ध पति विक्रमवीरकी जेठी स्वास्नीको छोरो भास्करसँग विगत दिनमा प्रेम गरेर अनैतिक सम्बन्ध जोडेको र ऊबाट प्राप्त भएको छोरो दिग्विजय हो र भास्कर साइनोले छोरो पर्ने भएको कुरा पछि थाहा लागेपछि रूपादेवीलाई पश्चताप, पापबोध र हीनताबोध हुन्छ अनि वृद्ध पतिबाट यौनसुख उपभोग गर्न नसकेकोमा पनि रूपादेवी पश्चताप गर्दछे । अनि अर्कातिर मनोहर पनि आफ्नै नोकरनी जयालाई बलत्कार गरेर उसको जीवन बर्वाद गरेको र पछि जयाले आत्महत्या गरेकाले मनोहर पनि पश्चताप, पापबोध र हीनताबोधको शिकार बन्न पुग्दछ ।

यसरी हेर्दा तिनीहरूका दमित यौन जीवन र इच्छाहरूले पनि चिन्ता, असन्तुष्टि र व्यर्थबोध ल्याएकाले तिनीहरूलाई दुर्बल, अस्थिर, मनरोगी स्नायु विकार एकलो र नैराश्य बनाएका छन् ।[96] उपन्यासकारले पात्रको अचेतन मनको गहिराइसम्म पुग्न यसरी मानसिक कार्यपद्धतिहरूको प्रयोग गरेका छन् । यसका साथै उपन्यासकारले कामशक्तिसँग सम्बद्ध मातृप्रणय-ग्रन्थिको विश्लेषणमा पनि जोड दिएका छन् । फ्रायडले छोराको मनभित्र नैसर्गिक रूपमा विकसित हुने यौनाकाङ्क्षाको सञ्चित संस्कारलाई मातृप्रणय-ग्रन्थि भनेका छन् ।[97] मातृप्रणय-ग्रन्थिको विवेचना फ्रायडले *द इगो एन्ड द इड*

---

[95] पूर्ववत्, पृ. १२० ।

[96] प्रेम प्रधान, पूर्ववत्, पृ. ज ।

[97] हरिप्रसाद शर्मा, पूर्ववत्, पृ, १० ।

पुस्तकमा गरेका छन् । तर फ्रायडका यस सिद्धान्तलाई मौलिक मानिए पनि अत्यन्त विवादास्पद सिद्धान्तको रूपमा हेरिने गरिएको छ । [98] प्रेम प्रधानले उपन्यासमा यही मातृप्रणय-ग्रन्थिलाई उपयोग गर्ने कोशिष गरेका छन् । सानोमा आमासँग सुत्ने बानी भएको मनोहर, बाबुको अनुशासन र पल्टने रवाफलाई ईर्ष्या भावले हेर्छ । बाबुको अनुशासन र पल्टने रवाफ मात्र यस ईर्ष्या भावको कारण नभएर आमाको न्यानो काख खोस्ने तेस्रो व्यक्तिको रूपमा बाबुलाई पाउनु मनोहरको मातृप्रणय-ग्रन्थिको सूक्ष्मतालाई उपन्यासकारले देखाउन खोजेका छन् ।[99] जस्तै,

**तर बुवा पल्टनबाट घर आउँदा भने म आमासँग सुत्न पाउँदिन थिएँ । त्यसैले म एकलो भएको अनुभव गर्दै बुवासँग ईर्ष्याले जल्ने गर्थें ।**[100]

समग्रमा हेर्दा दुवै उपन्यासमा उभ्याइएका चरित्रहरू विभिन्न कारणवश हीनताग्रन्थिले मनोरोगी बन्न पुगेका छन् । अनि ती पात्रहरू हीनवृत्तिबाट अभिप्रेरित भई अपराध कर्ममा संलग्न हुन पुगेका छन् । जस्तै पछिल्लो उपन्यासकी नायिका प्रभाले आफ्नै पति मानेको अनि आफ्नै आमालाई बलत्कार गर्ने शिवराजको हत्या गरेकी छ भने अघिल्लो उपन्यासकी नायिका रूपादेवीले वृद्ध पतिद्वारा यौनसुख प्राप्त गर्न नसकेर अन्तमा पतिकै हत्यासम्म गर्ने कल्पना गर्छे । जस्तै,

**यस्तो स्थितिमा मलाई यातनै यातना दिने मेरो पतिलाई धारिलो छुरीले आक्रमण गरेर हत्या गरिदिउँ जस्तो पनि लाग्छ ।**[101]

---

[98] कृष्णहरि बराल, *मनोविश्लेषण र साहित्य,* (अनामनगर, काठमाडौँ : अक्सफोर्ड इन्टर नेसनल पब्लिकेसन प्रा. लि. वि.सं. २०३८), पृ. २७ ।

[99] जीवन नामदुङ्ग, "मनोविश्लेषणात्मक भावभूमिमा उभेका उदासीन रूखहरू", *उदासीन रूखहरू*, (दार्जीलिङ : साझा प्रकाशन, सन् १९९९), पृ. ग ।

[100] प्रेम प्रधान, *उदासीन रूखहरू*, पूर्ववत्, पृ. ३ ।

[101] पूर्ववत्, पृ. ७५ ।

फ्रायडका अनुसार मानिसमा अन्तर्निहित कामभावना, विजय प्राप्त गर्ने इच्छा र अरूलाई दुःखकष्ट दिने प्रवृत्तिहरू मनोवृत्तिका भिन्न भिन्न रूपहरू हुन् । परपीडन र स्वपीडन यसैका विकसित रूप हुन् ।[102] उपन्यासका मनोग्रस्त पात्रहरूमा आएको परपीडन रतिको मूल कारणलाई हीनताग्रन्थिको रूपमा लिन सकिन्छ ।

*४.३.२ प्रतीकविधानको प्रयोग*

फ्रायडका मनोविश्लेषण सिद्धान्तमा प्रतीकविधानको प्रतिपादन र यसको अध्ययनलाई एक विशेषताको रूपमा लिन सकिन्छ । प्रतीकविधानअन्तर्गत फ्रायडले ज्यादाभन्दा ज्यादा यौन प्रतीकलाई महत्त्व दिएका छन् ।[103] फ्रायडका धारणाअनुसार प्रतीकात्मकता हाम्रा स्वप्नसिद्धान्तको सबभन्दा विशिष्ट भाग हो । स्वप्नमा अधिकतर प्रतीक लैङ्गिक अथवा यौन प्रतीक हुन्छन् ।[104] तर फ्रायडकै दुई शिष्य कार्ल गुस्ताभ युङ र अल्फ्रेड एडलरले यस सम्बन्धमा फ्रायडभन्दा अलक अवधारणा दिएको पाइन्छ । फ्रायडले खास खास प्रकारका प्रतीकले खास अर्थ र वस्तुको सूचन गर्छ भनेका छन् भने युङले प्रतीकको अर्थ कहिल्यै स्पष्ट नहुने धारणा व्यक्त गरेका छन् किनभने, प्रतीक जसको व्यक्त रूप हो त्यो भाव अत्यन्त गहन र बुद्धिभन्दा पर हुन्छ[105] भनेका छन् ।

प्रेम प्रधानले आफ्ना उपन्यासहरूमा युङ र एडलरलाईभन्दा फ्रायडीय सैद्धान्तिक अध्ययनमा जोड दिएका छन् । पात्रको दमित यौन अचेतन मनोवृत्तिको विश्लेषणमा फ्रायडीय प्रतीकविधानको

---

[102] ममता लामा, “कोइराला र भिक्षुका कथामा मनोवैज्ञानिक प्रयोग : एक तुलनात्मक अध्ययन”, महानन्द पौड्याल (प्रधान सम्पा.), *सन्धान,* ( पूर्व सिक्किम : सन्धान प्रकाशन, सन्२००९), पृ. ४६ ।

[103] हरिप्रसाद शर्मा, पूर्ववत्, पृ. ११ ।

[104] सिकमन्ड फ्रायड, *फ्रायड मनोविश्लेषण,* देवेन्द्रकुमार वेदालङ्कार(अनु.), (छैटौं सं. दिल्ली: राजपाल एन्ड सन्ज, ई. १९८०), पृ. १३९-५३ ।

[105] कार्ल गुस्ताभ युङ, *विश्लेषणात्मक मनोविज्ञान,*. अरविन्द वसावडा(अन.), (वाराणसी : चौखम्वा, विद्याभवन, सन् १९६३), पृ. २० – २१ ।

कार्यपद्धतिको उपयोग कलात्मक रूपमा गरेका छन् । उपन्यासकारले पात्रको खास गरी दमित यौन अचेतनको गहिराइसम्म पुग्ने प्रयास गरेका छन् । उपन्यासमा सबैजसो पात्रहरू काम-कुण्ठा अथवा कामग्रन्थिको कारण रूग्ण देखिन्छन् भने केही पात्रहरू नैतिकताग्रन्थिको आघातले मनोरोगी बन्न पुगेका छन् । जस्तै, कामग्रन्थिको रूग्णताले अघिल्लो उपन्यासकी रूपादेवी आफ्ना प्रेमी भास्करलाई पटक पटक सम्झँदै भन्छे–

> **उसको बलिष्ठ, लोपलाग्दो औ आकर्षक शरीरमा सजीवता थियो । सधैँ वसन्तै वसन्त फुलेर ऊ आउँथे अनि त्यो फूलबारीमा हामी समर्पित हुन्थ्यौँ । तिनी फूलबारीमा फूल गोड्न, बाँझो जमिन जोत्न अनि फूलहरूलाई स्याहार गर्न कति सिपालु थिए ।**[106]

त्यसरी नै नायक मनोहर भने काम-कुण्ठाले पिरोलिए पनि नैतिकताग्रन्थिको आघातको कारण असमर्थ भई ऊ खालि पश्चताप गर्छ –

> **ती सब आकर्षण, आग्रह र अभिनयले मेरो मनलाई तरङ्गित बनाए पनि म उसको निम्ति भास्कर झैँ जाँगरिलो, फुर्तिलो र सिपालु माली भइनँ अनि बाँझो जमिन खन्दै, फूलहरू गोड्न पनि सकिनँ ।**[107]

यसरी पात्रको कुण्ठामा यौन प्रतीकहरू बिम्बात्मक रूपमा आएका देखिन्छन् । जुन बिम्बले यौन प्रतीकका अर्थलाई सङ्केत गर्दछ । यसका उदाहरण लागि पछिल्लो उपन्यासको खलनायक हरिप्रसादलाई लिन सकिन्छ । जस्तै,

---

106 प्रेम प्रधान, पूर्ववत्, पृ. ५८ ।

107 पूर्ववत्, पृ. ६१ ।

**भाउज्यू ! फूलहरू फुलाउने, बोटहरूलाई पानी हाल्ने औ झार-जङ्गल गोड्नु त सिपालु माली चाहिन्छ । खै छाड्नुहोस् । तपाईँको फूलबारी म स्याहार्छु ।**[108]

यसबाहेक उपन्यासमा देखिन आएका प्रतीकहरू संस्कृतिसँग गाँसिएर आएका छन् । जसले पुरुष तथा नारी जनेन्द्रीयलाई बुझाएको देखिन्छ भने ती यौन बिम्बहरूले पात्रको यौनाङ्ग, सम्भोग आदिलाई बुझाएको देखिन्छ ।  उपन्यासमा अचेतनमा रहेको दमित यौनकुण्ठा सपनामार्फत प्रतीकको रूपमा व्यक्त भएको पाइन्छ । यसका निम्ति अघिल्लो र पछिल्लो उपन्यासको नायक नायिका रूपादेवी र मनोहर अनि शिवराज तीनैका सपनालाई उदाहरण बनाउन सकिन्छ । जस्तै, रूपादेवीको सपना यस प्रकार छ –

**मैले कहिले पनि परीको देशमा पुगेर स्वतन्त्र भई नाचेको सपना देखिनँ । तर म जहिले पनि हिंस्रक पशुहरू मात्र देख्छु । म जहिले पनि भाँगी नै रहेको हुन्छु । कोही बेला सर्पहरूले फन उडाउँदै डसेको सपना, कोही बेला सर्पहरू शरीरभित्र पसेर औ शरीरबाहिर बेह्रिएर यातनै यातना दिएको सपनाले मलाई भयभीत मात्र बनाउँदैन तर उल्लासित पनि बनाउँदै लान्छ ।**

[109]

त्यसरी नै मनोहरको सपनाले पनि यौन प्रतीकलाई व्यक्त गर्छ । जस्तै,

**सोच्दा सोच्दै रात पनि छिप्पिएछ अनि म पनि निद्रित अवस्थामा पुगेछु ।...तिर्खाले ब्याकुल हुँदै मैले पानी पिउने इच्छा लिएर त्यो उर्लिदै बगिरहेको खोलाको पानीलाई हेर्न थालेँ । त्यो खोलाको पानीको बेग सँगैसँगै रूपादेवी अति उल्लासित फुर्तिलो औ जाँगरिलो माछाहरू हुँदै**

---

108 प्रेम प्रधान, *प्रयोगको मेसिन*, पूर्ववत्, पृ. ४६ ।

109 प्रेम प्रधान, *उदासीन रूखहरू*, पूर्ववत्, पृ. ४५ ।

**पानीभित्र छलबलाइरहेकी थिई ।..उसले मलाई अञ्जुलीभरि पानी उघाउँदै मेरा तिर्खाहरू मेटाइरहेकी थिई अनि मैले पनि निर्धक्कसाथ पानी पिइरहेको थिएँ ।**[110]

पछिल्लो उपन्यासमा शिवराजको सपना पनि यौन प्रतीकको निकट रहेको छ । जस्तै,

**प्रभा ! आज मैले देखेको सपना पनि कति अद्‌भूत थियो । बघैँचामा फलेका रसिला आँप र सुन्तलाका मादकताले मलाई कति आकर्षण गरेको थियो । लामो यात्रामा थाक्दा मनपर्ने फल आँप कति स्वाद मानेर बोटैमा टिपेर भरपेट खाएर अघाएको थिएँ ।**[111]

माथिका दमित यौन प्रतीकहरू उपन्यासमा शिष्ट अनि कलात्मक प्रकारले प्रस्तुत गरेको पाइन्छ । यस दृष्टिले हेर्दा उपन्यासमा यौन प्रतीकको प्रयोग विशिष्ट बनेको छ ।

### *४.३.३ असामान्य यौनमनोवैज्ञानिक पुरुष पात्र*

उपन्यासकार प्रेम प्रधानले आफ्ना दुवै उपन्यासमा दमित यौनकुण्ठाका कारण असामान्य हुन पुगेको पुरुष पात्रका यौन मानसिक अवस्थाको विश्लेषण खुबै स्वस्थ ढङ्गले गरेको पाइन्छ । यस प्रकारको चरित्र उनका दुवै उपन्यासमा केही फरक ढङ्गले उभ्याइएको छ । अघिल्लो उपन्यासमा दमित यौनकुण्ठाले हीनभावग्रस्त बन्न पुगेका पुरुष चरित्रहरू सभ्य किसिमका छन् भने पछिल्लो उपन्यासका त्यस्ता चरित्रहरू केही असामाजिक र यौन समस्याले पिरोलिएका छन् । उदाहरणका लागि पछिल्लो उपन्यासका पात्रहरूको विकृत मनोवृत्तिलाई लिन सकिन्छ । जस्तै, हरिप्रसाद यस्तो चरित्र हो जसले कसैकी आमालाई बलत्कार गरी उसैकी छोरीलाई बिहे गर्न बाध्य गराए । जस्तै,

---

[110] पूर्ववत्, पृ. ६० ।

[111] प्रेम प्रधान, *प्रयोगको मेसिन*, पूर्ववत्, पृ. ९८ ।

**त्यो बग्दै गएको नदीमा हामफाल्दै पौडी पनि धेरै खेलैँ होला । बघैँचा खनखान गर्दै सुन्दर फूलका बोटहरू रोपेर त्यसलाई स्याहार्ने अनि हुर्काउने अभिप्रायले त्यसको मादकता पनि उपभोग गरैँ होला । तर सत्य भाउज्यू ! मैले त तपाईँको पीडा र सहमतिको तीव्र बगाइलाई नै आफूतिर ढालेर आत्मसात् गरेको थिएँ । मैले त्योभन्दा बढी अरू केही सोचिनँ . .।**[112]

उपन्यासकारले हरिप्रसादको चरित्रबाट शिथिल सामाजिक चेतना र तीव्र अचेतन मानसिकता भएको पुरुषको चरित्रलाई उद्घाटन गरेका छन् । उपन्यासका हरेक पुरुष जस्तै राहुल, देवेन, शिवराज, हरिप्रसाद, डा. पाण्डे, इन्द्रशेखर आदि कुनै न कुनै समस्याले पिरोलिएका छन् । राहुलबाहेक देवेन यौनकुण्ठित तर एडस् रोगी हुनाले आफ्नी पत्नीको अघि दम्भी हुने असफल प्रयास गर्छन् । देवेन हीनभावग्रस्त चरित्र हो । ऊ आर्थिक समस्याले पिरोलिएको हुँदा ड्रक तस्करी गर्न पुग्छ । ऊ मानसिक नैराश्य र अस्थिरताले ग्रसित भएर रोगी बन्न पुगेको छ ।

शिवराज मानसिक रूग्णताले आक्रान्त चरित्र हो । आफू पितातुल्य भएर पनि आफ्नो दमित यौन अचेतनलाई पुरा गर्न छोरी समानलाई बलत्कार गरी उसलाई पत्नी बनाउन बाध्य बनाउँछ । यसबाट उपन्यासकारले व्यक्तिको हीन-मानसिकता र यौन अचेतनको असामान्य स्थितिको सिर्जना गरी यसबाट हुने विकृतिलाई देखाउने कोशिष गरेका छन् । आफ्ना पारिवारिक सुखका लागि अरूलाई प्रयोग गर्न चाहने दुर्बल मानसिकता भएको अर्को चरित्रको रूपमा डा. पाण्डेलाई लिन सकिन्छ । आफ्नी अघिल्लो पत्नीबाट सन्तान नभएपछि एउटी विवश नारीलाई प्रयोगशालाको रूपमा प्रयोग गर्न चहान्छ । त्यस विवश नारीबाट आफ्नो दमित यौनेच्छालाई समेत पूर्ति गरेर डा. पाण्डे सन्तान जन्माउने स्वार्थ मानसिकता भएको असामान्य पात्र हो । डा. पाण्डेले प्रयोगशालाका निम्ति कोख माग्ने

---

112 पूर्ववत्, पृ. ४७ ।

बहानामा दमित यौनकुण्ठालाई पोषण गर्ने जुक्ति गर्छन् । वास्तवमा उपन्यासकारले यस पछिल्लो उपन्यासमा पुरुषको असामान्य मानसिकताको चित्रण गरी उनीहरूको विस्थापित मनोवृत्तिलाई देखाएका छन् । तर यसभन्दा अघिल्लो उपन्यासमा पुरुष चरित्रको असामान्य मनोवृत्तिलाई दमित यौन अचेतनद्वारा हुने मानसिक अस्थिरताको रूपमा मात्र हेरिएको छ । ती असामान्य पुरुष चरित्रहरू सामाजिक नैतिकताग्रस्त मानसिकताका कारण कुण्ठित यौन अचेतनलाई दबाएर आदर्श बन्ने प्रयासमा लागेका छन् । उपन्यासकारले मनोहरको यस आत्मपीडन रतिको विकास गरी उसका यौन अचेतनको खोज गरेका छन् । जस्तै, मनोहर नायिका रूपादेवीको शारीरिक र मानसिक दुवै संसर्ग पाएर पनि आफ्ना यौनकुण्ठालाई सान्त्वना दिएर अझ अस्थिर हुँदै मानसिक हीनताले रूग्ण भएको देखिन्छ । उदाहरणका लागि रूपादेवीकै संवादबाट अधिक स्पष्ट हुन्छ ।

> **तपाईँले पनि त मेरो उमेरमाथि केवल सहानुभूति मात्र दर्शाउनुभयो नि ! तपाईँलाई शिखर आरोहण गर्न औ उर्लिदो खोलाको पानीमा पौडी खेल्न कसले बाधा गरेको थियो र ! मैले त सधैँ ढोका खुल्ला राखेको थिएँ ।**[113]

मनोहरबाहेक अर्को चरित्र विक्रमवीर आफूभन्दा सानी स्वास्नी बिहे गरी यौनसुख दिनका साटो आफ्नो व्यापारलाई मात्र ध्यान दिन चाहने चरित्र हो । आफू अशक्त र शारीरिक कमजोर हुँदै गएकाले गर्दा आफ्नी पत्नीलाई यौनसुख दिन असमर्थ भएकै कारण विक्रमवीर व्यापारमा धेरै प्रवृत्त हुन पुगेको देखिन्छ । वास्तवमा विक्रमवीर आफ्नो शारीरिक शिथिलताले गर्दा सुकिली स्वास्नीको संसर्ग पाएर पनि यौनेच्छाप्रति वितृषित हुनु बिलाउँदै जान लागेको यौनकुण्ठित असामान्य मनोवृत्तिका कारणलाई अघि राख्न सकिन्छ ।

---

113 प्रेम प्रधान, *उदासीन रूखहरू*, पूर्ववत्, पृ. १३८ ।

यसरी हेर्दा उपन्यासकारले आफ्ना उपन्यासहरूमा पुरुष चरित्रका असामान्य दमित यौन अचेतनसँगै मानसिक संवेगलाई सामयिक विश्लेषण गर्नु सक्षम भएको छ । उपन्यासमा यौन विक्षिप्तिले क्रियामान असामाजिक तथा अमानवीय बन्न पुगेका पुरुषहरूका नैतिकतालाई व्यङ्ग्य गर्नु पनि एउटा विशेषताको रूपमा लिन सकिन्छ ।

*४.३.४ असामान्य यौनमनोवैज्ञानिक नारी पात्र*

प्रेम प्रधानका उपन्यासमा नारी चरित्रलाई ज्यादा महत्त्व दिएकाले नारीकेन्द्री उपन्यासको रूपमा पनि लिन सकिन्छ । नारीको बाह्य तथा आन्तरिक द्वन्द्वको विश्लेषणमा उनका उपन्यास रमाएको पाइन्छ । उनका दुईवटा उपन्यासमा नारी मानसिकताको अभिव्यक्ति फरक फरक प्रकारले भएको देखिन्छ । अघिल्लो उपन्यासमा नारी चरित्रको असामान्य यौन अचेतनको अभिव्यक्तमा उपन्यासकार धेरै कटिबद्ध भएको छ भने पछिल्लो उपन्यासमा नारीको असामान्य यौन अचेतनको अभिव्यक्तमा मात्र केन्द्रित नरही सामाजिक रूपमा पुरुषहरूबाट नारीमाथि गरिने यौन अपराध र भौतिक स्वार्थलाई पनि प्रस्तुत गरेका छन् ।

उनले अघिल्लो उपन्यासकी मूल नायिका रूपादेवीको दमित यौन अचेतनको गहिराइलाई खोतल्ने प्रयास गरेका छन् । रूपादेवी आफूभन्दा बुजुर्ग व्यापारी व्यक्तिसँग बिहे गरेकीले दुखी छे । उसले त्यस व्यापारी पतिबाट यौनसुख प्राप्त गर्न सकेकी छैन । अतिशय यौनकुण्ठा र दमनका कारण रूपादेवी मनोरोगी हुन पुगेकी छे । जस्तै,

**उसको रोग हिस्टेरिया हो । उनी सायद मनोग्रस्त रोगले पीडित भएकी हुनसक्छ । उसले बढी चिन्ता गरेर, मनमा पीडा सल्काएर औ इच्छाहरू हत्या गरेर पनि यस्तो रोग लागेको हुनसक्छ ।** [114]

यसैले आफ्नो पतिबारे रूपादेवी अझ यसो भन्छे –

**उसलाई त केवल धन दौलत भए पुग्छ । उसले अझसम्म स्वास्नीमान्छेको मन बुझेको छैन । एउटा निर्जीव ढुङ्गाले कसरी पो स्वास्नीमान्छेको मन पनि छाम्न सक्छ र!** [115]

अन्तमा दमित यौन अचेतनको असह्य पीडाबाट मर्माहत भएकी रूपादेवी आफ्नो पतिलाई नै हत्या गरिदिने सोच्छे । उनलाई दमित यौन अचेतनको प्रभावले असामान्य परिणाममा पुर्याएको देखिन्छ । उसले पतिको अनुपस्थितिमा आफ्ना घरमा बच्चोलाई पढाउन आउने नायक मनोहरबाट पनि यौनसुख उपभोग गर्न पाएकी छैन । यस अवस्थामा रूपादेवीको चेतन मन अथवा सामाजिक चेतना शून्य अवस्थामा पुगेको देखिन्छ ।

उपन्यासकारले रूपादेवीमा चेतन अचेतन मनबीच द्वन्द्वको क्रियाशीलतालाई उपस्थापित गरी असामान्य यौन मानसिक अवस्थाको अध्ययन गरेका छन् । यस आधारमा हेर्दा प्रस्तुत उपन्यासले फ्रायडको जीवनदृष्टिमा अभिव्यक्त यौनसिद्धान्तले कला प्राप्त गरेको देखिन्छ ।

प्रेम प्रधानका उपन्यासहरूमा मानसिक परिवेशको प्रस्तुति व्यापक रहे पनि सामाजिक-सांस्कृतिक द्वन्द्वको आवश्यक पृष्ठभूमिलाई पनि महत्त्व दिएको पाइन्छ । उनका पछिल्लो उपन्यासमा

---

[114] पूर्ववत्, पृ. ९९ ।

[115] पूर्ववत्, पृ. ७३ ।

सामाजिक-सांस्कृतिक अन्तरद्वन्द्वको झाँकी प्रस्तुत भएको छ । यस उपन्यासमा समाजका लैङ्गिक उत्पीडन, बलत्कार, शोषणजस्ता तत्त्वहरूको परिणामस्वरूप नारीको जीवनमा परेको मनोवैज्ञानिक प्रभावलाई फ्रायडीय यौनसिद्धान्तको सामान्य अनुप्रेरणाद्वारा अध्ययन गरिएको छ । उदाहरणका लागि –

**कोही बेला लाग्छ मैले भोगेका ती सब स्थितिहरू मेरो आफ्नो मात्र पनि होइन । यी पीडा, कुण्ठा, यातना, प्रताडना, समस्या, जीवनको अस्थिरता र विसङ्गति त सम्पूर्ण मानवकै हो ।** [116]

**शिवराजले अचानक मेरो शरीरलाई स्पर्श गर्दा त्यो सोचाइको मानसिकता नै हत्या भएर म हिमका टुक्रा झैँ चिसो भएको थिएँ ।**[117]

**उनको त्यो जीवनशैली, स्वभाव र विकृतिको संस्कृतिप्रति म वाक्क भइसकेको थिएँ ।**[118]

उपन्यासकी नायिका प्रभाले अनेक कारणवश त्यसता उत्पीडनलाई जेल्न परेकीले उनको असामान्य यौन मानसिक स्थितिको उठान अत्यन्त कलात्मक ढङ्लले हुन सकेको छ । जस्तै,

**बीस वर्षको पट्ठो वीरबहादुरलाई मैले माली बनाएर फूलबारी खन्ने र गोड्ने आदेश कसरी दिएँ होला ! त्यो मलाई थाहा छैन । . . . सायद निश्चय नै उष्ण मरूभूमिमा छटपटिँदै तिर्खाहरू**

---

[116] प्रेम प्रधान, *प्रयोगको मेसिन,* पूर्ववत्, पृ. १५४ ।

[117] पूर्ववत्, पृ. १३८ ।

[118] पूर्ववत्, पृ. १३० ।

**साटासाट गर्ने मृगतृष्णा जागृत भएको थियो मेरो । . . . तर शरीरबाट धेरै कष्ट र बोझ मुक्त भएर गएको अनुभव भयो ।**[119]

उपन्यासमा यसबाहेक समाजमा हुने अनेक त्रुटि र खराबीलाई तीव्र व्यङ्ग्य गरी नारीप्रति सहानुभूति प्रकट गर्दै सामाजिक सुधारको सन्देश पनि दिएको छ । जस्तै,

**इन्द्रशेखरको सुझाउ ठीक लागेकाले मैले त्यसको विरोध गरिनँ । समाजमा देखिएका विसङ्गति, विकृति र कुसंस्कारका विष वृक्षहरू पुरै फँडानी गरेर अग्रगामी मानसिकताको नयाँ संस्करण र परिस्कृत संस्कृतिको खेती गर्नुपर्छ भन्ने कुरा मैले सोचेँ।**[120]

समग्रमा हेर्दा प्रेम प्रधानका उपन्यासमा सामाजिक सुधारसँगै मनोवैज्ञानिक रूपमा मनोरोगी नारी चरित्रका असामान्य यौन मानसिकताको चित्रण सहज रूपमा भएको देखिन्छ ।

*४.३.५ दमित कामवृत्तिका कारण पात्रहरूमा आएको नैतिक ह्रास*

प्रेम प्रधानका दुवै उपन्यासमा दमित कामवृत्तिका कारण नैतिक रूपमा पतीत भएका एकांश पात्रहरू देखिन्छन् । लैङ्गिक दृष्टिले हेर्दा पतीतगामी पुरुष चरित्रको सङ्ख्या नारीका तुलनामा अधिक छन् । यौन अचेतनको प्रभावले असामान्य परिणाममा पुगेका त्यस्ता पतीत चरित्रहरू वैयक्तिकभन्दा साँस्कृतिक विचलनले धेरै प्रभावित छन् । समाजमा नारीलाई सहानुभूति देखाएर यौनशोषण तथा प्रयोग मात्र नगरी स्वार्थका लागि अरूको यौनसाथीकै हत्यासमेत गर्ने पशुवृत्ति भएको कामुक चरित्र देख्न पाइन्छ । उदाहरणका लागि पछिल्लो उपन्यासका सङ्ख्यात्मक पुरुष पात्रहरूमध्ये शिवराजलाई नायिके मान्न सकिन्छ । उपन्यासमा शिवराज त्यस्तो चरित्र हो जसले कसैकी आमालाई बलत्कार गरेर

---

119 पूर्ववत्, पृ. १३० ।

120पूर्ववत्, पृ. १४५ ।

उसको लोग्नेको हत्यासमेत गरी अन्तमा उसैकी छोरीलाई बलत्कार गरी स्वास्नी बन्न बाध्य गराएको थियो । जस्तै,

**आमालाई  बलत्कार गरेर बुवाको पनि हत्या गर्ने विकृत लैङ्गिक उच्चताबोधको घमण्ड र मनोवृत्तिमा बाँचेका शिवराज त वास्तवमा शक्तिमा दम्भ र असंयमित चरित्र भएको एक बर्बर पाखण्डी नै थिए जसले मलाई धरी बलत्कार गरेर आफ्नो बर्बरता र क्रुरताको छाप मेरा मन र छातीमा छाडेका थिए । आमालाई बलत्कार गरेर सानो भाइ जन्मेपछि वास्तवमा उनी त परोक्ष रूपमा मेरा पिता नै बनेका थिए ।**[121]

उपन्यासमा शिवराजबाहेक हरिप्रसादमा पनि नैतिक ह्रास देखिन्छ । हरिप्रसादमा यौन अचेतनले गर्दा परस्त्री गमन गर्ने मानसिकता विकसित भएको छ । उसलाई यसो गर्नुमा कुनै पश्चताप छैन । ऊ सहज रूपमा भन्छः

**म देवेन भएर तपाईंको आवश्यकता थिएँ भने तपाईं बिमला भएर मेरो आवश्यकता हुनुहुन्थ्यो ।** [122]

यसरी उपन्यासमा कामवृत्तिका कारण नैतिक पतीत हुन पुगेका यस्ता चरित्रहरू एकपछि अर्का अनेक देखिन्छन् । अघिल्लो उपन्यासकी नायिका रूपादेवी सभ्य चरित्रको हुँदाहुँदै पनि दमित यौनेच्छाका कारण परपुरुष गमन गर्नमा लालयित बनेकी छ । आफ्नो पति र सामाजिक नैतिकताप्रति उनलाई ख्याल छैन । अपरिचित परपुरुषप्रतिको आकर्षणमा आफ्नो नैतिकता गुमाउन पुगेकी छ ।

---

[121] पूर्ववत्, पृ. १२१ ।

[122] पूर्ववत्, पृ. ४९ ।

कामवृत्तिले गर्दा नै अरूकी स्वास्नीसँग आकर्षित भई निमग्न हुने नायक मनोहरमा पनि नैतिकता ह्रास भएको महसुस हुन्छ ।

### ४.४ उपसंहार

प्रेम प्रधान भारतीय नेपाली साहित्यको क्षेत्रमा नवीन आख्यान शिल्प प्रभृति कलम चलाउने सर्जक हुन् । उनका आख्यानकारिताको कथ्यभूमि यौनमनोविश्लेषण पनि एउटा हो । उनका कथा र उपन्यासमा यौन कलात्मक रेखाङ्कनसँग प्रस्तुत गरिएको हुन्छ । असामान्य पुरुष र नारी पात्रको यौनमनोवैज्ञानिक तथा आन्तरिक द्वन्द्वको विश्लेषण उनका आख्यानको केन्द्रीय विशेषता हो । उनले यौनलाई आख्यानको धरातल बनाए पनि आफैँचाहिँ यौनवादी होइनन् भन्ने बोध हुँदछ । यौनवाद र फ्रायडवाद दुई विपरीतधर्मी कित्तामा उभ्याएर हेर्दा उनलाई फ्रायडवादी आख्यानकारका रूपमा लिन सकिन्छ । उनका उपन्यासहरू यौनमनोविज्ञानमा आधारित छन् । उनका औपन्यासिक शिल्प फ्रायडीय ''मेथोडोलोजी'' मा आधारित हुनाले उनी स्वयंले आफूलाई फ्रायडवादी मान्छन् ।

फ्रायडवाद वास्तवमा व्यक्तित्व संरचना जसमा इद, इगो, सुपरइगो आदिको अध्ययनमा सन्दर्भित मनोवादी सिद्धान्त भनिन्छ । तर कुनै पनि यौनिक सम्बन्धको सम्भावना र चाहना भेटियो भने त्यसलाई फ्रायडवादी [123] मान्ने प्रथा पनि छ । यसभन्दा पनि कुनै सेक्ससम्बन्धी कुरा आयो भने

[123] अभि सुवेदी, “विश्वेश्वरप्रसाद कोइरालाको राजनीति, साहित्य र कानुनको ‘त्रिगुणले मण्डित’ दर्शन : व्याख्याको समस्या,” भावपन्थी (सम्पा.), *आख्यानकार विश्वेश्वरप्रसाद कोइराला पुनर्पाठ*, (काठमाडौँ : नेपाल प्रज्ञाप्रतिष्ठान, वि.सं.२०७०) पृ. २८ ।

त्यसलाई फ्रायडवादी[124] भन्ने गरेको छ । तर यौनजनित घटना र चरित्रका सम्बन्धको व्याख्यालाई आधार बनाएर यसैलाई फ्रायडवाद भनिहाल्नु चाहिँ सान्दर्भिक होइन ।

फ्रायड आफैँ पनि यौनवादी होइनन् । उनले व्यक्तिको स्नायुविक ग्रन्थिको वैज्ञानिक अध्ययन गर्ने क्रममा मानिसको सम्पूर्ण जीवनवृत्ति यौनद्वारा सञ्चालित हुँदछ भन्ने तथ्य फेला पारेका हुन् । मानिसको अचेतन मनमा हुने **इद** नै यौनको पूरक हो भन्ने उनको धारणा कालान्तरमा विश्वजनीन हुन पुगेको हो । यसले दार्शनिक धरातल हुँदै पछि साहित्य, चित्रकला आदिमा पनि ठाउँ पायो । यी कतिपय तथ्यहरूलाई लिएर हेर्दा प्रेम प्रधानलाई यौनवादी नभनेर फ्रायडवादी सर्जकका रूपमा लिन अप्ठ्यारो पर्दैन । यौनजनित घटना र चरित्र सन्दर्भित व्याख्यालाई मात्र फ्रायडवाद भन्ने अपव्याख्यामा नलागी प्रेम प्रधानका उपन्यासले पात्रको मनोवैज्ञानिक विश्लेषण गर्दा उनीहरूको जीवनमा यौनजनित घटना र कुण्ठाले पुर्‍याकएको मानसिक प्रभावलाई खोज गर्ने फ्रायडीय प्रभावसम्म मान्न उचित हुनेछ ।

---

[124] पूर्ववत्, पृ. २९ ।

# पाँचौं अध्याय

## प्रेम प्रधानका उपन्यासमा मौलिकताको प्रश्न

### ५.१ लेखनमा मौलिकता

आफ्नै मौलिक विशेषता भएको, कसैको प्रभाव नपरेको वा नक्कल नगरिएको, आफैँले सिर्जना गरिएको, नयाँपन [125] आदिलाई वास्तवमा मौलिकता भनिन्छ । यस प्रसङ्गमा केही विद्वान्हरूले उपन्यासकार प्रेम प्रधानको उपन्यास लेखनमाथि मौलिकताको प्रश्न उठाएका छन् । विशेषतः प्रेम प्रधानको उपन्यास र कथामा अन्य भाषी सर्जकका कृतिहरूको अनुकरण गरिएको आरोप लागेको माथि समालोचकहरूले प्रश्न तेर्साएका छन् । अतः प्रेम प्रधानका उपन्यासमा मौलिकतामाथि उठाइएको प्रश्नलाई ध्यानमा राख्दै निम्नलिखित रूपमा प्राप्त केही तथ्यहरूलाई प्रस्तुत गरिन्छ ।

### ५.२ नेपाली साहित्यमा मौलिकतामाथि प्रश्न उठाउने परम्पराको थालनी

नेपाली साहित्यमा सर्जकहरूलाई मौलिकतामाथि प्रश्न उठाउने परम्पराको थालनी समालोचक रामकृष्ण शर्माबाट भएको हो । उनले नेपाली साहित्यका अग्रज साहित्य सर्जकहरू पं. धरणीधर शर्मा कोइराला, नाट्यसम्राट बालकृष्ण सम र महाकवि लक्ष्मीप्रसाद देवकोटाका रचनालाई अङ्ग्रेजी

---

[125] हेमङ्गराज अधिकारी (सम्पा.), *प्रयोगात्मक नेपाली शब्दकोश*, तृतीय सं, (काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि. वि.सं.२०६६), पृ. ८२३ ।

साहित्यको प्रभाव रहेको सोदाहरण प्रस्तुत गरी उनीहरूका रचनाधर्मीमाथि प्रश्न उठाएका थिए। यसबाहेक समालोचक रामकृष्ण शर्माले पं. रघुनाथ समकालीन कविका रचनाहरूमा समेत प्राचीन संस्कृत साहित्यको भाव, लय र अलङ्कारको प्रशस्त प्रभाव [126] परेको भन्दै मौलिकतामाथि शङ्का व्यक्त गरेका छन्। यसै परम्परालाई पच्छ्याउँदै नेपाली साहित्यका केही समालोचकहरूले विश्वेश्वरप्रसाद कोइराला, पारिजात, प्रेम प्रधान आदिका रचनाहरूमा पनि मौलिकताको प्रश्नचिन्ह खडा गरेका छन्।

यसरी समय समयमा सर्जकहरूमाथि मौलिकताको प्रश्न उठ्नु कुनै अस्वाभाविक होइन, तर परम्परागत साहित्यिक लेखकलाई दिइने महत्त्वका विरूद्ध मत स्थापना भइसकेको हुनाले कुनै पनि लेखक मौलिक स्रष्टा नभई शब्द र अर्थहरूको संयोजन गर्ने व्यक्ति हुन्छ [127] भन्ने उत्तर-आधुनिक चिन्तनका नयाँ नयाँ भनाइहरू पनि अघि आइरहेका छन्।

### ५.३ समालोचक वीर्खबहादुर खडका डुवर्सेलीद्वारा उदासीन रूखहरू उपन्यासमा उठाइएको प्रश्न

भारतीय नेपाली साहित्यका क्षेत्रमा वीर्खबहादुर खडका डुवर्सेलीलाई एकजना निर्भय समालोचनाधर्मीका रूपमा चिनिन्छन्। उनले समालोचक रामकृष्ण शर्माका उत्तराधिकारीलाई आत्मसात् गरेका हुनाले उनलाई निर्णयात्मक तथा वस्तुवादी समालोचक दुवै मान्न सकिन्छ। उनले पनि रामकृष्ण शर्माले झैँ प्रशंसाधर्मी, समालोचनाको विरूद्ध कृति र कृतिकारको दोषपक्षलाई केलाएर निर्भीक निर्णय दिने कार्य गरेको देखिन्छ। उनका यसै समालोचनात्मक निर्भयतालाई हेर्दा समग्रमा उनलाई प्रभाववादी पद्धतिलाई तार्किक र बौद्धिक किसिमले समालोचना गर्ने विश्लेषकको रूपमा लिन सकिन्छ।

---

[126] रामकृष्ण शर्मा, *सप्त शारदीय*, दोस्रो सं, (काठमाडौँ : साझा प्रकाशन, वि. सं. २००५), पृ. १।

[127] नेत्र एटम *समालोचनाको स्वरूप*, (काठमाडौँ : साझा प्रकाशन, वि. सं. २०६१), पृ. ८७।

समालोचक विर्खबहादुर खडकाले सर्जक प्रेम प्रधानकृत *उदासीन रूखहरू* उपन्यासमा विषयवस्तु र प्रस्तुतीकरणमा मौलिकता नरहेको उठान गरेका छन् । उनले यस औपन्यासिक कृति मलायलम वा तेलुग उपन्यासको विषयवस्तु र प्रस्तुतीकरणसँग मिल्ने कुरालाई प्राथमिकता दिँदै कृतिमा मौलिकतामाथि हावी भएको उल्लेख गरेका छन् । तर प्रमाणका लागि समालोचक विर्खबहादुर खडकाले कुन भाषा विषयक कृतिको अनुकरण हो त्यसबारे बताउन समय लाग्ने बताएका छन् । उनले *उदासीन रूखहरू* उपन्यासको विषयमा केन्द्रीय हिन्दी निदेशालयको *साहित्यमाला* अन्तर्गत *भारतीय उपन्यास अन्तिम दशक : १९९१-२०००* मा समीक्षात्मक लेख लेखेपछि कृतिमा मौलिकता नरहेको आशय व्यक्त गरेका हुन् । उनले यसबारे आफूले धेरैअघि आलेख लेखेकाले अहिले यसको स्पष्ट तथ्यलाई यथासमय जुटाउन नसकिने दावी गरी भविष्यमा जुट्न सक्ने सम्भावना व्यक्त गर्छन् । (यस सम्बन्धमा स्वयम् समालोचक खडकाको हस्तलेखनमा प्राप्त तथ्यको विवरण परिशिष्टमा समाविष्ट छ ।) यसो हुँदा कृतिको मौलिकतामाथि उठेको प्रश्नबारे अहिले नै केही भनिहाल्न सक्ने जुक्ति देखिँदैन ।

### ५.४ मौलिकताको प्रश्नप्रति उपन्यासकार प्रेम प्रधानको स्पष्टोक्ति

समालोचक वीर्खबहादुर खडकाले प्रेम प्रधानको उपन्यासमाथि मौलिकता नभएको बताएपछि सर्जक आफैले त्यसको स्पष्टोक्ति दिएका छन् । (सो स्पष्टोक्ति परिशिष्टमा समाविष्ट छ) प्रेम प्रधानले आफ्नो कृतिको मौलिकता नभएको कुरासँग असहमति व्यक्त गरेका छन् । उनका भनाइमा आज उपन्यासलेखन परम्परामा नयाँपन आएको छ । परम्परादेखि आजको औपन्यासिक लेखन मुक्त एवम् स्वतन्त्र रहेको छ । यसै सन्दर्भलाई उठान गर्दै उनले आफ्नो उपन्यासहरू पारम्परिक उपन्यासभन्दा भिन्न रहेको उल्लेख गरेका छन् र यस सम्बन्धमा साथै पाठक एवम् समालोचकहरूले आ-आफ्नै दृष्टिले हेर्ने गरेका उनी बताउँछन् ।

उनी आफ्नो लेखनको मौलिकतामाथि प्रश्न गर्नु कुनै पनि नयाँ कुरो नभएर त्यो प्रश्नकर्ताहरूका विचारको स्वतन्त्रता हो भन्ने ठान्छन् । अनि ती प्रश्नकर्ताहरूका अध्ययनले जे जति भेट्न सके त्यति नै तिनीहरूले बुझ्न सक्ने उनको स्वीकृति छ । उनी आफ्नो उपन्यासमा मौलिकताको प्रश्न उठाउने प्रश्नकर्ताहरूमाथि नै उल्टो प्रश्न उठाउँछन् , जसले उनका उपन्यासमाथि मौलिकताको प्रश्न उठाए तिनीहरू को हुन् ? जस्ता प्रश्न अघि सार्दै भनेका छन् - तिनीहरू वास्तवमा कुनै स्थापित समालोचक तथा अध्ययनशील पाठक होइनन् ।

स्रष्टा प्रेम प्रधानको अर्को भनाइ के पनि छ भने अध्ययनशील पाठक एवम् समालोचकले मात्र उनका कृतिहरूका मूल्याङ्कन गर्न सक्छन् । फ्रायडी य यौनमनोविश्लेषणवादी र अस्तित्ववादी सिद्धान्तलाई नबुझ्ने पाठक एवम् समालोचकहरूबाट कृतिको सही मूल्याङ्कन हुन नसक्ने उनको ठहर छ । सम्भवतः उनका कृतिमाथि जसले प्रश्न उठाए उनीहरूकहाँ अध्ययनको कमी हो भन्ने उनको उल्टो आक्षेप छ । उनी आफ्ना उपन्यासमा मौलिकता हावी नभएका कारण पाठकहरूको सङ्ख्या प्रशस्त रहेको अनि आज पनि यस उपन्यासको माग भइरहेको बताउँछन् । त्यसैले उनी कुनै पनि कृतिमा मौलिकता रहेको हुन्छ भन्ने कुरोमा विश्वास व्यक्त गर्छन् ।

## ५.५ उपसंहार

उपन्यासकार प्रेम प्रधानको साहित्यिक लेखनमाथि मौलिकता नभएको प्रश्नअघि आएको देखिन्छ । जुन समालोचकले उनको उपन्यासमाथि मौलिकताको प्रश्न उठाए उनै समालोचक स्वयंमा स्पष्ट नभएको हुँदा उपन्यासकार प्रेम प्रधानलाई मौलिक उपन्यासकार मान्नसक्ने या नसक्ने भन्ने तर्कयोग्य विषयमाथि अहिले नै निर्णायक विन्दुमा आइहाल्ने स्थिति छैन । उनका उपन्यासमा मौलिकता नभएको तथ्यअघि आए पनि यथार्थमा त्यस तथ्यलाई प्रामाणित रूपमा प्राप्त गर्नु केही समय लाग्ने भएको छ भन्ने

कुरो स्वयं प्रश्नकर्ता वीर्खबहादुर खडका डुवर्सेलीले यस शोधार्थीसँगको अन्तर्वार्ताक्रममा बताएका छन् । तर सर्जक प्रेम प्रधानले आफ्ना कृतिमा मौलिकता रहेको स्वीकार गरेका छन् । यस्तो परिस्थितिमा सर्जक प्रेम प्रधानको उपन्यासको मौलिकतामाथि उठेको प्रश्नको समाधानार्थ एउटा गहन दायित्व हामी भविष्यलाई सुम्पँदै उपन्यासकार प्रेम प्रधानलाई मौलिक लेखक मान्ने कि नमान्ने भन्ने विषयतर्फ नलागी उनका प्रकाशित औपन्यासिक कृतिहरूको अध्ययन गरी प्राज्ञिक निष्कर्षमा पुग्नु नै उचित हुनेछ ।

# छैटौं अध्याय

# शोधकार्यको निष्कर्ष

## ६. शोधकार्य निष्कर्ष

यस अन्तिम अध्यायमा शोधकार्यका अध्यायगत निष्कर्षसँगै अन्तिम समष्टि निष्कर्ष प्रस्तुत छ ।

## ६.१ अध्यायगत निष्कर्ष

*उपन्यासकार प्रेम प्रधानका उपन्यासहरूको यौनमनोविश्लेषणात्मक अध्ययन* शीर्षकको प्रस्तुत लघुशोधप्रबन्धमा जम्मा छवटा अध्यायहरू संयोजित छन् र यी अध्यायहरूमा आबद्ध तथ्य विश्लेषणको सारांश रूपलाई यहाँ प्रस्तुत गरिएको छ ।

**पहिलो अध्याय** प्रस्तुत लघुशोधप्रबन्धको **शोधपरिचय** शीर्षकमा केन्द्रित रहेको छ । यसअन्तर्गत शोधशीर्षकको प्रस्तुति र त्यससँग सम्बद्ध शोधक्षेत्रको परिचय संक्षेपमा प्रस्तुत छ । यस शोधप्रबन्धले आधुनिक भारतीय नेपाली उपन्यासपरम्परामा देखा परेको यौनमनोविश्लेषणवादी प्रवृत्तिको औपन्यासिक धारामा उपन्यासकार प्रेम प्रधानको आगमन र उनका उपन्यासमा फ्रायडीय यौनमनोविश्लेषणवादी प्रवृत्तिको निरूपणको सैद्धान्तिक प्रक्रियालाई मूल प्राज्ञिक समस्याको रूपमा लिएको छ । यसअन्तर्गत चारवटा प्राज्ञिक प्रश्नहरू १. साहित्यमा यौनमनोविश्लेषणको निरूपण के कस्तो रूपमा भएको छ ? २. उपन्यासकार प्रेम प्रधानपूर्व र परवर्तीकालमा भारतीय नेपाली उपन्यासपरम्परामा यौनमनोविश्लेषणको प्रयोग के कसरी भएको छ ? प्रेम प्रधानका औपन्यासिक

कृतिहरूमा यौनमनोविश्लेषण कुन ढङ्गमा प्रस्तुत भएको छ ? र ४. प्रेम प्रधानको उपन्यासकारितामा आरोपित मौलिकताको प्रश्नको समाधान के हुनसक्लान् ? (यिनै प्रश्नहरू) द्वारा सिर्जित समस्याहरूको समाधान गरी निष्कर्षसम्म पुग्नु प्रस्तुत लघुशोधप्रबन्धका प्राज्ञिक समस्याहरू हुन् ।

माथि चर्चित समस्याकेन्द्री यस लघुशोधप्रबन्धको उद्देश्यहरू मूलतः १. यौनमनोविज्ञानको सैद्धान्तिक आधारमा साहित्यमा यसको प्रयोगको स्थितिलाई सत्यापन गरी स्पष्ट पार्नु , २.उपन्यासकार प्रेम प्रधानपूर्व र परवर्तीकालमा भारतीय नेपाली उपन्यासपरम्परामा यौनमनोविश्लेषणका मुख्य आधार र स्थितिको सर्वेक्षण गर्नु , ३.उपन्यासकार प्रेम प्रधानको औपन्यासिक कृतिहरूमा यौनमनोविश्लेषणको प्रविधिगत निरूपण के कसरी भएको छ भन्ने प्राज्ञिक समस्यामा केन्द्रित रही त्यसको विश्लेषण र सामान्यीकरण गरी निष्कर्ष प्राप्त गर्नु र ४. प्रेम प्रधानको उपन्यासकारितामा आरोपित मौलिकताको प्रश्नको समाधान गरी अन्तिम निष्कर्षमा पुग्नु नै हुन् । यी चारवटा उद्देश्यहरूलाई माथिका प्राज्ञिक समस्याहरूको समाधान हुने गरी आबद्ध गरिएको छ ।

पूर्वकार्यको समीक्षाको क्रममा उपन्याससम्बन्धी फ्रायडीय यौनमनोविश्लेषणवादसँग सम्बद्ध सैद्धान्तिक पुस्तकहरू, समालोचनासङ्ग्रह पुस्तकहरू, साहित्यिक इतिहास, साहित्यकोश, सर्वेक्षणात्मक ग्रन्थ, पत्रपत्रिकामा प्रकाशित समालोचनात्मक लेखहरू, भूमिकाहरू, विश्वविद्यालयद्वारा स्वीकृत विषयगत विद्यावारिधि, एम.फिल तथा स्नातकोत्तर शोधप्रबन्धहरू तथा विभिन्न जीवनीकारहरूद्वारा प्रेम प्रधानबारे लेखिएका जीवनीलाई मूल आधार बनाइएको छ ।

सामग्री सङ्कलन विधिअन्तर्गत मुख्यतः प्राथमिक सामग्रीस्रोत, द्वितीय सामग्रीस्रोत र विद्युतीय(सञ्चार माध्यम) सामग्रीस्रोतलाई अँगालिएको छ । प्राथमिक सामग्रीस्रोतअन्तर्गत शोधनायक प्रेम प्रधान र उनको बारेमा जानकारी राख्ने स्रोत व्यक्तिहरू र समालोचकहरूसँगको भेटवार्ता तथा अन्तरवार्ताबाट प्राप्त जानकारीका आधारमा सामग्री सङ्कलन गरिएको छ । विभिन्न विश्वविद्यालयका

पुस्तकालय, व्यक्तिगत पुस्तकालयबाट समेत सामग्री सङ्कलन गरी शोधनायक प्रेम प्रधानको जीवनी र उनका औपन्यासिक कृतिहरूका बीचको अन्तःसम्बन्धको पनि अध्ययन गरिएको छ । द्वितीय सामग्रीस्रोतअन्तर्गत कालक्रमिक रूपमा प्रकाशित विभिन्न साहित्यिक इतिहास, उपन्याससम्बन्धीका सिद्धान्त, समालोचना आदि पुस्तकहरूबाट आवश्यक सामग्री सङ्कलन गरी प्रस्तुत लघुशोधप्रबन्ध तयार पारिएको छ । यस शोधकार्यको पूर्णताका लागि आवश्यक समालोचना विधि र सिद्धान्तहरूको यथोचित संयोजनद्वारा शोधसामग्रीलाई वर्गीकृत गरी यथास्थान प्रस्तुत गरी निष्कर्षप्राप्तिका लागी तिनलाई सामान्यीकरण गरिएको छ । यसै गरी विद्युतीय सामग्रीस्रोतअन्तर्गत विशेष गरी ब्लग, ट्वीटर, फेसबुक, वेभपेजेस आदिमा प्रेषित टिप्पणीहरूलाई पनि सामग्रीको रूपमा ग्रहण गरी यस लघुशोधप्रबन्धमा आवश्यकताअनुसार संयोजित गरिएको छ ।

यस लघुशोधप्रबन्धको सङ्गठन ढाँचा मूलतः छ अध्यायमा सङ्गठित छ । अन्तमा परिशिष्टअन्तर्गत शोधनायक र उनका उपन्यासहरूका अध्येता तथा समालोचक बिर्खबहादुर खडका डुवर्सेलीको हस्ताक्षरित अन्तर्वार्ताहरूलाई राखिएको छ । अन्तमा प्रस्तुत लघुशोधप्रबन्धमा प्रयुक्त सामग्रीहरूलाई सन्दर्भ सामग्री सूचीमा वर्णानुक्रमअनुसार राखिएको छ ।

**दोस्रो अध्याय** साहित्यमा यौनमनोविज्ञानको परिचय र यसको निरूपण माथि विशेष केन्द्रित रही सैद्धान्तिक कसीमा यौनमनोविज्ञान के हो र साहित्यमा यसको निरूपण कसरी भएको छ भन्नेबारे सकेसम्म गम्भीर चर्चा गरिएको छ ।

**तेस्रो अध्याय** उपन्यासकार प्रेम प्रधानका संक्षिप्त जीवनी, कृतित्व र व्यक्तित्वमाथि केन्द्रित छ । नेपाली साहित्यमा स्थापित स्रष्टा प्रेम प्रधानको जीवनीमाथि प्रकाश पार्दै उनका कृतित्व के कस्तो छ र ती कृतिहरूबाट उनका के कस्ता किसिमका साहित्यिक व्यक्तित्वहरू जन्मिएका छन् भन्ने तथ्यबारे चर्चा

गर्दै शोधनायक प्रेम प्रधानका जीवनी र कृतित्वका बीचको अन्तःसम्बन्धलाई यस अध्यायले स्पष्ट पार्ने चेष्टा गरेको छ ।

**चौथो अध्याय** फ्रायडीय यौनमनोविश्लेषणको सैद्धान्तिक आधारमा प्रेम प्रधानका औपन्यासिक कृतिहरूको विश्लेषण र मूल्याङ्कन शीर्षकमा केन्द्रित छ । उपन्यासकार प्रेम प्रधानपूर्वका नेपाली उपन्यासपरम्परामाथि अवलोकन गरी प्रेम प्रधानका दुई उपन्यासहरू जन्माउने प्रेरक पृष्ठभूमिलाई प्रस्तुत गर्दै उनका उपन्यासहरूमा फ्रायडीय यौनमनोविश्लेषणको प्रभाव र त्यसको निरूपणबारे सैद्धान्तिक आधारमा विस्तृत चर्चा गरिएको छ ।

**पाँचौं अध्याय** प्रेम प्रधानका उपन्यासमा मौलिकताको प्रश्नमाथि विशेष रूपमा केन्द्रित रहेको छ । कतिपय समालोचकले प्रेम प्रधानको पहिलो एवम् साहित्य अकादमी पुरस्कार प्राप्त उपन्यास *उदासीन रूखहरू* माथि मौलिकताको प्रश्न उठाएका छन् । यो गम्भीर प्रश्नको समाधानार्थ स्वयं शोधनायक प्रेम प्रधान र प्रश्नकर्तासँग भेटवार्ता र अन्तर्वार्तासमेत लिई यस अध्यायका माध्यमबाट निक्यौंल प्राप्त गर्ने चेष्टा गरिएको छ । निक्यौंलअनुसार कुन भाषाको उपन्यासबाट *उदासीन रूखहरू* प्रभावित रहेको भन्ने कुरोमा स्वयं प्रश्नकर्ता अन्योलस्थितिमा रहेको र शोधनायकले मौलिकताको प्रश्नबारे अध्ययनको कमीको उपज हो भनेका छन् ।

**छैटौं अध्याय** सम्पूर्ण शोधकार्यको निचोड अभिव्यक्ति हो ।

### ६.२ समष्टि निष्कर्ष

यस लघुशोधप्रबन्धको समष्टिशोध निष्कर्ष पूर्वोक्त प्राज्ञिक समस्या र उद्देश्यसँग आबद्ध छ । भारतीय नेपाली उपन्याससाहित्यमा उपन्यासकार प्रेम प्रधानको स्थान निर्धारण गर्दै भारतीय नेपाली

उपन्यासपरम्परामा उनीद्वारा प्रवर्द्धित फ्रायडीय यौनमनोविश्लेषणको निरूपण कसरी भएको छ भन्ने प्राज्ञिक समस्या र उनको उपन्यासको मौलिकतामाथि उठेको प्रश्नको समाधानार्ध यस लघुशोधप्रबन्धले निष्कर्ष प्राप्त गर्ने चेष्टा गरेको छ ।

भारतीय नेपाली उपन्यासपरम्परामा प्रेम प्रधान एकजना परिचित हस्ताक्षर हुन् । उनका दुईवटा औपन्यासिक कृतिहरू प्रकाशित छन् , जुन भारतीय नेपाली उपन्यासजगत्मा परम्परित औपन्यासिक ढाँचालाई त्यागी पश्चिमेली फ्रायडीय र अस्तिवादी दर्शनको प्रयोगप्रति उन्मुख रहेको पाइन्छ । उनका उपन्यासमा पाइने यौनमनोविश्लेषण नै वास्तवमा सर्वोपरि विशेषता हो । यसै धारबाट उनका उपन्यासहरूलाई अध्ययन गरिनु शोधकार्यको उद्देश्य हो ।

उपन्यासकारले आफ्ना औपन्यासिक कृतिहरूमा मानवीय यौन जीवनको चित्रण खुबै कलात्मक ढङ्गमा प्रस्तुत गरे पनि अस्तित्ववादी दर्शनको पहलुलाई पनि प्रस्तुत गरेका छन् । उपन्यासमा घटना र विचार दुवैको प्रधानता पाइन्छ । पात्र प्रयोगको दृष्टिले हेर्दा नारी पात्राका बहुलता पाइन्छन् । तिनीहरू यौन उत्पीडनको शिकार भएका छन् भने यौनकुण्ठा र दमनका कारण विक्षिप्त बन्न पुगेका छन् । उपन्यासमा पुरुष पात्रहरूको भूमिका गतिशील भए पनि मानसिक र सामाजिक सङ्घर्षको उतारचढाउले गर्दा नारी चरित्रको केन्द्रीय भूमिका रहेको पाइन्छ । यसैले दुवै नारीकेन्द्री उपन्यास बन्न पुगेको छ ।

उपन्यासमा पुरुष पात्रहरूको भूमिकालाई पनि नगण्य मान्न सकिँदैन, तापनि कति पुरुष पात्रहरू भने कुनै विशेष उद्देश्य प्राप्तिका लागि मात्र देखिएका छन् अनि तिनीहरू काम वासनाले ज्यादा उन्मुख रहेको हुँदा  खल चरित्रको रूपमा देखिन्छन् ।

उपन्यासमा सबलतासँगै केही दुर्बलताहरू पनि निश्चय नै छन् । यस सम्बन्धमा समीक्षक उदय थुलुङ भन्छन् - पात्र-पात्रहरूका वार्तालाप र अभिव्यक्तिशैलीमा अत्यधिक भावुकताले प्रवेश गरेको हुँदा वाक्यमा कृतिमता यदाकदा देखापर्छ ।[128] यससँगै उनका उपन्यासकारितामाथि मौलिकताको प्रश्नचिन्ह समयसालमा देखिए पनि कुन भाषा र कृतिको प्रभाव हो भन्ने स्वयं प्रश्नकर्ता अन्योलमा हुनाले सर्जक र प्रश्नकर्ता दुवैका विचार परिशिष्टमा राखिएको छ ।

समष्टिमा भन्न खोज्दा भारतीय नेपाली उपन्यासपरम्परामा उपन्यासकार अर्जुन निरौलाको *घाम डुबेपछि* (सन् १९७६), राधाकृष्ण शर्माको *भन्न नसकेका कुरा* (सन् १९८३) र भीम दाहालको *अभीष्टको खोज* (सन् १९९२) बाट आरम्भ भएको यौनमनोविश्लेषणवादी उपन्यासलेखनले खास कलाका दृष्टिले सफलता हासिल नगरे तापनि, प्रेम प्रधानका *उदासीन रूखहरू* (सन्१९९९) र *प्रयोगको मेसिन* (सन्२००९) बाट भने यस क्षेत्रमा एउटा नयाँ पाटो उघ्रिन्छ । फ्रायडीय यौनमनोविश्लेषणमै केन्द्रित रही पात्रको मनस्तात्विक अध्ययन गर्ने ढाँचा र परम्परा सुरू भएको, शिष्ट र श्लील ढङ्गमा यौनजन्य विषयलाई उपन्यासमा प्रस्तुत गर्ने नयाँ सीपको थालनी पनि प्रेम प्रधानबाटै भएपछि आधुनिक भारतीय नेपाली उपन्यासपरम्परामा एउटा नवीन औपन्यासिक मोडको स्थापना हुन्छ – त्यो हो फ्रायडीय यौनमनोविश्लेषणवादी औपन्यासिक मोड ।

---

[128] उदय थुलुङ, ''उपन्यास 'उदासीन रूखहरू 'को आधारभूमि', *सुनचरी*, कुमार प्रधान सम्पा.(सिलगढी, सुनचरी प्रकाशन,१० नोभेम्बर २००२), पृ. ३ ।

## सन्दर्भग्रन्थ सूची

### नेपाली खण्ड

### सन्दर्भपुस्तक

१. आचार्य, कृष्णहरि, *शोधविधि, सिर्जना र संस्कृत काव्यशास्त्र*, कीर्तिपुरः क्षितिज प्रकाशन, वि. सं.२०६४।

२. उप्रेती, सञ्जीव, *सिद्धान्तका कुरा*, काठमाडौँ : अक्षर क्रियसन्स, वि.सं. २०६८।

३. एटम, नेत्र, *समालोचनाको स्वरूप*, ललितपुर : साझा प्रकाशन, वि.सं. २०६१।

४. ओशो, *सम्भोगदेखि समाधितिर,* नेपाल : आदर्श प्रकाशन, वि.सं.२०६५।

५. गौतम, कृष्ण, *आधुनिक आलोचनाः अनेक रूप, अनेक पठन*, ललितपुर : साझा प्रकाशन, वि.सं. २०५०।

६. घर्ती, दुर्गाबहादुर, *मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्रविधान,* ललितपुर : साझा प्रकाशन, वि.सं. २०६७।

७. छेत्री, शरद, *केही पृष्ठहरू अध्ययनका*, दक्षिण सिक्किम, नाम्ची : निर्माण प्रकाशन, सन् २००६ ।

८. दाहाल, मोहन पी. , *आधुनिक नेपाली उपन्यास,* दार्जीलिङ : दार्जीलिङ ग्रन्थकार सहकारी समिति, सन् १९९३।

९. दाहाल, मोहन पी., *दार्जीलिङका नेपाली उपन्यास परम्परा र प्रवृत्ति* , दार्जीलिङ : श्याम ब्रदर्स प्रकाशन, सन् २००१ ।

१०. नेपाल, घनश्याम, *नेपाली साहित्यको परिचयात्मक इतिहास,* संशोधित र परिवर्द्धित सं. सिलगढी : एकता बक्स हाउस, सन् २००९ ।

११. पौडेल, राम, *आधुनिक नेपाली कथामा बालमनोविज्ञान* , काठमाडौँ : लेखक स्वय्, वि.सं. २०६३ ।

१२. प्रधान, कुमार, मल्लिकार्जुन, *नेपाली लेखन शैली* , मैसुर : भारतीय भाषा संस्थान, मैसुर तथा सिक्किम अकादमी, गान्तोकद्वारा संयुक्त रूपमा प्रकाशित, सन् २०११ ।

१३. प्रधान, कृष्णचन्द्रसिंह, *नेपाली उपन्यास र उपन्यासकार,* ललितपुर : साझा प्रकाशन, वि.सं. २०३७ ।

१४. प्रधान, प्रतापचन्द्र, *माध्यमिककालीन नेपाली कवितामा शृङ्गार* , वाराणसी : नाथ पब्लिशिङ्ग हाउस, सन् १९८० ।

१५. प्रधान, प्रतापचन्द्र, *सन्दर्भ : उपन्यासको,* काठमाडौँ : आदि प्रकाशन, वि. सं. २०५६ ।

१६. प्रधान, प्रेम, *कालो सर्प,* सिक्किम, विश्व इन्टरप्राइज, सन् १९९५ ।

१७. प्रधान, प्रेम प्रधान, *प्रयोगको मेसिन,* दार्जीलिङ : श्याम प्रकाशन, सन् २००९ ।

१८.	प्रधान, राजनारायण, *केही कृति केही स्मृति,* दो. सं, ललितपुर : साझा प्रकाशन, वि.सं. २०४८ ।

१९.	बराल, कृष्णहरि , *मनोविश्लेषण र साहित्य* , काठमाडौँ : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन प्रा. लि, वि. सं. २०३८ ।

२०.	योञ्जन, प्यासी, जस, *प्यासीका केही समालोचना,* दार्जीलिङ : साझा प्रकाशन, सन् १९८३ ।

२१.	राई, असित, *भारतीय नेपाली साहित्यको इतिहास*, दार्जीलिङ : साझा प्रकाशन, सन् २००६ ।

२२.	राई, इन्द्रबहादुर, *नेपाली उपन्यासका आधारहरू* , दार्जीलिङ : नेपाली साहित्य परिषद्, सन् १९७४ ।

२३.	रेग्मी, मुरारीप्रसाद, *मनोविश्लेषणात्मक समालोचना* (उपन्यास खण्ड), दो. सं, ललितपुर : साझा प्रकाशन, वि.सं. २०५० ।

२४.	रेग्मी, मुरारीप्रसाद, *मनोविश्लेषणात्मक समालोचना,* दोस्रो.सं , ललितपुर : साझा प्रकाशन, वि.सं. २०६५ ।

२५.	शर्मा, मोहनराज, लुइँटेल, खगेन्द्रप्रसाद, *शोधविधि*, ललितपुर : साझा प्रकाशन, वि.सं. २०६२ ।

२६.	शर्मा, रामकृष्ण, *सप्त शारदीय,* ललितपुर : साझा प्रकाशन, वि.सं. २०५० ।

२७. शर्मा, हरिप्रसाद , *विश्वेश्वरप्रसाद कोइरालाका कथा,* तेस्रो.सं, ललितपुर : साझा प्रकाशन, वि.सं. २०६१ ।

## सम्पादित सन्दर्भपुस्तक

१. अधिकारी, हेमङ्गराज (सम्पा.),*प्रयोगात्मक नेपाली शब्दकोश* , काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि, वि.सं. २०६६ ।

२. गुरुङ, प्रदीप, प्रधान, सपन(सम्पा.) , 'चौकीदार कथामा यौन मनोवैज्ञानिक पक्ष ', *हायमनदास राई किरात अभिनन्दन ग्रन्थ,* दार्जीलिङ : श्याम प्रकाशन, सन् २०१४ ।

३. पौड्याल, भूपहरि(सम्पा.), *शोध र सिर्जन सिद्धान्त*, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, वि.सं. २०६० ।

४. पौड्याल, महानन्द (प्रधान सम्पा.), *कोइराला र भिक्षुका कथामा मनोवैज्ञानिक प्रयोग : एक तुलनात्मक अध्ययन*, सन्धान, पूर्व सिक्किम : सन्धान प्रकाशन, सन् २००९ ।

५. प्रधान, कृष्णचन्द्रसिह(सम्पा.), *नेपाली शृङ्गारकालीन कविताको विकास* , साझा समालोचना, पाँचौं.सं, काठमाडौँ, साझा प्रकाशन, वि.सं.२०५८ ।

६. भावपन्थी (सम्पा.), *विश्वेश्वरप्रसाद कोइरालाको राजनीति, साहित्य र कानुनको 'त्रिगुणले मण्डित दर्शन : व्याख्याको समस्या* , आख्यानकार विश्वेश्वरप्रसाद कोइराला पुनर्पाठ, काठमाडौँ : नेपाल प्रज्ञाप्रतिष्ठान, वि.सं.२०७० ।

७. रसाइली, सतीश, मोक्तान, डी. एस.(सम्पा.), *भ्रमर उपन्यासपूर्व दार्जीलिङ्मा नेपाली उपन्यासका प्रारम्भिक चेष्टाहरू*, दियालो, दार्जीलिङ : चन्द्रकुमार राई प्रकाशन, सन् २००८।

८. सुवेदी, राजेन्द्र, गौतम, लक्ष्मणप्रसाद(सम्पा.), *लैङ्गिक समालोचना*, रत्न बृहत् नेपाली समालोचना, (सैद्धान्तिक खण्ड), काठमाडौँ : रत्न पुस्तक भण्डार, वि.सं. २०६८।

## सन्दर्भ पत्रपत्रिका

१. उपाध्याय, अञ्जन,(सम्पा.), *हाम्रो प्रजाशक्ति*, गान्तोक : अञ्जन उपाध्याय, २०१४।

२. प्रधान, कुमार,(सम्पा.) *सुनचरी*, सिलगढी : कुमार प्रधान, २००३।

३. प्रधान, कुमार र राई, एम.बी.(सम्पा.), *हिमालय दर्पण*, सिलगढी, सन्दीप कुमार चौधरी, सन् २०१२।

४. राई, मनबहादुर, (सम्पा.), *सगरमाथा*, प्रधान नगर, सिलगढी : बसुमती कर्पोरेशन लि. सन् १९९६।

## हिन्दी खण्ड

## सन्दर्भपुस्तक

१. कुमार, नरेश, *यौन-शिक्षा ओर यौन-स्वास्थ्य-शिक्षा तथा हमारी संस्कृति*, कृष्णनगर, दिल्ली : ममता प्रकाशन, सन् २०११।

२. चौधरी, गोविन्द, रूपचन्द, *कामशास्त्र ओर फ्रायड के सन्दर्भ मे हिन्दी काव्यका अनुशीलन*, इलाहवाद : रचना प्रकाशन, सन् १९७३ ।

३. मिश्र,सत्यदेव, *पाश्चात्य काव्यशास्त्र : अधुनातन सन्दर्भ* , तृतीय सं, इलाहाबाद-१ : लोकभारती प्रकाशन, सन् २००८ ।

४. शलभ, शशिभूषण, *सफल सेक्स की कुंजी,* बुराडी, दिल्ली : राजा पाकेट बुक्स, सन् २००९ ।

## अनूदित सन्दर्भपुस्तक

१. एलिस, हेव्लाक, गुप्त, मम्मनाथ (अनु.), *यौन मनोविज्ञान*, चौथो सं, दिल्ली-६, कश्मीरी गेट : राजपाल एण्ड सन्ज, सन् १९६९ ।

२. फ्रायड, सिकमन्ड, वेदालङ्कार, देवेन्द्रकुमार(अनु.), छैटौं .सं, *फ्रायड मनोविश्लेषण* , दिल्लीः राजपाल एन्ड सन्ज, ई. १९८० ।

३. ब्राउन, लुइज, शर्मा ,कल्पना(अनु *.),यौन दासियाँ एशिया का सेक्स बाजार* , तेस्रो .सं, दरियागङ्ज, नयाँ दिल्ली : वाणी प्रकाशन, सन् २०१० ।

४. युङ, कार्ल गुस्ताभ, वसावडा, अरविन्द(अनु.), *विश्लेषणात्मक मनोविज्ञान* , वाराणसी : चौखम्वा, विद्याभवन, सन् १९६३ ।

# अङ्ग्रेजी खण्ड

## सन्दर्भपुस्तक


१. Adhikari, Resraj, khatri, Balakrishna *Theoretical Perspectives on Sociology/ Anthropology,* Kathmandu: Bidyarthi Pustak vandar, 2011.

२. OSHO*, From sex to Super consciousness*, New Delhi: FULL CIRCLE Publishing, 2012.

३. Seidman, Steven, Fischer Nancy (Editors), *Introducing the New Sexuality Studies, Original essays and interviews*, USA and Canada: Routledge, 2007.

परिशिष्ट - १

## उपन्यासकार प्रेम प्रधानको उदासीन रूखहरू उपन्यासमाथि मौलिकताको प्रश्न उठाउने प्रश्नकर्ता समालोचक वीर्खबहादुर खडका डुवर्सेलीसँग लिएको उनकै हस्ताक्षरित अन्तर्वार्ता

१. उत्तर-आधुनिक मान्यताले कुनै पनि सर्जक मौलिक नभई शब्द र अर्थको संयोजन मात्र हुन्छ भन्ने मान्छन्, यसमा यहाँको विचार के छ ?

२.तपाईँले केही दिनअघि प्रेम प्रधानको ***उदासीन रूखहरू*** उपन्यासलाई मौलिकता नभएको प्रश्न उठाउनुभएको थियो, के त्यो सत्य हो ?

३.प्रेम प्रधानका प्रकाशित कृतिहरूलाई तपाईँ कसरी मूल्याङ्कन गर्नुहुन्छ ?

* उत्तर आधुनिक मान्यताले विषयको मौलिकतालाई बेग्लै राखेर मात्र शब्द र र अर्थको संयोजनलाई स्वीकार गरेको कुरो सम्पूर्ण सत्य होइन। उत्तर आधुनिकता युगसापेक्ष अवधारणा हो जसमा दर्शनशास्त्र, समाजशास्त्र अर्थशास्त्र, राजनीति शास्त्रलाई सम्मिलित गरेर कला, साहित्य, संस्कृतिप्रति उद्घोषित धारणा छ। फ्रान्सका फुको र देरिदा, जर्मनका वाल्टर बेन्जामिन, जुरगेन हेबरमास, अमेरिकी टेरी इगलटन, फेडरिक जेमसन र फिलिस्तीनी एडवर्ड सईद तथा नेपालीका डॉ गोविन्दराज भट्टराईका विचारहरूले उत्तरआधुनिकतावादी चिंतनका विभिन्न दिशा र दशा देखाउँछन्

(3) * प्रेम प्रधानको उपन्यास 'उदासीन रूखहरू'को विषयमा, केन्द्रीय हिन्दी निदेशालयको साहित्यमाला अन्तर्गत 'भारतीय उपन्यास अंतिम दशक : 1991-2000' प्रकाशित आलेखमा समीक्षा र विश्लेषण लेखेपछि – यस उपन्यासको विषय-वस्तु र प्रस्तुतीकरणशिल्प मिल्ने मलयालम वा तेलुगु उपन्यासको अनुवाद पढेपछि – कृतिमा मौलिकता न भएको होकुरा गर्दै आलेख लेखेको थिएँ। यहाँको केही कथाहरूको विषयमा पनि 'जुनचरी'मा लेख छापिएको मौलिकताको खण्डन गरेको विषयमा मेरो भनाइलाई सत्य साबित गर्ने पनि छ। केही समय लाग्न सक्छ, साबुत गर्न सक्छु।

* प्रेम प्रधानका कृतिहरू सबै पढेको छुइन, केही कृतिहरू पढ्दा कथानक अथवा विषयवस्तु अलिक अर्कै लाग्यो तर त्यस्तै कथानक भएको सिन्धी, तेलुगु र अन्य भाषाका कथा-कृति पढ्दा मौलिकतामा शङ्का लाग्ने चोरै स्वाद उपभोग गरेको छु। अझ पनि चोरै पुरस्कृत कथाकारहरूका कृतिमा साफ्ट ल्याएको आरोप लगाउँदै केही लेखका सँगालो छाप्ने निश्चय पनि गरेको छु।

बिखे खड्का डुवर्सेली 22.11.14

बिखे खड्का डुवर्सेली
आमा खड्कालय
दुर्गागढी, प्रधाननगर
दार्जिलिङ 734003
मो. 09749052857

परिशिष्ट - २

## मौलिकताको प्रश्नबारे शोधनायक प्रेम प्रधानको आफ्नै हस्ताक्षरमा स्पष्टोक्ति

१. तपाईँको उदासीन रूखमाथि उपन्यासमा मौलिकताको प्रश्न उठेको देखियो, त्यसलाई कसरी स्विकार्नुभएको छ ?

३: उपन्यास लेखनको परम्परा इतिहास भौं छैनन्, आज उपन्यास लेखन कुनै परिभाषामा घेरिएर बसेको छैन, घेरादेखि मुक्त भएर परम्परावादी लेखनलाई नै भत्काइदिएका छन्। मैले लेखेका उपन्यासहरू पारम्परिक उपन्यासभन्दा भिन्नै छ। पाठक एवं समालोचकहरूले आ-आफ्नै दृष्टिले उपन्यासहरूलाई हेरेका छन्।

मेरो मौलिकतामाथि प्रश्न गर्नेहरूका विचार स्वतन्त्र छन्, उनीहरूका आँखा, मन र अध्ययनले जे जति उपन्यासमा भेट्न सके त्यति नै तिनीहरूले बुझ्न सक्छन्। मेरो लेखनको मौलिकतामाथि प्रश्न गर्ने तिनीहरू को हुन् र! तथापि समालोचक र अध्ययनशील पाठक भने तिनीहरू कदापि होइनन्।
तर धेरै पाठक एवं समालोचकहरूले मेरा उपन्यासहरू मन पराएका छन्, प्रशंसा गरेका छन् अनि ती कृतिहरू सम्बन्धमा लेखेका छन्। आज पाठकहरूले खोजीएर ती पुस्तकहरू खोजी खोजी पढिरहेका छन् अनि ती पुस्तकहरूको माग ज्यादा भएकोले नयाँ संस्करणको निम्ति प्रकाशकहरूले तयार गरिरहेका छन्। यी उपन्यासहरू मैथिली, हिन्दी र बंगला भाषामा अनुवाद भई बजारमा आइसकेका छन्।

मेरो उपन्यासमा कुन किसिमको मौलिकता खोज्नु भएको हो? सृजनशील र अध्ययनशील पाठकहरू साथै समालोचकहरूले मात्र ती कृतिहरूको मूल्याङ्कन गर्न सक्छन् - जब कि फ्रायड, युङका सिद्धान्त नै नबुझ्ने वा अस्तित्ववादी चिन्तन नै नबुझ्ने पाठकहरूले मेरो उपन्यासहरूको कसरी मूल्याङ्कन गर्न सक्छन् र! साहित्यमा अध्ययनको अति आवश्यकता छ अनि कुनै पनि लेखकले सिर्जना गरेको कृतिमा राम्रो मौलिकता देख्छौं। मेरो भन्दा वा मेरो लेखनमाथि कसैले आरोप लगाउँछ भने तिनमा अध्ययनको कमीले गर्दा हो - उनीहरूलाई साहित्य अध्ययन गर्न सुझाउ राख्दछु।

१२।१०।२०१८

१२।१०।२०१८